श्रीमद्भगवद्गीता

संकलन एवं अनुवाद

परमहंस योगिराज आचार्य स्वामी बालकृष्णानन्द 'मुक्तबुद्ध'

श्रीमद्भगवद्गीता

रचयिता तथा संकलन एवं अनुवाद

परमहंस आचार्य योगिराज स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध"

जय गुरुदेव

प्रकाशक
चक्र
परमहंस योग सेवा
दिव्य सत्सङ्ग धाम
रामनगर, चक्र चोक ललितपुर -३
सम्पर्क :- ५५२१५०८

प्रथम संस्करण: २००० प्रति

वि.सं:२०६६ कार्तिक १४ गते

सहयोगार्थ रु :

कम्प्युटर डिजाईन तथा छपाई
टंकेश्वर प्रिन्टिङ् प्रेस,
नखिपोट
फोन नं : ९८४१३०१८३१

मन्तव्य

"योग: कार्यकौशलम्" अर्थात योगले कार्यकुशलता बढाउँछ । कार्यकुशलता कुन क्षेत्रमा आवश्यक छैन ? प्रशासक होस् या शासक , शिक्षक होस् या रक्षक , प्राविधिक होस् या आध्यात्मिक जुनसुकै विधामा पनि कौशलता अति नै आवश्यक तत्त्व हो । त्यो कौशलता भने योगबाट नै सम्भव छ र योग गीता प्रदत्त साधन हो । श्रीमद्भगवद्गीता सामान्य उपदेश मात्र नभइ यो स्वयं ब्रह्मस्फूरित ब्रह्म बाक्य योगेश्वर श्रीकृष्णको माध्यमबाट प्रकटमा आएको हो । "ओमित्येकाक्षरं ब्रह्म" अर्थात गीताका प्रत्येक अक्षर एकाक्षररूप ब्रह्म हुन् । यसका हरेक अक्षर अक्षर, शब्द शब्द मन्त्रतुल्य छन् । चिन्तन, मनन र स्मरण योग्य छन् । गीतालाई पूजाकोठामा राखेर पूजापाठ गरेर मात्र पुग्दैन, प्रवचन व्याख्ख्यान गरेर मात्र पुग्दैन र गीताका कुरा जानेर या ज्ञान गरेर मात्र पनि पुग्दैन । यसलाई हृदयमै धारण गरेर विधि व्यवहारमा लागू गर्नुपर्दछ तब मात्र गीतापाठ, गीताज्ञान प्राप्ति सार्थक हुन्छ ।

गीताज्ञानको महत्त्व र आवश्यकता हिजो जति थियो त्यो भन्दा बढि आज छ र भोली अझ बढ्नेछ । नैतिकता र ईमान्दारिताले ओरालो लागेको आजको समयमा गीताज्ञानको महत्त्व अझ बढ्न गएको छ । यदि गीताज्ञानलाई जस्ताको तस्तै व्यवहारमा लागू गर्ने हो भने समाजमा विकृति, अन्याय, अत्याचार र बलत्कार जस्ता प्रवृत्ति बढ्ने थिएनन्, मान्छे मान्छेसँग डराउनु पर्ने थिएन । सभ्यता र आधुनिकताको नाममा मनुष्यले आज मनुष्यत्व गुमाउने थिएन, मानव मर्यादाको सीमा नाघ्ने थिएन । आज मानवजातिमा भय, त्रास, अशान्ति र तनाव व्याप्त छ । काम, क्रोध र हिंसाले स्थिति

भयावह छ । यस्तो स्थितिलाई शीतलता प्रदान गर्ने एकमात्र उपाय भनेको योग हो र योग गीताबाट सम्भव छ । गीताज्ञान व्यक्ति व्यक्तिलाई आवश्यक छ, घर घरमा गीताको पुस्तक हुन नितान्त जरूरी छ । यहि कुरालाई हृदयंगम गरि संस्कृत श्लोक सहितको नेपाली भाषामा अनुवादित गीताको अभाव महशुस भईरहेको आजको परिप्रेक्षमा मैले श्रीमद्‌भगवद्‌गीतालाई नेपाली सरल भाषामा अनुवाद गरि प्रकाशनमा ल्याएको छु । यसै पुस्तकमा मैले रचना गरेको गुरूमण्डल भजन र सच्चिदानन्द भजन पनि समावेश गर्न सान्दर्भिक ठानेका छु ।

गुरूमण्डल भजन भजन मात्र नभई प्रत्येक शव्द-शव्द मन्त्रमय रहेको एक अद्वितीय गुरूस्तोत्र समेत भएको हुँदा प्रत्येक दिन नित्त्यकर्मको समयमा यो स्तोत्रको विशुद्ध प्रार्थनाले मात्र पनि ईश्वरीय कृपा प्राप्त गर्न सकिने हुँदा प्रत्येक पाठक र साधकले यस तर्फ पनि विशेष ध्यान दिनु बुद्धिमानी ठहरिने छ । यसैगरि यस पुस्तकमा समावेश गरिएका "विष्णु सहस्रनाम" र "गजेन्द्र मोक्ष" स्तोत्रको नित्य प्रार्थना र पाठ पितृ उद्धारको लागि सहज र बिशेष महत्त्वपूर्ण साधनाको रूपमा रहेको छ ।

समग्रमा आत्माज्ञान एवं ब्रह्मज्ञान र पितृ उद्धारको लागि समेत ध्यानमा राखी प्रस्तुत गरिएको यस पुस्तकले सम्पूर्ण सनातनधर्म प्रेमीजनलाई यथायोग्य सहयोग पुऱ्याउने कुरामा म विश्वस्त रहेको छु ।

सम्पूर्ण पाठ, प्रार्थनाको लागि समयाभाव भएमा पनि "सच्चिदानन्द र गुरूस्तोत्र" वा "गीता" वा "विष्णु सहस्रनाम र गजेन्द्र मोक्ष" को पाठ प्रार्थना मात्रले पनि सो अनुसार प्रभू कृपा प्राप्त हुने नै छ ।

अतः घर-घरमा प्रस्तुत ग्रन्थको पाठ प्रार्थना होस् र सबैको कल्याण होस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउँछु ।

प्रकाशनको क्रममा सहयोग गर्ने सम्पूर्ण साधकवर्गलाई धन्यवाद एवं आशिर्वाद प्रदान गर्दछु ।

।। हरि ॐ शिव ।।

-स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध"

दिव्य सत्संगधाम
रामनगर, चक्रचोक, ल.पु. -३

सच्चिदानन्द भजन

सच्चिदानन्द सच्चिदानन्द सच्चिदानन्द ॐ
ॐ तत्सत ॐ तत्सत् ॐ तत्सत् ॐ

ॐ शक्ति ॐ शक्ति ॐ शक्ति ॐ
ॐ आदिशक्ति सर्वशक्ति परमशक्ति ॐ
सच्चिदानन्द .... ॐ ।१।

ॐ सत्य ॐ सत्य ॐ सत्य ॐ
परंब्रम्ह परमधाम परंपवित्र ॐ
सच्चिदानन्द .... ॐ ।२।

ॐ नित्य ॐ नित्य ॐ नित्य ॐ
परमअक्षर पूर्णब्रम्ह अविनाशी ॐ
सच्चिदानन्द .... ॐ ।३।

ॐ आत्मा ॐ आत्मा ॐ आत्मा ॐ
अलख अगम अगोचर अनामिरुप ॐ
सच्चिदानन्द .... ॐ ।४।

ॐ हंस ॐ हंस ॐ हंस ॐ
सर्वरुप सर्वव्यापक सर्वसत्य ॐ
सच्चिदानन्द .... ॐ ।५।

ॐ सोऽहं ॐ सोऽहं ॐ सोऽह ॐ
नादबिन्दु कलारुप कलातित ॐ
सच्चिदानन्द .... ॐ ।६।

ॐ नाथ ॐ नाथ ॐ नाथ ॐ
बज्रसत्व तथागत परमशिव ॐ
सच्चिदानन्द .... ॐ ।७।

ॐ हरि ॐ हरि ॐ हरि ॐ
नैरात्मा नित्यतृप्त ज्ञानमुर्ति ॐ
सच्चिदानन्द .... ॐ ।८।

ॐ राम ॐ राम ॐ राम ॐ
चैतन्यरुप सनातन पुरुषोत्तम ॐ
सच्चिदानन्द .... ॐ ।९।

ॐ कृष्ण ॐ कृष्ण ॐ कृष्ण ॐ
रसरुप रससागर रसेश्वर ॐ
सच्चिदानन्द .... ॐ ।१०।

ॐ मष्ट ॐ मष्ट ॐ मष्ट ॐ
कलाशक्ति कलातत्व कलाब्रम्ह ॐ
सच्चिदानन्द .... ॐ ।११।

ॐ रुद्र ॐ रुद्र ॐ रुद्र ॐ
महाकाल महादेव चिन्मय ॐ
सच्चिदानन्द .... ॐ ।१२।

ॐ शुद्ध ॐ शुद्ध ॐ शुद्ध ॐ
अनन्तरुप अलिप्ततत्व नित्यआत्मा ॐ
सच्चिदानन्द .... ॐ ।१३।

ॐ बुद्ध ॐ बुद्ध ॐ बुद्ध ॐ
विश्वरुप अन्तरात्मा परमात्मा ॐ
सच्चिदानन्द .... ॐ ।१४।

ॐ मुक्त ॐ मुक्त ॐ मुक्त ॐ
बोधरुप अव्यक्तात्मा निरञ्जन ॐ
सच्चिदानन्द .... ॐ ।१५।

ॐ शिव ॐ शिव ॐ शिव ॐ
निर्लेपरुप निर्विकार सर्वज्ञत्व ॐ
सच्चिदानन्द .... ॐ ।१६।

ॐ लिङ्ग ॐ लिङ्ग ॐ लिङ्ग ॐ
महालिङ्ग ईतरलिङ्ग स्वयम्भुलिङ्ग ॐ
सच्चिदानन्द .... ॐ ।१७।

ॐ ईश्वर ॐ ईश्वर ॐ ईश्वर ॐ
अव्यक्तरुप निर्विकल्प चिदानन्द ॐ
सच्चिदानन्द .... ॐ ।१८।

ॐ ब्रह्म ॐ ब्रह्म ॐ ब्रह्म ॐ
ज्योतिरुप स्वयंप्रकाश निर्वाणब्रह्म ॐ
सच्चिदानन्द .... ॐ ।१९।

ॐ पूर्ण ॐ पूर्ण ॐ पूर्ण ॐ
सर्वतत्व महाशून्य पूर्णब्रह्म ॐ
सच्चिदानन्द .... ॐ ।२०।

ॐ गुरु ॐ गुरु ॐ गुरु ॐ
गुरुनाथ गुरुतत्व गुरुब्रह्म ॐ
सच्चिदानन्द .... ॐ ।२१।

ॐ शान्ति ॐ शान्ति ॐ शान्ति ॐ
बालकृष्ण मुक्तबुद्ध सच्चिदानन्द ॐ
सच्चिदानन्द .... ॐ ।२२।

ईति श्री वालकृष्णानन्द "मुक्तबुद्ध" कृत सच्चिदानन्द भजन स्तोत्र सम्पूर्णम् !

गुरु मण्डल भजन

शिव ॐ शिव ॐ शिव ॐ शिव ॐ
गुरु ॐ गुरु ॐ गुरु ॐ गुरु ॐ

ॐ तत्सत परमेश्वर शिव ॐ शिव ॐ
ॐ तत्सत परमेश्वर गुरु ॐ गुरु ॐ

निरञ्जन निराकार शिव ॐ शिव ॐ
निरञ्जन निराकार गुरु ॐ गुरु ॐ

परमब्रह्म परमधाम शिव ॐ शिव ॐ
परमब्रह्म परमधाम गुरु ॐ गुरु ॐ

सर्वशक्ति ब्रह्मशक्ति शिव ॐ शिव ॐ
सर्वशक्ति ब्रह्मशक्ति गुरु ॐ गुरु ॐ

हिरण्यगर्भ तथागत शिव ॐ शिव ॐ
हिरण्यगर्भ तथागत गुरु ॐ गुरु ॐ

नित्यआत्मा परमात्मा शिव ॐ शिव ॐ
नित्यआत्मा परमात्मा गुरु ॐ गुरु ॐ

आत्माराम अन्तरआत्मा शिव ॐ शिव ॐ
आत्माराम अन्तरआत्मा गुरु ॐ गुरु ॐ

परमअक्षर पुरुषोत्तम शिव ॐ शिव ॐ
परमअक्षर पुरुषोत्तम गुरु ॐ गुरु ॐ

हंस सो ऽ हं स्वयंप्रकाश शिव ॐ शिव ॐ
हंस सो ऽ हं स्वयंप्रकाश गुरुॐ गुरु ॐ

परमशिव निर्वाणब्रह्म शिव ॐशिव ॐ
परमशिव निर्वाणब्रह्म गुरु ॐगुरु ॐ

महाषोडा महाशिव शिव ॐ शिव ॐ
महाषोडा महाशिव गुरुॐ गुरु ॐ

सोमनाथ आनन्दमुर्ति शिव ॐ शिव ॐ
सोमनाथ आनन्दमुर्ति गुरु ॐगुरु ॐ

महाकाल कामेश्वर शिव ॐशिव ॐ
महाकाल कामेश्वर गुरु ॐगुरु ॐ

अक्षेभ्य महाबुध्द शिव ॐशिव ॐ
अक्षेभ्य महाबुध्द गुरु ॐगुरु ॐ

ब्रह्मलिङ्ग ज्यातीलिङ्ग शिव ॐशिव ॐ
ब्रह्मलिङ्ग ज्यातीलिङ्ग गुरु ॐगुरु ॐ

ब्रज्रसत्व ज्ञानमूर्ति शिव ॐशिव ॐ
बज्रसत्व ज्ञानमूर्ति गुरु ॐगुरु ॐ

आदिशिव दक्षिण मूर्ति शिव ॐशिव ॐ
आदिशिव दक्षिण मूर्ति गुरु ॐ गुरु ॐ

ॐकारेश्वर इतरलिङ्ग शिव ॐ शिव ॐ
ॐकारेश्वर इतरलिङ्ग गुरु ॐ गुरु ॐ

परनाथ विंश्वनाथ शिव ॐ शिव ॐ
परनाथ विश्वनाथ गुरु ॐ गुरु ॐ

शब्दब्रह्म चिदाकाश शिव ॐ शिव ॐ
शब्दब्रह्म चिदाकाश गुरु ॐ गुरु ॐ

ईशानरुप सदाशिव शिव ॐ शिव ॐ
ईशानरुप सदाशिव गुरु ॐ गुरु ॐ

महाजीव महाईश्वर शिव ॐ शिव ॐ
महाजीव महाईश्वर गुरु ॐ गुरु ॐ

दाह्रेमष्ट बामदेव शिव ॐ शिव ॐ
दाह्रेमष्ट बामदेव गुरु ॐ गुरु ॐ

पशुपति महालिङ्ग शिव ॐ शिव ॐ
पशुपति महालिङ्ग गुरु ॐ गुरु ॐ

आदिनाथ महारुद्र शिव ॐ शिव ॐ
आदिनाथ महारुद्र गुरु ॐ गुरु ॐ

मृत्यञ्जय महादेव शिव ॐ शिव ॐ
मृत्यञ्जय महादेव गुरु ॐ गुरु ॐ

वीरभद्र सर्वेश्वर शिव ॐ शिव ॐ
वीरभद्र सर्वेश्वर गुरु ॐ गुरु ॐ

महाविष्णु सद्योजात शिव ॐ शिव ॐ
महाविष्णु सद्योजात गुरु ॐ गुरु ॐ

दत्तात्रेय रामकृष्ण शिव ॐ शिव ॐ
दत्तात्रेय रामकृष्ण गुरु ॐ गुरु ॐ

महाब्रह्म तत्पुरुष शिव ॐ शिव ॐ
महाब्रह्म तत्पुरुष गुरु ॐ गुरु ॐ

सूर्यदेव गणपति शिव ॐ शिव ॐ
सूर्यदेव गणपति गुरु ॐ गुरु ॐ
सद्गुरु परमगुरु शिव ॐ शिव ॐ
सद्गुरु परमगुरु गुरु ॐ गुरु ॐ

धर्मगुरु नारायण शिव ॐ शिव ॐ
धर्मगुरु नारायण गुरु ॐ गुरु ॐ

परमहंस योगिराज शिव ॐ शिव ॐ
परमहंस योगिराज गुरु ॐ गुरु ॐ

मुक्तबुद्ध बालकृष्ण शिव ॐ शिव ॐ
मुक्तबुद्ध बालकृष्ण गुरु ॐ गुरु ॐ

ईति श्री बालकृष्णानन्द "मुक्तबुद्ध" कृत गुरु मण्डल भजन स्तोत्र सम्पूर्णम् ।

॥ॐ श्रीपरमात्मने नमः ॥

अथ श्रीमद्भगवत्गीतामहात्म्यम्

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान ।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ॥१॥
गीताध्ययनशीलस्य प्राणायामपरस्य च ।
नैव शान्ति हि पापानि पूर्वजन्मकृतानि च ॥२॥
मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।
सकृद्गीताम्भसि स्नानं संसारमलनाशनम् ॥३॥
गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृता ॥४॥
भरतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिः सृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥५॥
सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥६॥

एकं शास्त्रं देवकीपुत्रगीतामेको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा ॥

करन्यास

ॐ अस्य श्रीभगवद्गीतामालामंत्रस्य श्रीभगवान् वेदव्यास ऋषिः । अनुष्टुप्छन्दः । श्रीकृष्णः परमात्मा देवता । अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे इति बीजम् ॥ सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रजेतिशक्तिः ॥ अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि माशुच इति कीलकम् । नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इत्यङ्गुष्ठाभ्यां नमः ॥ न चैनं क्लेदयन्त्यापोनशोषयतिमारुतइति- तर्जनीभ्यां नमः ॥ अच्छेद्योऽयमदाह्योऽयमक्लेद्यो शोष्य एव चेति मध्यमाभ्यां नमः ॥ नित्यं सर्वगतः स्थाणु रचलोऽयं सनातन इत्यनामिकाभ्यां नमः ॥ पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्रश इति कनिष्ठकाभ्यां नमः । नानाविधानि दिव्यानि नानावर्णाकृतीनि चेति करतलकरपृष्ठाभ्यां नमः ।

॥ इति करन्यासः ॥

हृदयादिन्यासः

नैनं छिन्दन्ति शास्त्राणि नैनं दहति पावक इति हृदयाय नमः ॥ न चैनं क्लेदयन्त्यापो नशोषयतिमारुत इतिशिरसे स्वाहा ॥ अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव चेति शिखायै वषट् ॥ नित्यं सर्वगतःस्थाणु रचलोऽयं सनातन इति कवचाय हुम् ॥ पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्त्रश इति नेत्रत्रयाय वौषट् ॥ नानाविधानि दिव्यानि नानवर्णाकृतीनि चेति अस्त्राय फट् ॥

॥ इति न्यासं कृत्वा ॥

ध्यानम्

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितांपुराणमुनिनामध्ये महाभारते ।
अद्वैतामृतवर्षिणींभगवतीमष्टादशाध्ययिनी-
मंबत्वामनुसंदधामिभगवद्गातेभवद्वेषिणीम् ॥१॥

नमोऽस्तु ते व्यास विशालबुद्धे फुल्लारविन्दायतपत्रनेत्र ।
येन त्वया भारत तैलपूर्णः प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥२॥

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सःसुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥३॥

प्रपन्नपारिजाताय तोत्त्रवेत्रैकपाणये ।
ज्ञानमुद्राय कृष्णाय गीताऽमृतदुहे नमः ॥४॥

वासुदेव सुतं देवं कंसचाणूरमर्दनम् ।
देवकीपरमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥५॥

भीष्मद्रोणतटाजयद्रथजलागान्धारनीलोत्पला
शल्यग्राहवती कृपेण वहनी कर्णेन बेलाकुला ।
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी
सोत्तीर्णाखलुपाण्डवैरणनदीकैवर्तकःकेशवः ॥६॥

पराशर्यवचः सरोजममलं गीतार्थगन्धोत्कटं
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम् ।
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा
भूयाद्भारतपंकजंकलिमलप्रध्वंसिनः श्रेयसे ॥७॥
मूकं करोति वाचालं पंगुं लंघयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥८॥

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं ।
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ॥
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्य ।
वन्दे विष्णु भवभयहरं सर्वलोकैकनाथम् ॥९॥

यं ब्रह्मावरुणेन्द्ररुद्रमरुतःस्तुन्वन्ति दिव्यैस्तवै-
वेदैःसाङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं
योगिनोयस्यान्तंनविदुःसुरासुरगणादेवायतस्मैनमः ॥१०॥

ॐ

परमात्मने नमः

श्रीमद्भगवद्गीता

प्रथमो अध्यायः

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय॥१॥

भा.टी.-सञ्जयसँग धृतराष्ट्र सोद्धछन् हे सञ्जय ! धर्मभूमि कुरुक्षेत्रमा जम्मा भएर युद्धको ईच्छा गर्ने भएका मेरा र पाण्डुका पुत्रहरुले के गरे ?

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥

भा.टी.-महाराज धृतराष्ट्रका यस्ता वचन सुनेर सञ्जय विन्ति गर्छन् कि हे महाराज ! त्यसबेला राजा दुर्योधनले व्यूह रचना गरेका पाण्डवका सेनालाई देखेर आफ्ना गुरु द्रोणाचार्यका पासमा गएर यो वचन भन्दा भए ।

पश्यैतां. पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

भा.टी.-हे आचार्य ! हे गुरु ! तपाईका बुद्धिमान् शिष्य द्रुपदका छोरा धृष्टद्युम्नले रचेको व्यूह अर्थात् खडा गराएका ति पाण्डवका बडा भारी सेनासमूहलाई हेर्नुहवस् ।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

भा.टी.-फेरी यी सेनाका बीचमा बडा बडा धनुषधारी युद्ध गर्न आएका भीमसेन र अर्जुनसमान लडाईमा धेरै शूरवीरहरु उपस्थित भएका छन् (जस्तै सात्यकी , विराट र महारथी राजा द्रुपद भए) ।

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ।
पुरुजित्कुन्तिभोजश्च शैव्यश्च नरपुङ्गवः ॥५॥

भा.टी.-फेरी धृष्टकेतु भए , चेकितान भए , बलवान् काशिराज भये, पुरुजित् , कुन्तिभोज , मनुष्यमा श्रेष्ठ भएका शैव्य यी सम्पूर्ण राजाहरु अत्यन्तै बलवान् छन् ।

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

भा.टी.-अनि फेरि त्यस्तै पराकमी युधामन्यु र बलवान् उत्तमौजा सौभद्र(सुभद्रका छोरा अभिमन्यु) र द्रोपदीका पाँचै पुत्र यी सम्पूर्ण वीरहरु महारथी छन् ।

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ।
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥

भा.टी.-हे ब्राह्मणमा श्रेष्ठ ! हे गुरु ! हामीतर्फ पनि जो २ बलवान् बीरहरु छन् , ति सबै तपाईले सम्भनु होस् । तपाईलाई जनाउन मेरा सेनापति बीरहरु जो जो छन् तिनको नाम पनि भन्छु ।

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥

भा.टी.-तपाई अनि पितामह भीष्म र कर्ण फेरि संग्राम विजयी कृपाचार्य उस्तै वीर अश्वत्थामा, विकर्ण र सोमदत्तका छोरा (भूरिश्रवा) ।

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

भा.टी.-फेरी अरु पनि धेरैनै शुरवीर अनेक प्रकारका शस्त्र अस्त्रादिले युक्त भएर मेरा निमित्त आफ्ना जीवनको आशा नै छोडेका सबै जना युद्ध गर्नमा अत्यन्त सिपालु छन् ।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

भा.टी.-भीष्मपितामहले रक्षा गरिएका हाम्रा ति सेनासमूह असंख्य छन् । अरु भीमद्वारा रक्षित उनिहरुका सेना अत्यन्त थोरै छन् ।

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

भा.टी.-तपाईहरुले सबैजना जम्मा भै लडाईका स्थानमा उभिएर (आफ्ना आफ्ना जग्गामा स्थिर रहेर) अवश्य पनि भीष्मपितामहलाई सर्व प्रकारबाट रक्षा गर्नुपर्छ ।

तस्य संजनयन् हर्ष कुरुवृद्धः पितामहः ।
सिंहनादं विनद्योच्चैः शंङ्खं दध्मौप्रतापवान् ॥१२॥

भा.टी.- यस्ता प्रकारसँग द्रोणाचार्यलाई भन्ने भएका दुर्योधनका वचन सुनेर कौरव कूलमा वृद्ध र अत्यन्त प्रतापी पितामह भीष्मले ति राजा दुर्योधनको हृदयलाई हर्ष गराएर उच्च स्वर गरी सिंहनदका समान अर्थात सिंह गर्जे झैं गर्जना गरेर शङ्ख बजाए ।

ततः शङ्खाश्च भेर्यश्च पाणवानकगोमुखाः ।
सहसैवाभ्यहन्यन्तसशब्दस्तुमुलोऽभवत् ॥१३॥

भा.टी.-त्यहाँ उपरान्त शङ्ख , नगरा , ढोल ,मृदङ्ग र नरसिंहादि अनेक प्रकारका बाजाहरु एकै साथ बज्दा भए । ति बाजाहरुको त्यहाँ अत्यन्त भयङ्कर शब्द भयो ।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥

भा.टी.- यस उपरान्त सेता रङ्ग भएका घोडाहरुले युक्त अत्यन्त उत्तम(असल) रथमा बसेर भगवान श्रीकृष्ण र अर्जुनले पनि दिव्य(अलौकिक) शङ्ख बजाउनु भयो ।

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः ।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥

भा.टी.- उसमा भगवान् श्रीकष्णले पाञ्चजन्य नाम गरेको महाशङ्ख र अर्जुनले देवदत्त नाम गरेका महाशङ्ख बजाउनु भयो । अत्यन्त डरलाग्दो (भयानक) कर्म गर्ने भएका , भीमसेनले पौण्ड नाम गरेको महाशङ्ख बजाउनु भयो ।

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥

भा.टी.-कुन्तीपुत्र महाराज युधिष्ठिरले अनन्तविजय नाम गरेको शङ्ख फेरी नकुल सहदेवले पनि सुघोष र मणिपुष्पक नाम गरेका शङख बजाउन भयो ।

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥

भा.टी.- अत्यन्त श्रेष्ठ धनुष लिनु भएका काशिराज र महारथी शिखण्डी अनि धृष्टद्युम्न फेरि राजा विराट र अजेय(कसैले पनि जित्न नसक्ने) सात्यकि ॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक्पृथक् ॥१८॥

भा.टी.- हे राजन् ! फेरि राजा द्रुपद र द्रोपदीका पाँचै पुत्र अनि महाबाहु (बडा दुई हात भएका सुभद्राका) छोरा अभिमन्यु यी सबै जनाले बेग्ला बेग्लै शंङख बजाउनु भयो ।

स घोषो धृर्तराष्ट्राणां हृदयानि व्यदारयत् ।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥

भा.टी.- फेरि त्यो अत्यन्त भयानक शब्दले सम्पूर्ण आकाश र पृथ्वीलाई पनि शब्दायमान गराएर अनि फेरि धृतराष्ट्रका पुत्रहरुको हृदयलाई विदीर्ण (छिन्न भिन्न) गराईदिनु भयो ।

अथ व्यवस्तितान् दृष्ट्वा धार्तराष्ट्रान्कपिध्वजः ।
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषीशं तदा वाक्यमिदमाह महीपते ।

अर्जुन उवाच
सेनयोरुभयोर्मध्ये रथं स्थापयमेऽच्युत ॥२१॥

भा.टी.- हे राजन् ! त्यहाँ उप्रान्त कपिध्वज अर्जुनले सबै खडा भएका धृतराष्ट्रका छोराहरुलाई देखेर , शस्त्रास्त्र चलाउनलाई तयार हुनु भएका बेलामा धनुष उठाएर हृषीकेश श्रीकृष्णसँग यो वचन भुन्नु भयो । हे अच्युत ! हे भगवान ! मेरा रथलाई दुवै तर्फका (सेनाका) विचमा लगेर खडा गराई दिनु हवस् ।

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥

भा.टी.- जहाँसम्म म युद्धका कामना गर्ने भएका सेना समूहलाई हेर्दछु , त्यहाँसम्म मेरा रथलाई स्थिर गरेर राखिदिनुहोस् । किनभने यस युद्धरुपी व्यापारमा मैले को को सँग लडाई गर्नुपर्दछ ।

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

भा.टी.- त्यस दुर्बुद्धि दुर्योधनको युद्धमा कल्याण चाहना गर्ने त्यस सेनामा जो एकत्र हुन आएका छन् तिनलाई हेर्न चाहन्छु ।

संजय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्येस्थापयित्वारथोत्तमम् ॥२४॥
भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान्समवेतान्कुरुनिति ॥२५॥

भा.टी.- सञ्जय भन्दछन् कि हे महाराज धृतराष्ट्र ! अर्जुनले यसरी भनेको सुनेर भगवान श्रीकृष्णले दुवै तर्फका सेनाका बीचमा पितामह भीष्म, द्रोणाचार्य र सम्पूर्ण राजाहरुका अगाडि

त्यो उत्तम(अति असल) रथलाई खडा गरेर यस्तो वचन आज्ञा गर्नु भयो , हे अर्जुन ! यी जम्मा भएका कौरवहरुलाई हेर ।

तत्रापश्यत्स्थितान्पार्थः पितृनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातृन्पुत्रान्पौत्रान्सखींस्तथा
श्वशुरान् सुहृदश्चैव सेनयोरुभयोरपि ॥२६॥

भा.टी.- त्यहाँ उप्रान्त पृथापुत्र अर्जुनले ती दुवै तर्फका सेनामा उपस्थित भएका पिताका भाई(काका)हरु , पितामहहरु, आचार्यहरु, मामाहरु , भाईहरु , पुत्रहरु , नातिहरु, मित्रहरु ससुराहरु र फेरी सुहृद्हरुको उपस्थिति देख्नु भयो ।

तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ।
कृपया परयाविष्टोविषीदन्निदमब्रवीत् ॥२७॥

भा.टी.- यस्ता प्रकारसँग खडा भएका ती सम्पूर्ण बन्धुहरुलाई देखेर अत्यन्त करुणाले युक्त भएका ती कुन्तीपुत्र अर्जुनले यस्तो वचन बोल्नु भयो ।

अर्जुन उवाच

दृष्टेवमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम्
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२८-२९॥

भा.टी.- हे कृष्ण ! यस युद्धको ईच्छा गरेर खडा भएका यी मेरा स्वजन समुदायहरुलाई देखेर मेरा अंग शिथिल हुँदै जान लाग्यो

, फेरि मुख पनि सुख्तै गयो , अनि मेरो शरीर काम्न र रोमाञ्च (रौं ठाडा) पनि हुन थाल्यो ।

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

भा.टी.- फेरि मेरो हातबाट गाण्डीव धनुष पनि खसिरहेछ, अनि छाला पनि आगाले पोले झैं पोल्दछ , फेरि मेरो मन पनि भ्रमित भईरहेको छ , यसै कारण म यस बेला उभिन पनि असमर्थ भईरहेको छु ।

निमित्तानि च पश्यामि विपरीतानि केशव ।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

भा.टी.- हे केशव ! फेरि यो सबै लक्षण पनि विपरीत नै देख्दैछु , किनभने युद्धमा आफ्नै कूललाई मार्नाले कल्याण म कत्ति पनि देख्दिन ।

न काङ्क्षेविजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥

भा.टी.- फेरि हे कृष्ण ! म अहिले विजय गर्ने ईच्छा पनि गर्दिन, अरु यो राज्यको सुख ईच्छा पनि गर्दिन । हे गोविन्द ! मलाई राज्यको पनि केहि प्रयोजन छैन । अर्थात यो सम्पूर्ण भोगादिको र जीवनको पनि केहि छैन ।

येषामर्थे काङ्क्षितंनो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धेप्राणांस्त्यक्त्वा धनानि च ॥३३॥

भा.टी.- किनभने म जसका लागि राज्य , भोग र सुखादिको ईच्छा गर्दछु , तिनीहरुनै यो सबै राज्य, धन र जीवनको आशासमेत त्याग गरेर युद्धमा उपस्थित भएका छन् ।

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा
॥३४॥

भा.टी.- गुरुजन , साना बुबा , ठूला बुबा, कान्छा बुबा , भतिजा र उस्तै पितामहादि , मामा, ससुरा , नाति र नातेदारहरुनै छन् ।

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

भा.टी.- यसै कारण हे मधुसूदन ! म मारिए तापनि तीनै लोकको राज्यका लागि यी सबै मार्ने ईच्छा गर्दिन । फेरि यो पृथ्वीका लागि त कुरै के रहयो र ।

निहत्य धार्तराष्ट्रन्नः का प्रीति : स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान् हत्वैतानाततायिनः ॥३६॥

भा.टी.- हे जनार्दन ! धृतराष्ट्रका छोराहरुलाई मारेर पनि मलाई के प्रसन्नता प्राप्त हुन्छ र अर्थात् केहि पनि हुँदैन । आततायीहरुलाई मार्दामा मलाई बरु उल्टो पाप लाग्नेछ ।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

भा.टी.- यसकारण हे माधव ! यी आफ्ना बान्धव धृतराष्ट्रका छोराहरुलाई मार्न म योग्य छैन , किनभने आफ्नो दाजुभाईहरुलाई मारेर म कसरी खुसी हुँला , अवश्य पनि हुन्न ।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

भा.टी.-यद्यपि लोभले भ्रष्ट चित्त भएका यिनीहरु कूलको नाश गरेको पाप र इष्टमित्रहरुका साथ विरोध गर्नाले पनि कत्ति पाप देख्दैन ।

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

भा.टी.- हे जनार्दन ! यसकारण कूलको नाश गर्दा हुने पापलाई जान्ने भएका हामीले यस पापदेखि हट्नाका निमित्तमा नै किन विचार नगर्ने ? अर्थात् यो पापदेखि पर हट्नको लागि युक्ति गर्नु नै असल हुन्छ ।

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

भा.टी.- किनभने कूलको नाश हुनाले सनातन धर्मको नाश भएर जान्छ । धर्मको नाश हुनाले सम्पुर्ण कूललाई पापले अत्यन्त ग्रस्त गरेर दबाउने छ ।

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्कर ॥४१॥

भा.टी.- तसर्थ हे कृष्ण ! पाप धेरै बढ्न गयो भने कुलांगना(कूलका स्त्रीहरु) दोषी हुन जान्छन् । फेरी हे वार्ष्णेय ! स्त्रीहरु यदि दोषयुक्त भए भने पछि वर्णसङ्कर (जारपुत्रादि) जन्माउने हुन्छन् ।

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

भा.टी.- अनि ती कूलघाती वर्णसङ्करहरु जो छन ती कूललाई समेत नरकमा सिधै लैजानका लागिमा नै अगाडी हुन्छन् । यस्ता प्रकारले कूलको नाश गर्ने भएका पितृहरु पनि पिण्ड तर्पण समेत नपाई सीधा नर्कमा गएर पर्ने छन् ।

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्चशाश्वताः ॥४३॥

भा.टी.- फेरि यी वर्णसंकर कुलघाती बनाउनेहरु पनि यी सम्पूर्ण दोषले सनातन जातिधर्म , कुलधर्म ,आश्रमधर्म समेत सबैबाट छुट्दैनन्, यसकारण कूल नाश गर्ने युद्धबाट अलग हुनु नै मेरा विचारमा कल्याणकारक बाटो छ ।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

भा.टी.- तसर्थ हे जनार्दन ! जुन मनुष्यको कूलधर्म र जाति धर्म नष्ट भएको छ , तिनको अनन्त काल पर्यन्त घोर नर्कमा वास हुन्छ भन्ने यी कुरा मैले पुराण, इतिहास र धर्मशास्त्रादिमा सुनेको छु ।

अहो बत महत्पापं कर्तु व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

भा.टी.- अहो ! यो बडो खेदको कुरा हो कि हामीहरु बुद्धिमान भएर पनि, जो कि यो तुच्छ राज्यका लोभले आफ्ना जन बन्धु बान्धवहरुलाई मार्न तयार भएर यस्तो महापाप गर्ने उद्योग गरिसकेको छौ कि यसको फलस्वरुप त महापापदेखि अरु केही पनि हात लाग्ने छैन ।

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मेक्षेमतरंभवेत् ॥४६॥

भा.टी.- यदि मलाई शस्त्ररहित भै सामुन्ने नजाँदा पनि शस्त्रधारी धृतराष्ट्रका छोराहरुले मलाई रणमा मारेदेखि त्यहाँ मर्नु मेरा लागि त अत्यन्तै कल्याणकारक होला , किनभने मर्दामा पापको कत्ति पनि संसर्ग रहँदैन ।

संजय उवाच

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानस : ॥४७॥

भा.टी.- संजय भन्दछन् कि हे महाराज ! त्यस रणभुमिमा भगवान् श्रीकृष्णसँग यस्तो कुरा गरेर शोकले र सन्तापले अत्यन्त व्याकुल मन भएका ती अर्जुनले रणमा जित्ने आशा त्याग गरेर धनुषवाण सबै छाडी त्यहि रथका पछिल्ला भागमा गएर वस्नु भयो ।

ॐ तत्सदित्ति श्रीमदभागवद्‌गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रले श्रीकृष्णअर्जुनसंवादेऽर्जुनविषादयोगो नाम प्रथमोऽध्याय: ॥१॥



ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवद्गीता

द्वितियोऽध्यायः

संजय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

भा.टी.- सञ्जय भन्दछन् कि हे महाराज ! पूर्वोक्त प्रकारले कृपायुक्त आँशुले परिपूर्ण र व्याकुल नेत्र गराएर शोकले अत्यन्त पीडित भएका अर्जुनलाई देखी दःखबाट उद्धार गर्ने भएका भगवान् श्रीकृष्णले ब्रह्मविद्या ज्ञानको बोध गराउदा यस्ता वचन आज्ञा गर्नु भयो ।

श्रीभगवानुवच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

भा.टी.- अर्जुनलाई यस प्रकार काँतर देखेर श्रीकृष्ण आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! तिमी यस्ता कुसमयमा र यो लडाइका बीचमा तिम्रो यो अज्ञानता र काँतरपन कुन हेतुले प्राप्त भयो, किनकि यो न त श्रेष्ठ पुरुषहरुले आचरण गरेका छन् , न त यसले स्वर्ग पाईन्छ, न कृति फैलिन्छ , अर्थात् केहि पनि हुँदैन । फेरि अर्जुन भन्ने पृथ्वीमा प्रसिद्ध नाम छ । त्यस्ता वीर पुरुषलाई पनि यस्तो मोह प्राप्त हुनु यो बडो आश्चार्यको कुरा हो ।

क्लैब्यं मा स्मगमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥३॥

भा.टी.- अर्जुनलाई भगवान फेरि पनि आज्ञा गर्नु हुन्छ कि हे अर्जुन ! यसैकारण यो नपुंसकता नबोलाउ । यो तिम्रो योग्यता होइन । हे परंतप ! यो तुच्छ हृदयको दुर्बलतालाई छोडेर युद्ध गर्नका निमित्त उठ । धैर्य धारण गरेर समर्थको काम गर । कुन्तिपुत्र भन्नाले मातृभाव कन्यामा र पितृभाव पुत्रमा हुन्छ । विचार राख तिमीले अगि पनि युद्धमा धेरैचोटि जिती सकेका छौ ।

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ॥४॥

भा.टी.- यस्ता प्रकारले सम्झाईएका अर्जुन शोकले पीडित भै श्रीकृष्णसँग यो भन्नु भयो कि हे मधुसूदन ! त्यो रणभूमिमा पूजा गर्नमा योग्य भएका भीष्मपितामह र द्रोणाचार्य हुनुहुन्छ । म उनीहरुलाई कस्तो प्रकारले वाणहरुको वर्षा गरौं , किनभने हे अरिसूदन ! जसलाई वचन मात्र पनि बोल्न सकिदैन ।

गुरुनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गरुनिहैव
भञ्जीय भोगान्रुधिरप्रदिग्धान् ॥५॥

भा.टी.- अर्जुन भन्दछन् कि यसै कारणले हाम्रा र दुर्योधनका लडाइमा महानुभाव गुरुहरुलाई नमार्दामा मलाई राज्यादिको सुख मिल्दैन भने नमिलोस् अर्थात् यो सबै झंझट छोडेर मलाई यो लोकमा भिक्षाटन गरेर त्यै अन्नादिका भोगले जीवन वृत्तिगर्नमा नै अत्यन्त कल्याण सम्झन्छु । किनभने गुरुहरुलाई मारेर पनि यो लोकमा उनका रगतले मुछिएको यो तुच्छ राज्यसुख मलाई चाहिदैन , किनकी अर्थ र कामरुप भोगलाईनै यहाँ पनि भोगौला, यसैले परलोक र यो लोक दुबैमा दुःख र दुर्यश हुनेछ । यो तुच्छ सुखका निमित्त यत्रो महान युक्ति मार्गलाई कसले छोड्न सक्दछ ।

न चैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

भा.टी.- फेरि हामीहरु यो पनि जान्दैनौ कि हाम्रा लागि के गर्न असल हुन्छ । अनि फेरि यो पनि जान्दैनौ कि हामीहरु जित्छौं कि उनीहरु जित्छन् । फेरि जसलाई मारेर हामीहरु बाँच्न पनि चाहदैंनौ । तिनै धृतराष्ट्रका छोराहरु हाम्रा सामुन्ने युद्ध गर्नका लागि उभिरहेका छन् ।

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसंमूढाचेताः ।
यच्छ्रेयः स्यन्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधिमां त्वां प्रपन्नम्॥७॥

भा.टी.- यसै कारणले काँतरता रुप दोषले भरिएको स्वभाववला र धर्म विषयमा मोहित चित्त भएको म हजुरलाई यो प्रश्न गर्छु कि

जुन निश्चय गरिएको कल्याण कारक साधन छ त्यो मेरा लागि भन्नुहोस् । किनभने म हजुरको शिष्य हूँ, यसैकारण हजुरका शरणागत भएको मलाई शिक्षा दिनुहोस् ।

न हि प्रपश्यामि ममापनुद्या-
द्यच्छोकमुच्छोषणामिन्द्रियाणाम् ।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यां सुराणामपि चधिपत्यम् ॥८॥

भा.टी.- किनकि पृथ्वीमा निष्कण्टक धनधान्यादिले सम्पन्न राज्यको र देवताहरुको स्वामित्व नै प्राप्त भएर पनि म त्यो उपाय देख्दिन , जसले कि यी मेरा इन्द्रियहरुलाई सुकाउने भएको शोकलाई हटाउन सकियोस् ।

संजय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परंतप ।
नयोत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभुवह ॥९॥

भा.टी.-संजय भन्छन् हे राजन ! निन्द्रालाई जित्ने भएका अर्जुनले अन्तर्यामी श्रीकृष्ण भगवानका सामुन्ने यसरी भनेर फेरि भगवान गोविन्दलाई म युद्ध गर्दिन यस्तो स्पष्टसँग भनि चुपचाप भएर बस्नु भयो ।

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

भा.टी.- त्यहाँ उप्रान्त हे भरतवंशी महाराज धृतराष्ट्र ! अन्तर्यामी भगवान श्रीकृष्ण महाराजले दुवै तर्फका सेनाहरुका बीचमा ती शोकले अत्यन्त पीडित भएका अर्जुनलाई मन्द मन्द हाँसेर यो वचन भन्नु भयो ।

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः॥११

भा.टी.- श्री कृष्ण भगवान भन्नुहुन्छ हे अर्जुन ! तिमी शोक गर्न अयोग्य मनुष्यहरुका लागि शोक गरिरहेका छौ । पण्डितहरुले यो बचन भन्दछन् , तर पण्डितजनहरु जसको प्राण निस्केर गयो , अरु फेरि जसको प्राण निस्केर गएको छैन , पण्डितहरु उसको पनि शोक गर्दैनन् ।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः।
न चैव न भविष्यामःसर्वेवयमतःपरम् ॥१२॥

भा.टी.- किनभने आत्मा नित्य छ , यस निमित्त शोक गर्नु व्यर्थ नै छ । वास्तवमा न त यस्तै म कोई कालमा थिएँ , अर्थात तिमी पनि थिएनौ , फेरि यी राजाहरु पनि थिएनन् , फेरि न यस्तै प्रकार अगाडि हामीहरु सधैं रहने छौं ।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्प्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

भा.टी.- तर जस्तै जीवात्माको यस देहमा कुमार, युवा र वृद्ध अवस्था हुन्छ , उस्तै प्रकारले अन्य शरीर प्राप्त हुन्छ । त्यस विषयमा धीर पुरुषहरु मोहित हुदैंनन् अर्थात जसरी कुमार, युवां,

र अनि जरा अवस्था रुप स्थूल शरीरका विकार अज्ञानले आत्मामा देखिन्छ उस्तै प्रकारले एक शरीरदेखि अर्को शरीर प्राप्त हुने रुप सूक्ष्म शरीरको विकार पनि अज्ञानले नै आत्मामा भान हुन्छ । यसै निमित्त तत्वलाई जानेका धीर पुरुषहरु यस विषयमा कति पनि मोहित हुँदैनन् ।

मात्रास्पर्शास्तु कौन्तेयशीतोष्णसुखदुः खदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितीक्षस्व भारत ॥१४॥

भा.टी.- हे कुन्तिपुत्र अर्जुन ! जाडो गर्मी र सुख दुःखादि दिनेवाला इन्द्रिय र विषयहरुको संयोग त क्षणभंगुर र अनित्य छन् । यस कारणले हे भरतवंशी अर्जुन ! तिनलाई तिमी सहन गर ।

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृत्वायकल्पते ॥१५॥

भा.टी.- हे पुरुष श्रेष्ठ ! किन भने सुखदुःखलाई समान सम्झने वाला जुन धीर पुरुषलाई यो इन्द्रियहरुका विषयले व्याकुल गर्न सक्दैनन् , ती मोक्षकालागि योग्य हुन्छन् ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्वदर्शिभिः ॥१६॥

भा.टी.- फेरि हे अर्जुन ! असत् वस्तुको त अस्तित्वनै हुदैन , अनि फेरि सत्को अभाव पनि हुदैन , यस्ता प्रकारले यी दुबैको अन्त तत्वज्ञानी पुरुषहरुद्वारा देखिएको छ ।

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

भा.टी.- यसै न्यायका अनुसार नाश रहित त उसैलाई जान्नु , जसदेखि सम्पूर्ण चराचर जगत व्यापक रहेको छ । किनभने यस अविनाशीलाई विनाश गर्नमा कसैको पनि सामर्थ्य छैन ।

अन्तवन्त इमे देहा नित्यस्योक्तः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

भा.टी.- अनि फेरि यस नाश रहित अनन्त नित्य स्वरुप (सधै एकनाश रहिरहने) जीवात्माको यो सब शरीर नाशवान् भनिएको छ । यसको निमित्त हे भरतवंशी अर्जुन तिमी युद्ध गर ।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

भा.टी.- फेरि जो यो आत्मालाई मार्नेवाला सम्झन्छ अनि जो यसलाई मरेको भनेर मान्दछ , ती दुबै नै जान्दैनन् , यो आत्मालाई न कसैले मार्दछ न फेरि कसैदेखि मारिन्छ।

न जायते म्रियते वा कदाचिन्
नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥२०

भा.टी.- यो आत्मा कुनै कालमा पनि न जन्मन्छ न त फेरि मर्दछ नै अर्थात यो आत्मारुप भएर रहनेवाला हो , किनभने यो

अजन्मा नित्य शाश्वत र पुरातन हो , शरीरको नाश भएर जाँदा पनि यो आत्माको नाश हुँदैन ।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथ स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

भा.टी.- हे पृथापुत्र अर्जुन ! जो पुरुषले यो आत्मालाई नाश रहित नित्य अजन्मा (अविनाशी अर्थात कहिले नाश नहुने) जान्दछ , त्यो पुरुषले कसरी कसलाई मराउँदछ फेरि कस्ता प्रकारले कसलाई मार्दछ ।

वसांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा
न्यन्यानि संयाति नवानि देही ॥२२॥

भा.टी.- फेरि यदि तिमीले यो भनौला कि म त शरीर वियोगको शोक गर्दछु , तर त्यो पनि उचित छैन । किनभने जसरी मनुष्यहरु पुराना वस्त्रलाई फालेर दोस्रो नयाँ वस्त्र फेर्दछन् , उस्तै प्रकारसँग जीवात्मा पनि पुराना शरीरलाई त्यागेर अरु नयाँ शरीरको ग्रहण गर्दछ अर्थात नयाँ शरीरमा प्राप्त हुन्छ ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥

भा.टी.- हे अर्जुन ! यो आत्मा कस्तो बलवान् छ भने हतियारले पनि काट्न सक्दैन , फेरि यो आत्मालाई आगोले पोल्न पनि

सक्दैन , पानीले बगाउन पनि सक्दैन , वायुले सुकाउन पनि सक्दैन ।

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयंसनातनः ॥२४॥

भा.टी.- किनभने यो आत्मा अच्छेय छ । फेरि यो आत्मा अदाह्य, अक्लेद्य, अशोष्य पनि छ । फेरि यो आत्मा निःसन्देह नित्य र सर्वव्यापक अचल स्थिर रहने र फेरि सर्व सनातन पनि छ ।

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

भा.टी.- फेरि यो आत्मा अव्यक्त अर्थात ईन्द्रियहरुको अविषय र फेरि यो आत्मा अचिन्त्य (मनले चिन्तन गरेर नसकिने) अनि फेरि यो आत्मा विकार रहित अर्थात नबदलिने भनिएको छ । यसकारणले गर्दा हे अर्जुन ! यस आत्मालाई यस्तो जानेर तिमी शोक गर्नमा योग्य छैनौ अर्थात तिमीले शोक गर्नु उचित हुदैन ।

अथ चैनं नित्यजातं नित्य वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

भा.टी.- फेरि यदि तिमी यसलाई सदा जन्मने र फेरि मर्नेवाला भन्ने मान्दछौ भनेपनि त हे महाबाहो ! हे अर्जुन ! यस प्रकारको शोक गर्नलाई कदाचित् पनि योग्य छैनौ ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

भा.टी.- किनभने यस्तो हुनाले नै जन्मनेको निश्चय मृत्यु र फेरि मर्नेको जन्म हुनु निश्चयै सिद्ध भयो । यस निमित्त पनि तिमी यो बिना उपायवाला विषयमा शोक गर्नलाई कत्ति पनि योग्य छैनौ ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिवेदना ॥२८॥

भा.टी.- फेरि यी भीष्मपितामहादिको शरीर पनि मायामय हुनाले अनित्य छ , यसले शरीरहरुका लागि पनि शोक गर्नु उचित होइन, किनभने हे अर्जुन ! सम्पूर्ण प्राणीहरु जन्मनु भन्दा पहिला बिना शरीरका थिए । फेरि मरेपछि पनि बिना शरीरका नै हुन्छन् । खाली बीचमा मात्रै शरीरवाला प्रतित हुन्छन् । फेरि त्यस विषयमा के चिन्ता ।

आश्चर्यवत् पश्यति कश्चिदेन
मश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः श्रृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

भा.टी.- फेरि हे अर्जुन ! यो आत्मतत्व सारै गहन छ । यस निमित्त कोही एक महापुरुषहरुले यो आत्मालाई आश्चर्य जस्तो देख्दछन् । फेरि त्यस्तै प्रकारले दोस्रा कोही (महापुरुष) ले आश्चर्य जस्तो (यो तत्वलाई) भन्दछन् , फेरि दोस्रा कोही कोही यो आत्मालाई आश्चर्य जस्तै सुन्दछन् , फेरि कोही कोही त सुनेर पनि यो आत्मालाई जान्दैनन् ।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

भा.टी.- हे अर्जुन ! यो आत्मा सबैका शरीरमा सदा सर्वदा नै अवध्य (जस्को बध गरेर गरि नसक्नु) छ , यस निमित्त सम्पूर्ण भूतप्राणीहरुका लागी तिमी शोक गर्न योग्य छैनौ ।

स्वधर्ममपि चावेक्ष्य न विकपितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

भा.टी.- फेरि आफ्नो धर्मलाई देखेर पनि तिमीले डराउनु योग्य छैन । किन भने धर्मयुक्त युद्धदेखि बढेर दोस्रो केही पनि कल्याणकारक कर्तव्य क्षेत्रीयहरुका लागि अरु हुँदैन ।

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

भा.टी.- हे पार्थ ! आफैंआफ प्राप्त भएर खुलेको स्वर्गको द्वार स्वरुप यस प्रकारका युद्धलाई त केवल भाग्यशाली क्षेत्रीयहरु मात्र पाउँछन् , अरुले कदापि पनि पाउन सक्दैनन् ।

ऋथ चेत्वमिमं धर्म्य संग्रामं न करिष्यसि ।
ततः स्वधर्म कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

भा.टी.- अब पनि तिमीले यस धर्मयुक्त संग्रामलाई गरेनौ भने त आफ्ना स्वधर्म कर्तव्य र आफ्ना अक्षय कीर्तिलाई समेत हराएर पापमा प्राप्त हुनेछौ ।

अकीर्तिं चापि भूतानिकथयिष्यन्तितेऽव्ययाम् ।
सम्भानितस्य चाकीर्तिर्मरणादतिरिच्यते ॥ ३४॥

भा.टी.- फेरि पछि सबै जनाले तिम्रो धेरे कालपर्यन्त रहने भएको अक्षय कीर्तिलाई पनि अपकीर्ति बनाएर कथन गर्ने छन्, त्यो महान अपकीर्ति माननीय पुरुषहरुका निमित्त मरण भन्दा पनि अधिमतर (धेरै) नराम्रो हुन्छ ।

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भून्वा यास्यसि लाघवम् ॥३५॥

भा.टी.- अनि फेरि जसको तिमी अत्यन्त माननीय भएर पनि फेरि यो तुच्छतामा प्राप्त हुन लाग्यौ भने त ती सबै महारथीहरुले तिमी डराएर युद्ध देखि उपराम(विमुख) भयो भन्ने सम्झने छन् ।

अवाच्यवादांश्च बहून् वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्य ततो दुःखतरं नु किम् ॥३६॥

भा.टी.- फेरि तिम्रा शत्रुहरु तिम्रा सामर्थ्यको निन्दा गर्दा र विभिन्न किसिमको वचन भन्ने छन् । फेरि त्यो भन्दा ठूलो दुःख अरु के हुन सक्दछ ।

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ट कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

भा.टी.- यस निमित्त युद्ध गर्नलाई सब प्रकारबाट राम्रो छ , किनभने या त मरेर स्वर्गमा प्राप्त हुन्छ , अथवा जितेर पृथ्वीको भोग भोगिन्छ , त्यसकारणले गर्दा हे अर्जुन ! युद्ध गर्नाका निमित्त निश्चयवाला भएर उठ , खडा होऊ ।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

भा.टी.- यदि तिमीलाई स्वर्गको र राज्यको पनि ईच्छा छैन भने सुख दुःख लाभ हानि र जय पराजयलाई एकै सम्झिएर उसका उप्रान्त युद्ध गर्नमा निमित्त तैयार होऊ । यस प्रकारबाट युद्ध गर्नाले तिमी पापमा प्राप्त हुदैनौ ,अर्थात तिमीलाई पाप लाग्दैन ।

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां श्रृणु ।
बुद्धाचा युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥

भा.टी.- हे पार्थ ! यो बुद्धि तिम्रा लागि ज्ञानयोगका विषयमा भनियो यसको यो निष्काम कर्मयोगका विषयमा सुन, जस बुद्धिले युक्त भएका तिमी कर्मका बन्धनलाई राम्रो प्रकारसँग नाश गरौला ।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य भर्मस्य त्रायते महतो भयात् ॥४०॥

भा.टी.- फेरि यस निष्काम कर्मयोगमा आरम्भको अर्थात वीजको नाश हुँदैन र उल्टो फलस्वरुप दोष पनि हुँदैन । यसकारण यो निष्काम कर्मयोगरुपी धर्मको अलिकति पनि

साधन अर्थात जन्ममृत्युरुपी महान् भयदेखि उद्धार गरिनेछ ।

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

भा.टी.- फेरि हे अर्जुन ! यस कल्याणमार्गमा निश्चयात्मक बुद्धि एउटै मात्र छ, तर फेरि अज्ञानी अर्थात सकामी पुरुषहरुको बुद्धि त धेरै प्रकारका भेदले भरिएका अनन्त प्रकारका हुन्छन् ।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

भा.टी.- फेरि हे अर्जुन ! सकामी पुरुषहरु केवल फल श्रुतिमा प्रीति राख्नेवाला यसदेखि बढेर फेरि केहि पनि छैन भनेर यस्तो भन्ने ती अविवेकी जनहरु जन्मरुपी कर्मफललाई दिनेवाला र फेरि भोग र ऐश्वर्यका प्राप्तिका लागी बहुतै क्रियाहरुको विस्तारवाला यस प्रकारको जस्तो देखावटी शोभायमान वाणी लाई भन्दछन् ।

भोगैश्वर्यप्रसक्तानां नयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

भा.टी.-त्यस वाणीद्धारा चित्त हरिएका छँदा फेरि भोग र एश्वर्यमा आसक्तवाला अन्तःकरणमा निश्चयात्मक बुद्धि कसै गरेर पनि हुन सक्दैन ।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

भा.टी.- अरु हे अर्जुन ! सबै वेद तीनै गुणको कार्यरुपी संसारको विषय गर्ने भएका अर्थात प्रकाशगर्नेवाला हुन् (यस निमित्त) पनि असंसारी अर्थात निष्कामी र सुखदु:खादि द्वन्ददेखि रहित नित्य वस्तुमा स्थित अर्थात योग , क्षेमालाई न चाहनेवाला र फेरि आत्मा परायण होऊ ।

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

भा.टी.- किनभने (मनुष्यहरुको) सब तरह परिपूर्ण प्रकारबाट जलाशय प्राप्त(मिलेर) भएर फेरि साना जलमा जति प्रायोजन रहन्छ , राम्रा तरह संग ब्रह्मलाई जान्ने भएका ब्राह्मण पनि वेदमा उति नै प्रयोजन रहन्छ । अर्थात जस्तै ठूलो जलाशय, पोखरी, समुद्रमा प्राप्त भई सकेपछि साना जलाशय अर्थात साना कुवा खोलाहरुको आवश्यक हुँदैन उस्तै प्रकारले ब्रह्म प्राप्त भईसकेपछि आनन्दका लागि वेदादिको आवश्यकता रहँदैन ॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

भा.टी.- यसले तिम्रो कर्म गर्ने मात्रामा नै अधिकार हुन्छ । फलमा कहिले पनि रहँदैन । फेरि तिमी कर्म फलको वसनावाला पनि नहोऊ । तिम्रो कर्मगर्नमा नगर्नमा पनि प्रीति हुनेछैन ।

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्धयसिद्धयोः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

भा.टी.- हे धनञ्जय ! आसक्तिलाई छोडेर फेरि सिद्धि र असिद्धिमा पनि समान बुद्धिवाला भएर योगमा स्थित भई अर्थात बसी कर्म गर । यो समत्व भाव नै योगका नामले नै भनिन्छ ।

दुरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

भा.टी.- यस समत्व स्वरुप बुद्धियोग देखि सकाम कर्म अत्यन्त तुच्छ छ , यस निमित्त हे अर्जुन ! समत्व वुद्धियोगको आश्रय ग्रहण गर , किभने फलको इच्छा गर्नेवाला अत्यन्तै दुःखी हो ।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

भा.टी.- फेरि समत्व बुद्धियुक्त पुरुष , पुण्य पाप दुवैलाई यसै लोकमा नै त्यागिदिन्छ अर्थात तिन देखी कहिले पनि लेपायमान हुँदैनन् । यसले समत्व बुद्धियोगका लागि नै प्रयास गर । यो समत्व बुद्धिरुपीयोग नै कर्महरुमा चलाख छ , अर्थात् कर्मको बन्धनबाट छुट्ने उपाय यही छ ।

कर्मजं बुद्धियुक्ताहि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

भा.टी.- किनभने बुद्धियोगयुक्त ज्ञानीजन कर्महरुदेखि उत्पन्न हुनेवाला फललाई त्यागेर जन्मरुपी बन्धनदेखि छुटेको छँदा अर्थात अमृतमय परमपदमा प्राप्त हुन्छन् ।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

भा.टी.- फेरि हे अर्जुन ! जुन बेलामा तिम्रो बुद्धि मोहरुपी भास(हिलोको दलदल) बाट पार हुनेछ । तब तिमी सुन्नलाई योग्य र सुनिसकेका वैराग्यमा गएर प्राप्त हुन सकौला ॥

श्रुतिविप्रतिपन्न ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

भा.टी.- फेरि जब तिमी धेरै प्रकारका सिद्धान्तहरु सुनेर विचलित भएका बुद्धिलाई परमात्माका स्वरुपमा अत्यन्त अचल र स्थिर गरेर बसाउला , तब तिमी समत्वरुप योगमा गएर प्राप्त हुनेछौ ।

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

भा.टी.- यस्ता प्रकारका भगवान श्रीकृष्णका वचन सुनेर अर्जुनले यो विन्ती गर्नु हुन्छ कि हे केशव ! समाधिमा स्थिर बुद्धि भएका पुरुषको के कस्तो लक्षण हुन्छ ? फेरि ती स्थिर बुद्धि भएका पुरुष कसरी बोल्दछन् ? कसरी बस्दछन् ? कसरी हिड्दछन् ?

प्रजाहति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

भा.टी.- त्यस पछि अर्जुनको यस्तो प्रश्न सुनेर भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ , हे अर्जुन ! जुन कालमा ती पुरुष मनमा स्थित भएका सम्पूर्ण कामनालाई त्याग गरि दिन्छन् उसै कालमा आत्मादेखि आत्मैमा सन्तुष्ट भएका स्थिर बुद्धिवाला भन्ने गरिन्छ ।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितिधीर्मुनिरुच्यते ॥५६॥

भा.टी.- अनि पछि दुःखादिका प्राप्तिमा उद्वेग रहित छन् जसको फेरि सुखादिका प्राप्तिमा पनि दूर भै सक्यो जसको ईच्छा अनि फेरि नष्ट भई सक्यो राग, भय र क्रोधादि पनि जसको अर्थात सम्पूर्ण सुखदुःखादी हर्ष शोक र राग द्वेषादि देखि रहित भै सकेका यस्ता नै स्थिर बुद्धिवाला भनेर भनिन्छ ।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

भा.टी.- फेरि जुन पुरुष सर्वत्र स्नेह रहित (प्रीति देखि ऊ अलग) भई ती शुभ र अशुभ वस्तुहरुको प्राप्ति हुँदामा पनि न खुशी हुन्छन् न द्वेष(रीस) गर्दछन् अर्थात तिनैको बुद्धि स्थिर हो ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

भा.टी.- अनि फेरि कछुवाले आफ्ना अङ्गलाई जसरी समेटेर एकै पोको पार्दछ , उस्तै गरी यो पुरुष जब सबै प्रकारबाट आफ्ना

ईन्द्रियहरुका विषयबाट समेटेर लिन्छन् तब उनको बुद्धि स्थिर हुन्छ ।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्ज रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

भा.टी.- यद्यपि ईन्द्रियहरुद्वारा विषय आदिलाई ग्रहण नगर्ने पुरुषको पनि केवल विषय मात्रैको त निवृत्त भै जान्छ । तर रागको त निवृत्ति हुँदैन , फेरि यी पुरुषको त राग पनि परमात्मा साक्षात्कार गरेपछि निवृत्त हुन्छ ।

यततोह्यपि कौन्तेय परुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

भा.टी.- फेरि हे अर्जुन ! प्रयत्न गर्दागर्दै बुद्धिमान पुरुषको मन पनि यी चञ्चल स्वभाव भएका इन्द्रियहरु बलपूर्वक विषय तिर तान्दछन् ।

तानिसर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

भा.टी.- यसको निमित्त मनुष्यको कर्तव्य यो हो कि त सम्पूर्ण इन्द्रियहरुलाई वशमा गरेर समाहित चित्त भएर मै मा परायण स्थित हुनु , किनभने जुन पुरुषको इन्द्रियहरु वशमा हुन्छन् , उसको बुद्धि पनि स्थिर हुन्छ ।

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

भा.टी.- मनले चिन्तन गर्दागदै मानिसको विषयमा आशक्ति उत्पन्न हुन्छ। फेरि विषयको आशक्तिले कामना उत्पन्न हुन्छ, त्यसबाट कोध उत्पन्न हुन्छ।

क्रोधाद्भवति सम्मोहः सम्मोहातस्मृतिविभ्रमः।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशाद्त्प्रणश्यति ॥६३॥

भा.टी.- फेरि कोध देखि अविवेक अर्थात मूढभाव उत्पन्न हुन्छ, अनि त्यो अविवेकताले स्मरण शक्तिको भ्रान्ति हुन्छ, स्मृतिको भ्रान्ति हुनाले ज्ञानशक्तिको नाश हुनजान्छ, बुद्धिको नाश हुनाले आफ्ना श्रेयकारक साधन देखि गिरेर जान्छ।

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

भा.टी.- तर स्वाधौन अन्तःकरणवाला पुरुष राग द्वेष रहित आफ्नो वशमा गरेर इनिद्रयहरुद्वारा विषयलाई भोग गर्दागर्दै अन्तःकरणमा प्रसन्नता अर्थात् स्वच्छतामा प्राप्त हुन जान्छन्।

प्रसादे सर्वदुःखनां हानिरस्योपजायते।
प्रसन्नचेतसोह्यशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

भा.टी.- अनि फेरि त्यो निर्मलता हुँदा पनि यसको सम्पूर्ण दुःखादिका अभाव हुन जान्छ र त्यो प्रसन्न चित्तवाला पुरुषको बुद्धि शीघ्र नै राम्रा प्रकारसँग स्थिर हुन जान्छ।

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्यकुतः सुखम् ॥६६॥

भा.टी.- साधना रहित पुरुषको अन्त:करणमा श्रेष्ठ बुद्धि हुन सक्दैन , फेरि त्यो अयुक्तको (अन्त:करणमा) आस्तिक भाव पनि हुँदैन । बिना आस्तिक भाववाला पुरुषको शान्ति पनि हुँदैन । शान्ति देखि रहित भएका पुरुषलाई सुख कसरी हुनसक्छ अर्थात हुँदैन ।

इद्रियाणां हि चरतां यन्मनोऽनु विधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

भा.टी.- किनभने समुद्रमा तर्न लागेको नाउलाई वायु अर्थात आँधी बतास आदिले जसरी हर्दछ अर्थात डुबाई दिन्छ , उस्तै प्रकारले विषयमा विचर्न लागेको इन्द्रियहरुलाई बीचैमा जस इन्द्रियका साथमा मन रहन्छ त्यो एकै इन्द्रियले यो अयुक्त पुरुषका बुद्धिलाई हरण गर्दछ ।

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

भा.टी.- यसले हे महाबाहो ! जसका इन्द्रिय सबै प्रकारका इन्द्रियहरुका विषयदेखि वशमा गरेका हुन्छन् । उनैको बुद्धि स्थिर हुन्छ ।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भुतानि सा निशा पश्यतो मुनेः ॥६९॥

भा.टी.- फेरि हे अर्जुन ! सम्पूर्ण प्राणीहरुका लागिमा जुन रात्री हुन्छ , त्यो रात्रिमा नित्य शुद्ध बोध स्वरुप परमानन्दमा अर्थात भगवतप्राप्त भएका पुरुष जाग्दछन् । फेरि जुन नाशवान् क्षणभंगुर सांसारिक सुखमा सबै भूतप्राणीहरु जाग्दछन् , तत्व जान्ने भएका गुणीका लागिमा त्यो रात्री हुन्छ ।

आपूर्यमाणमचलप्रतिष्ठं
सपुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ॥७०॥

भा.टी.- जसरी परिपूर्ण अचल प्रतिष्ठा वाला समुद्रमा गएर अनेक प्रकारका नदिहरुको जल समुद्रलाई चलायमान नगरी रहन्छ , उस्तै प्रकारले जुन स्थिर बुद्धिवाला पुरुषका पनि सम्पूर्ण भोग कुनै प्रकारको विकार उत्पन्न नगरिकन उसैमा लीन हुन्छन् ती पुरुष परम शान्तिमा प्राप्त हुन्छन् , न कि भोगको इच्छा गर्ने ।

विहाय कामान् यः सर्वान् पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ॥७१॥

भा.टी.- किनभने जुन पुरुष सम्पूर्ण कामनाहरुलाई त्याग गरे ममता रहित र निरहङ्कार अर्थात अहङ्कारले रहित स्पृहारहित हुन्छ त्यो पुरुषलाई शान्ति मिल्दछ ।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

भा.टी.- हे पार्थ ! हे अर्जुन ! यो ब्रह्म प्राप्त गरी सकेका पुरुषको स्थिति हो , यसमा प्राप्त भएर मोहित हुँदैनन् , फेरि अन्तकालमा पनि यस योगनिष्ठामा (असल आचरणमा) स्थित भएर ब्रह्मानन्द परम पदमा प्राप्त हुन्छन् ।

ॐ तत्सदिति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे साख्ययोगो नाम द्वितीयोऽध्यायः ॥२॥

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

तृतीयोध्यायः

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

भा.टी.- भगवान श्रीकृष्णको यस्तो आज्ञा सुनेर त्यहाँ उपरान्त अर्जुनले भगवानका सामुन्ने विनयपूर्वक हात जोडेर यो प्रश्न सोध्न लागे कि हे जनार्दन ! यदि कर्मादिका उपेक्षा ज्ञान हजुरको श्रेष्ठ माननीय छ भने त फेरि हे केशव ! मलाई यो भयङ्कर कर्मका जालमा किन लगेर बाँध्नु हुन्छ , अर्थात् ति अश्रेयी कर्ममा किन लगाउनु हुन्छ ।

व्यमिश्रेणैव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

भा.टी.- फेरि हजुरले यहाँ मिलेका जस्ता वचनले मेरो बुद्धिलाई मोहित जस्तो गराउनु हुन्छ । यस कारण त्यसमा एकै वस्तुको निश्चय गरेर आज्ञा गर्नुहोस कि जसमा मलाई कल्याण मिलोस् , म कल्याणकारक मार्गमा प्राप्त हुन सकूँ ।

लोकेऽस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

भा.टी.- यस्ता प्रकारका अर्जुनको प्रश्न सुनेर भगवान आज्ञा गर्नुहुन्छ हे निष्पाप अर्जुन ! यस लोकमा दुई प्रकारका निष्ठा म द्वारा पहिले भनिएको छ । ज्ञानीहरुको ज्ञानयोग र योगीहरुको निष्काम कर्मयोग ।

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

भा.टी.- तर कोही पनि मार्गका अनुसार स्वरुप देखि त्यागनलाई कति पनि आवश्यक छैन । किनभने मनुष्य न त कर्महरुलाई नगर्नाले निष्कर्मतामा प्राप्तै हुन्छन् । फेरि न कर्महरुलाई त्यागनाले मात्रै भगवत साक्षात्कार रुप सिद्धिमा प्राप्त हुन सक्दछन् ।

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

भा.टी.- तथा सर्वथा कर्महरुका स्वरुपले त्याग हुन पनि सक्दैन , किनभने कोही पनि कुनै कालमा क्षणमात्र पनि कर्म नगरिकन रहन सक्दैन । निःसन्देह सबै (पुरुष)प्रकृतिदेखि उत्पन्न भएका गुणहरुद्वारा परवश भएर कर्म गर्दछन ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

भा.टी.- यस निमित्त जो मुढबुद्धिवाला पुरुष कर्मेन्द्रियहरुलाई रोकेर इन्द्रियहरुका भोगलाई मनले चिन्तन गर्दै रहन्छ , त्यो मिथ्याचारी (दम्भी) भनिन्छ ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

भा.टी.- फेरि हे अर्जुन ! जो पुरुष मनले इन्द्रियहरुलाई वशमा गरेर अनाशक्त भएका कर्मेन्द्रियद्धारा कर्मयोगको आचरण गर्दछ त्यो श्रेष्ठ हो ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

भा.टी.- यस निमित्त तिमी पनि शास्त्रविधिदेखि नियत गरेका स्वधर्मरुपी कर्मलाई गर , किनभने कर्म नगर्नाको अपेक्षा) कर्म नगर्नु भन्दा) कर्म गर्नु श्रेष्ठ हो । फेरि कर्म नगर्नाले तिम्रा शरीरको निर्वाह पनि सिद्ध हुन सक्दैन ।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थ कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

भा.टी.- फेरि हे अर्जुन ! बन्धनका भएदेखि पनि कर्मलाई त्यागन योगय छैन, किनभने यज्ञार्थत् विष्णुका निमित्त गरिएको कर्मदेखि सिवाय यज्ञ अरु कर्ममा यो मनुष्य कर्मद्वारा बाधिन्छ । हे कुन्तिपुत्र अर्जुन ! आसक्तिदेखि रहित भएका उस परमेश्वरको निमित्तमा कर्मको राम्रा प्रकारले आचरण गर ।

सह यज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

भा.टी.- तथा कर्म नगर्नाले तिमी पापमा प्राप्त हुनेछौं , किनकि प्रजापति (ब्रह्मा) ले कल्पका आदिमा (पहिले) यज्ञ सहित प्रजाहरुको रचना गरेर भन्नुभयो कि यस्तो यज्ञद्वारा बृद्धि होला , अरु यो यज्ञ तिमीहरुलाई इच्छित कामनाहरुको फल दिने वाला पनि होलान् ।

देवान् भावयातानेन ते देवा भावयन्तु वः
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

भा.टी.- फेरि तिमीहरु यस यज्ञद्वारा देवताहरुको उन्नति गर , अनि ति देवताहरुले तिमीहरुको उन्नति गरुन् । यस प्रकारका आपसमा (आफ्नो कर्तव्य सम्झेर) उन्नति गर्दा परमकल्याण हुनेछ ।

इष्टान् भोगान् हिवो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्तेस्तेन एव सः ॥१२॥

भा.टी.- अनि यज्ञद्वारा बढाइएका देवताहरुले तिमीहरुका लागि (नमागीकन पनि) प्रिय भोगहरुलाई दिन्छन् । उनैद्वारा दिएका भोगादिलाई जो पुरुष उनलाई नदिइकनै आफूमात्रै भोग्दछ भने त्यो अवश्य पनि चोर हो ।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः ।
भुञ्जते ते त्वघं पापाये पचन्त्यात्मकारणात् ॥१३॥

भा.टी.- कारण के भने यज्ञबाट बचेका शेष अन्नलाई खाने श्रेष्ठ पुरुष सबै पापहरुदेखि छुट्ट्दछन् । जो पापीजनहरु आफ्ना लागिनै पकाउँछन् । तिनीहरु पापलाई नै खान्छन् ।

अन्नाद्भवन्ति भुतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

भा.टी.- किनभने सम्पुर्ण प्राणीहरु अन्नदेखि उत्पन्न हुन्छन् , फेरि त्यो अन्नको उत्पति बर्षाद अथवा जल देखि हुन्छ , त्यहि जल यज्ञ कर्म देखि हुनेवाला हो ।

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ॥
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

भा.टी.-कर्मलाई तिमी वेदबाट उत्पन्न भएको जान , फेरि वेद अविनाशी परमात्मादेखि उत्पन्न भएको हो । यसैले सर्बव्यापी परम अक्षर त्यो परमात्मा सदा सर्वदा नै यज्ञमा प्रतिष्ठित छ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

भा.टी.- हे पार्थ ! जो पुरुष यस लोकमा यस प्रकारले चलाईएको सृष्टि चक्रका अनुसार बर्ताव अर्थात शास्त्र अनुसार व्यवहार गर्दैन भने त्यो ईन्द्रियहरुको सुखलाई भोग्ने भएका पापी पुरुष व्यर्थ नै जीवित रहेका छन् ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

भा.टी.- तर जो मनुष्य आत्मामै प्रिति गरेर आत्मामै तृप्त तथा आत्मामै संतुष्ट भएर रहन्छ , उसका लागिमा केही कार्य अर्थात कर्तव्य पनि छैन ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्यसर्व भुतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

भा.टी.-किनभने यस संसारमा त्यो महापुरुषले गरेको कामको केहि प्रयोजन हुँदैन , नगर्नाले पनि केही प्रयोजन हुँदैन , अनि यसको सम्पूर्ण प्राणीहरुमा केही पनि स्वार्थको सम्बन्ध हुँदैन । तर पनि त्यसैद्वारा केवल लोक हितार्थ कर्म गरिन्छ ।

तस्मादसक्त सततं कार्य कर्म समाचार ।
अशक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

भा.टी.- त्यस कारणले तिमी अनासक्त भएर निरन्तर कर्तव्य कर्मको राम्रो प्रकारसँग आचरण गर , किनभने अनासक्त पुरुष कर्म गर्दागर्दैमा परमात्मामा गएर मिल्दछ ।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि संपश्यन् कर्तुमर्हसि ॥२०॥

भा.टी.- यस्तै प्रकारले जनकादि ज्ञानी जनहरुपनि (आसक्ति रहित) कर्मद्वारा नै परम सिद्धिमा प्राप्त भए , यसका निम्ति फरक लोक संग्रह देख्दा पनि तिमीं कर्म गर्नमा योग्य छौ ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं करुते लोकस्तदनुवर्तते ॥२१॥

भा.टी.- किनभने श्रेष्ठ पुरुषले जो जो आचरण गर्दछन् अरु पुरुष पनि उसका नै अनुसार व्यवहार गर्दछन् । ति पुरुषले जो जो काम गरि दिन्छन् अरु पनि उसैका अनुसार गर्छन् ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किचन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

भा.टी.- यसका लागि हे अर्जुन ! मलाई तीनै लोकमा केही पनि कर्तव्य छैन । तर प्राप्त हुन योग्य वस्तु अप्राप्य हुदैन । तर पनि म कर्ममा नै रहेर व्यवहार गर्छु ।

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

भा.टी.- किनभने म सावधान भएर कदाचित कर्ममा लागिन भने त हे अर्जुन ! सबै प्रकारबाट मनुष्य मेरा व्यवहार अनुसारै चल्दछन् अर्थात उनीहरु पनि मेरा व्यवहारको अनुशरण गर्दछन् ।

उत्सीदेयुरिमे लोका न कुर्या कर्म चेदहम् ।
सङ्करस्य च कर्तास्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

भा.टी.- यदि मैले कर्म गरिन भने लोकधर्म लोप भएर जान्छ । धर्म लोप भई सकेपछि प्रजाको नाश हुन जान्छ । अनि विमर्यादा भएर सनातन धर्मको नष्ट भईसकेपछि दुराचार उपद्र बढेर वर्णसङ्कर पनि हुन्छ । अनि आफ्नो प्रजा आफैंले नष्ट गरेको प्रतित हुनेछ ।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

भा.टी.- यसका लागी हे भारत ! आत्माज्ञानी जनले पनि कर्म गर्न उचित छ । किनभने लोक शिक्षाका निमित्तमा हे अर्जुन ! कर्ममा आसक्त भएर अज्ञानीहरुले जस्तो कर्म गर्दछन् , त्यस्तै विद्वान् अर्थात् ज्ञानीहरुले कर्म गर्नु पर्दछ । त्यसले धर्मको बाटो र लोक मर्यादा दुबै रहन्छ ।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

भा.टी.- यसका लागि ज्ञानी पुरुषको यो कर्तव्य हो कि कर्महरुमा आसक्ति भएका अज्ञानी पुरुषहरुका बुद्धिमा भ्रम अर्थात कर्ममा अश्रद्धा उत्पन्न नगराउन् । तर आफै परमात्माका स्वरुपमा स्थित भएर सम्पूर्ण कर्म राम्रा प्रकारसँग गरि अज्ञानी पुरुषलाई पनि उस्तै प्रकारसँग कर्म गराउन् ।

प्रकृतेः क्रियमाणानि गुणौः कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

भा.टी.- फेरि हे अर्जुन ! वास्तवमा सम्पूर्ण कर्महरु प्रकृतिका गुणादिद्वारा गरिएका छन् । तर अहङ्कारले मोहित अन्त:करण भएका पुरुषहरु म कर्ता हूँ भन्ने यस्तो घमण्ड सदा मनमा राख्दछन् ।

तत्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

भा.टी.- तर हे महाबाहो ! गुणविभाग र कर्मविभागको तत्वलाई जान्ने ज्ञानी पुरुष सम्पूर्ण गुण गुणादिमा व्यवहार गर्दछन् , यस्तो मानेर कहिले पनि आसक्त हुँदैनन् ।

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥

भा.टी.- फेरि प्रकृतिका गुणादिले मोहित भएका पुरुषहरु गुण र कर्महरुमा आसक्त हुन्छन् । ति राम्रा प्रकारसँग नसम्झने भएका मूर्खहरुलाई राम्रा प्रकारसँग जान्ने ज्ञानी पुरुषहरुले चलायमानं नगराउनु ॥

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

भा.टी.- यसका लागि हे अर्जुन ! तिमी ध्याननिष्ठ चित्तले सम्पूर्ण कर्महरुलाई ममा नै समर्पण गरेर आशादेखि ममतादेखि पनि रहित भएर सन्ताप रहित भई युद्ध गर ।

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयोन्तो मुच्यते तेऽपि कर्मभि ॥३१॥

भा.टी.- हे अर्जुन ! जो कोही पनि दोषबुद्धिले रहित भएर फेरि श्रद्धाले युक्त भई सदासर्वदा नै मेरा यस मतका अनुसार व्यवहार गर्दछ भने त्यो पुरुष कर्मादिदेखि छुटेर जानेछ ।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धिनष्टानचेतसः ॥३२॥

भा.टी.- फेरि जो दोषदृष्टिवाला मूर्खहरु यो मेरा मतका अनुसार व्यवहार गर्दैन भने ती सर्वज्ञानदेखि मोहित चित्तवालाहरुलाई तिमीले कल्याणदेखि भ्रष्ट भए अर्थात् कल्याणकारक मार्गदेखि भ्रष्टै भए भन्ने जान ।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

भा.टी.- किनकि सम्पूर्ण प्राणीहरु प्रकृतिमै गएर कर्म गर्दछन् । ज्ञानवाला पनि आफ्ना प्रकृतिका अनुसार चेष्टा गर्दछन् भने फेरि यस विषयमा कसैको ढिपीले के गर्छ ।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

भा.टी.- यसका लागि मनुष्यको यो कर्तव्य हो कि कर्मेन्द्रिय र ज्ञानेन्द्रियका अर्थमा अर्थात सबै ईन्द्रियहरुका भोगमा स्थित भएका जो रोग द्वेषादि छन् । तिनका वशमा नहुनू , किनभने यसका तिनीहरु सबै कल्याणमार्गमा विघ्न गराउनेवाला महान शत्रु हुन् ।

श्रेयान् स्वधर्मोविगुणः परधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

भा.टी.-यसका लागि तिनलाई जितेर सावधान भई स्वधर्मको आचरण गर्नु , किनभने राम्रा प्रकारसँग आचरण गरेका दोस्राका धर्मदेखि अत्यन्त मलिन गुणरहित नै भएपनि आफ्नो धर्मनै अति उत्तम छ। आफ्ना धर्ममा रहेर मर्नु पनि कल्याणकारक नै हुन्छ । दोस्राको धर्म चाहे जस्तै ठुलो किन नहोस तर त्यो भयकारक अर्थात डरलाग्दो नै हुन्छ।

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपिवार्ष्णेय बलादिव नियोजितः ॥३६॥

भा.टी.- त्यहाँ उपरान्त यस्ता वचन सुनेर अर्जुन सोद्धछन् कि हे कृष्ण ! फेरि यो पुरुष बलात्कारले लगाइएको जस्तो नचाहेर पनि कसद्वारा प्रेरित भई पापको आचरण गर्दछ ।

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥

भा.टी.- यस प्रकार अर्जुनको प्रश्न सुनेर भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ कि हे अर्जुन ! रजोगुण देखि उत्पन्न भएको यो काम नै क्रोध हो, यो नै महा अशन (अग्निका झै भोगादिले तृप्त नहुने भएका) ठूलो पापात्मा (पाप) हो , यस विषयमा यसलाई तिमीले वैरी भन्ने जान्नु ।

धूमेनाव्रियते वन्हिर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

भा.टी.- जस्तै धुवाँले अग्नि र मयलले ऐना ढाकिन्छ , फेरि जसरी गर्भस्थ बालक सालले ढाकिन्छ , उस्तै प्रकार सँग कामनाद्वारा यो ज्ञान ढाकिएको छ ।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरुपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

भा.टी.- फेरि हे अर्जुन ! यो अग्निको जस्तो कहिले पनि तृप्त नहुनेवाला कामरुप ज्ञानीहरुका नित्य वैरीले यो ज्ञानलाई ढाकेर राखेको छ ।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

भा.टी.- ईन्द्रियहरु मन र बुद्धि यसका वासस्थान भनिएका छन् , फेरि यो काम यिनै मन बुद्धि र ईन्द्रियहरुद्धारा नै ज्ञानलाई आच्छादित गरेर यस जीवात्मालाई मोहित गर्दछन् ।

तस्मात्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

भा.टी.- यसका लागि हे अर्जुन ! तिमी पहिले ईन्द्रियहरुलाई वशमा गरेर ज्ञान र विज्ञानलाई नाश गर्नेवाला यो पापीलाई निश्चय पूर्वक मार ।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

भा.टी.- फेरि तिमी सम्झ कि ईन्द्रियहरु श्रेष्ठ बलवान र शूक्ष्म भनिन्छ । अनि ईन्द्रियहरुदेखि मन र मनदेखि बुद्धि पर छ । अनि फेरि बुद्धिदेखि पनि अत्यन्तै पर आत्मा भन्ने वस्तु छ ।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महावाहो कामरुपं दुरासदम् ॥४३॥

भा.टी.- यस प्रकार बुद्धिदेखि परको अर्थात शूक्ष्म र सबै प्रकारबाट बलवान र श्रेष्ठ आफ्ना आत्मालाई जानेर फेरि

बुद्धिद्वारा मनलाई वशमा गरेर हे अर्जुन ! आफ्नो शक्ति सम्झेर यस दुर्जय कामरुप बलवान शत्रुलाई मार ।

ॐ तत्सदिति श्रीमदभागवद्‌गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे कर्मयोगो नाम तृतीयोऽध्यायः ॥३॥



ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवद्गीता

चतुर्थोऽध्यायः

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

भा.टी.- त्यहाँ उप्रान्त भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ , हे अर्जुन ! मैले यो अविनाशी योगलाई कल्पका आदिमा सूर्यलाई बताएको थिएँ । फेरि सूर्यले पनि आफ्ना पुत्र मनुलाई बताउनु भएको थियो । अनि फेरि मनुले पनि आफ्ना छोरा इक्ष्वाकुलाई बताउनु भएको थियो ।

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ॥२॥

भा.टी.- यस प्रकारले परम्परादेखि प्राप्त भएको यस योगलाई राजर्षिहरुले जानेका थिए । तर हे अर्जुन ! यो योग फेरि धेरै कालदेखि यस पृथ्वी लोकमा प्रायः लोप नै भैसकेको थियो ।

स एवायं मया तेऽद्ययोगः प्रोक्त : पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

भा.टी.- त्यो नै पुरातन योग अब मैले तिमीलाई बताई दिएको हूँ । किनभने तिमी मेरा भक्त र प्रिय सखा (

साथी) छौ । यस निमित्त फेरि यो योग अत्यन्त उत्तम र रहस्यमय अर्थात अत्ति नै मर्मको विषय छ ।

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

भा.टी.- यसप्रकार भगवान श्रीकृष्णको वचन सुनेर अर्जुनले यो प्रश्न गरे कि हे भगवान ! तपाईको जन्म त आधुनिक काल अर्थात आजकाल नै भएको हो , अनि फेरि सूर्यको जन्म भएको धेरै काल वितिसक्यो , यसका लागि योगलाई (कल्पका) आदिमा तपाइले सूर्यलाई बताउनु भयो भन्ने कुरा यो मैले कुन प्रमाणबाट सिद्ध गरेर जानूँ कि यो योग तपाईले सूर्यलाई बताएर परम्परा चलिआयो ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं बेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥

भा.टी.- अर्जुनका शंकाले युक्त भएका यस्ता प्रश्न सुनेर श्रीकृष्ण आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! मेरो र तिम्रो धेरै नै जन्म भइसक्यो । तर , हे परंतप ! ति सबैलाई तिमी जान्दैनौ तर म त ति सबै जान्दछु ।

अजोऽपिसन्नव्यात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

भा.टी.- अनि फेरि मेरो जन्म प्रकृत मनुष्यहरुको जस्तो छैन , किनकि म अविनाशी स्वस्वरुप अजन्मा हुनाले पनि र फेरि सबै

प्राणीहरुको ईश्वर हुनाले पनि आफ्नी प्रकृतिलाई अधीनमा अर्थात् वशमा गरेर योगमायादेखि प्रकट भईरहन्छु ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

भा.टी.- हे भरतवंशी अर्जुन ! जब जब धर्मको नाश र अधर्मको बृद्धि हुन्छ तब तब नै म आफ्ना रुपको रचना गर्छु अर्थात म अवतार लिएर प्रकट हुन्छु ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मस्थापनार्थाय संभवामि युगे युगे ॥८॥

भा.टी.- किनभने साधु पुरुषहरुको उद्धार गर्नका लागि र दूषित कर्म गर्ने दुष्टात्मा पुरुषहरुको नाश गर्नका लागि अनि फेरि धर्मको स्थापना गर्नका लागि युगयुगमा म सधैं अवतार लिएर प्रकट हुन्छु ।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेतिसोऽर्जुन ॥९॥

भा.टी.- यसका लागि हे अर्जुन ! मेरो त्यो जन्म र कर्म दिव्य अर्थात अलौकिक छ । यसप्रकार जो पुरुष तत्वदेखि जान्दछन् ति पुरुष यो शरीरलाई त्यागिसकेपछि फेरि दोस्रो जन्म ग्रहण गर्दैनन् । तर ति मैमा समाहित हुन्छन् ।

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

भा.टी.- फेरि हे अर्जुन ! पहिले पनि राग भए र क्रोधदेखि रहित भई अनन्य भावले मैमा स्थित गर्नेवाला मेरा शरणमा परेका धेरै नै पुरुषहरु ज्ञानरुपी तपले पवित्र भई मेरा रुपमा समाहित भइ सकेकाछन् ।

ये यथा मां प्रद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

भा.टी.- किनभने हे अर्जुन ! जो मलाई जस्तो प्रकारले भजन गर्दछन् म पनि तिनीहरुलाई त्यस्तै प्रकारले भज्दछु । यस रहस्यलाई जानेर नै बुद्धिमान् मनुष्यहरु सर्व प्रकारबाट मेरा मार्गका अनुसार व्यवहार गर्दछन् ।

काङ्क्षन्तः कर्मणां सिद्धि यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

भा.टी.- फेरि जो मेरा तत्वलाई जान्दैनन् ति पुरुष यो मनुष्य लोकमा कर्मका फललाई चाहेर देवताहरुको पूजा गर्दछन् । फेरि उनका कर्महरुदेखि उत्पन्न भएको सिद्धि पनि छिटै हुन्छ । तर तिनीहरुलाई मेरो प्राप्ति हुँदैन । यसका लागि तिमी सर्व प्रकारबाट मेरो भजन गर ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम् ॥१३॥

भा.टी.- फेरि हे अर्जुन ! गुण र कर्मका विभागले ब्राह्मण क्षत्रीय, वैश्य र शुद्र मैद्धारा रचना गरेका हुन, तिनको कर्तालाई पनि र म परमेश्वर अविनाशीलाई तिमी अकर्ता नै जान ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

भा.टी.- कर्महरुको फलमा मेरो प्रीति छैन । यस निमित्त मलाई कर्ममा लेपायमान गर्दैनन् । फेरि जो मेरो यस तत्वलाई जान्दछन् ति पनि कर्मदेखि कहिले पनि बाँधिदैनन् ।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतिरं कृतम् ॥ १५॥

भा.टी.- अनि पहिले भएका मुमुक्षु पूरुषहरुद्वारा पनि यसै प्रकारसँग जानेर नै कम गरिएको थियो । यस निमित्त तिमी पनि पूर्वजहरुद्वारा पहिलेदेखि सँधै गरिएका कर्मलाई नै गर ।

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

भा.टी.- परन्तु कर्म के हो फेरि अकर्म पनि के हो यस्तो यस विषयमा बुद्धिमान पुरुष पनि मोहित भएका छन् । त्यो कर्म अर्थात् कर्महरुको तत्व तिम्रा लागि राम्रा प्रकार सँग बताईदिउला कि जसलाई जानेर तिमी अशुभ संसार बन्धनदेखि छुट्नेछौ ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणोगतिः ॥१७॥

भा.टी.- कर्मको स्वरुप पनि जान्नु पर्छ , फेरि अकर्मको स्वरुप पनि जान्नु पर्छ , अनि निषिद्ध कर्मको स्वरुप पनि जान्नै पर्छ । किनकि कर्मको गति अत्यन्त गहन छ ।

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
सबुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

भा.टी.- जो पुरुष कर्ममा अर्थात अहङ्कार रहित भएर सम्पूर्ण चेष्टाहरुमा अकर्म अर्थात् उनको नहुनु पनि देख्ने अरु जो पुरुष अकर्ममा अर्थात पनि देख्ने अज्ञानी पुरुषद्वारा गरिएका सम्पूर्ण क्रियाहरुको त्यागमा पनि कर्मका अर्थात् त्यागरुप क्रियालाई देख्ने त्यो पुरुष मनुष्यहरुमा बुद्धिमान् हो । फेरि त्यो योगी र सम्पूर्ण कर्महरुलाई गर्नेवाला हो ।

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

भा.टी.- फेरि हे अर्जुन ! जसको सम्पूर्ण कार्य कामना र संकल्पदेखि रहित छ यस्तो त्यो ज्ञानरुपीअग्निद्वारा भष्म भएका कर्मवाला पुरुषलाई ज्ञानीजन पनि पण्डित भन्दछन् ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

भा.टी.- अरु फेरि हे अर्जुन ! जो पुरुष सांसारिक आश्रयदेखि रहित भएर सदा परमानन्द परमात्मामा तृप्त छ , त्यो कर्महरुको फलसँग अर्थात कर्तव्य अभिमानलाई त्यागेर कर्ममा राम्रा प्रकारले वर्ताव गरेर पनि केहि गर्न सक्दैन ।

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥२१॥

भा.टी.- फेरि जसले अन्त:करण र शरीर जितेको छ , फेरि जसले सम्पूर्ण भोगहरुको सामाग्री त्यागी दिएको छ, यस्ता आशारहित पुरुषहरु केवल शरीर सम्बन्धी कर्महरुलाई गर्दागर्दै पनि पापमा प्राप्त हुँदैनन् ।

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निवध्यते ॥२२॥

भा.टी.- अनि फेरि आफैंआफ जुन चिज पनि आएर प्राप्त भएको छ उसैमा सन्तुष्ट रहनेवाला र हर्ष शोकादि द्वन्दहरुदेखि अतीत भएर फेरि ईर्ष्यादेखि रहित भएका पुरुष नै सबै कर्महरु गरेर पनि बाँधिदैनन् ।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

भा.टी.- किनभने आशक्ति देखि निवृत्त भएको छ आत्मा जसको आत्माज्ञानमा स्थित भएको छ स्थिर भएर चित्त जसको त्यस्ता पुरुष नै यज्ञ गर्नका निमित्तमा आचरण गर्दा छँदा मुक्त पुरुषका सम्पूर्ण कर्महरु नष्ट भएर जान्छन् ।

ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

भा.टी.- ति यज्ञका लागि आचरण गर्ने भएका पुरुषहरु मध्यमा कोही कोही त यस्ता भावले यज्ञ गर्दछन् कि अर्पण (स्रुवा अर्थात् सुरो आदि पनि) ब्रह्म हो , अरु ब्रह्मरुप अग्निमा ब्रह्मरुप कर्ताद्वारा जो वस्तुको हवन गरिन्छ त्यो पनि ब्रह्मै हो । यस निमित्त ब्रह्मरुप कर्ममा समाधिस्थ भएका कर्ता पुरुषका तर्फबाट जो प्राप्त हुन योग्य छ त्यो पनि ब्रह्मै हो ।

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

भा.टी.- फेरि दोस्रा योगीजनहरु देवताका पूजनरुप यज्ञलाई नै राम्रा प्रकारसँग उपासना गर्दछन् अरु फेरि दोस्रा महात्मा ज्ञानीजन परब्रह्म परमात्मारुप अग्निमा यज्ञद्वारा यज्ञलाई नै हवन गर्दछन् ।

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

भा.टी.- फेरि अरु योगीजनहरु श्रोतादिक सबै ईन्द्रियहरुलाई संयम अर्थात् स्वाधिनतारुप अग्निमा हवन गर्दछन्, अर्थात ईन्द्रियहरुका विषयलाई रोकेर आफ्ना वशमा लिन्छन् । फेरि दोस्रो योगीहरु शब्दादि विषयहरुलाई ईन्द्रियरुपी अग्निमा हवन गर्दछन् । राग द्वेष रहित इन्द्रियहरुद्वारा विषयहरुलाई ग्रहण गरेर पनि भस्म रुप गरिदिन्छन् ।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

भा.टी.- अनि फेरि दोस्रा योगीजनहरु सम्पूर्ण ईन्द्रियहरुका चेष्टादि र प्राणादिका व्यापारको ज्ञानले प्रकाशित भएका परमात्माको स्थित रुप योगाग्निमा हवन गर्दछन् ।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

भा.टी.- अरु दोस्रा कति पुरुषहरु ईश्वर अर्पण बुद्धिले लोक सेवामा धन लगाउने अर्थात् अर्पण गर्नेवाला छन् । अरु कति पुरुषहरु अष्टाङ्गयोगरुपी यज्ञ गर्नेवाला छन् । फेरि अरु दोस्रा पुरुषहरु अहिंसादि अत्यन्त तीक्ष्ण व्रतादिमा युक्त भएर यत्नशील पुरुष भगवानका नामको जप र भगवत प्राप्ति विषयका शास्त्रहरुको अध्ययनरुपी ज्ञानयज्ञ गर्नेवाला छन् ।

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥

भा.टी.- फेरि अरु दोस्रा योगीजनहरु अपान वायुमा प्राण वायुलाई हवन गर्दछन् । फेरि उस्तै प्रकारले अन्य योगीजनहरु प्राण वायुमा अपान वायुलाई हवन गर्दछन् । अनि अरु योगीजनहरु प्राण र अपान वायुको गतिलाई रोकोर प्राणायाममा परायण हुन्छन् ।

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

भा.टी.- अरु दोस्रा नियमित आहार गर्ने भएका योगीजनहरु प्राणलाई प्राणैमा हवन गर्दछन् । यस प्रकार यज्ञादिकाद्वारा नाश गरेको छ पाप जस्को यस्ता यी सबै पुरुषहरु यज्ञादिलाई जान्नेवाला छन् ।

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

भा.टी.- फेरि हे कुरुश्रेष्ठ अर्जुन ! यज्ञहरुको परिणामरुपी ज्ञनामृतलाई भोग्नेवाला योगीजन सनातन परब्रह्म परमात्मामा प्राप्त हुन्छन् । अरु यज्ञरहित पुरुषलाई त त्यो मनुष्यलोक सुखदायक हुँदैन । फेरि परलोक कसरी सुखदायक हुन सक्छ अर्थात् कदापि हुँदैन ।

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

भा.टी.- यस्ता धेरै प्रकारका यज्ञ वेदको वाणीमा विस्तार गरिएका छन् । ति सबै शरीर मन र ईन्द्रियहरुको क्रियाहरुद्वारा नै उत्पन्न हुनेवाला जान्नु । यस प्रकार तत्वदेखि जानेर निष्काम कर्मयोगद्वारा संसार बन्धनदेखि मुक्त हुनेछौ ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्व कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

भा.टी.- हे अर्जुन ! सांसारीक वस्तुहरुदेखी सिद्धहुनेवाला ज्ञानरुपी यज्ञ सबै प्रकारले श्रेष्ठ हो । किन भने हे पार्थ ! सम्पूर्ण यावन्मात्र कर्म ज्ञान शेष हुन्छ अर्थात् ज्ञान उनको पराकाष्टा हो ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः॥३४॥

भा.टी.- यस निमित्त तत्वलाई जान्नेवाला ज्ञानीपुरुषहरु देखि राम्रा प्रकारसँग दण्डवत् प्रणाम तथा सेवा र निष्कपट भावले प्रश्नद्वारा त्यस ज्ञानलाई जान । ती कर्मलाई जान्नेवाल ज्ञानीजन तिमीलाई त्यो ज्ञानको उपदेश गर्नेछन् ।

यज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्मात्मन्यथो मयि ॥३५॥

भा.टी.- किनकि जसलाई जानेर तिमी फेरि यस प्रकार मोहमा प्राप्त हुनेछैनौं । फेरि हे अर्जुन ! जुन ज्ञानकाद्वारा सर्वव्यपि अनन्त

चेतन रुप भएका आफ्ना अन्तर्गत समष्टि बुद्धिका आधारले सम्पूर्ण भूतादिलाई देखिन्छ । फेरि उसका उप्रान्त मैमा अर्थात् सच्चिदानन्द स्वरुपमा एकैभाव भएर सच्चिदानन्दमय नै देख्नेछौ ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यःपापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥३६॥

भा.टी.- फेरि यदि तिमी सबै पापीदेखि पनि धेरै पाप गर्नेवाला छौ तापनि ज्ञानरुप नाउद्वारा निःसन्देह सम्पूर्ण पापदेखि रास्रा प्रकारसँग तर्नेछौ ।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

भा.टी.- किनभने हे अर्जुन ! जस्तै प्रज्वलित अग्निले दाउरालाई भष्ममय गरिदिन्छ उस्तै प्रकार ज्ञानरुप अग्निले सम्पूर्ण कर्मलाई भष्म गरिदिन्छ ।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

भा.टी.- यस निमित्त यो क्षणभंगुर संसारमा ज्ञानका समान पवित्र गर्नेवाला निःसन्देह केहि पनि छैन । त्यस ज्ञानको कति कालदेखि आफैंआफ समत्व बुद्धिरुप योगद्वारा राम्रा प्रकारसंग शुद्धान्तःकरण भएका पुरुषहरु आत्मामा अनुभव गर्दछन् ।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

भा.टी.- हे अर्जुन ! जितेन्द्रिय तत्पर भएका श्रद्धावान पुरुषलाई ज्ञान प्राप्त हुन्छ , ज्ञान प्राप्त भएर तत्क्षणमा (भगवत प्राप्तरुपी) परम शान्तिमा गएर प्राप्त हुन्छन् ।

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ४०॥

भा.टी.- अनि पछि हे अर्जुन ! भगवत विषयलाई नजान्नेवाला र श्रद्धारहित अनि संशययुक्त पुरुष परमार्थदेखि भ्रष्ट भएर जान्छन् । फेरि तिमीमा पनि संशययुक्त पुरुषका लागि न त सुख छ , न यो लोक छ अर्थात् न परलोक छ , अर्थात् यो लोक र परलोक दुबै उसका लागि भ्रष्ट भएर जान्छ ।

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥४१

भा.टी.- हे धनञ्जय ! अनि समत्व बुद्धिरुपी योगद्धारा भागवत अर्पण गरिदिएको छ सम्पूर्ण कर्म जसले , फेरि ज्ञानद्वारा नष्ट भएको छ सम्पूर्ण संशय यस्ता परमात्मा परायण पुरुषलाई कर्मले कहिले पनि बाँध्दैन ।

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्वेनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

भा.टी.- यसैले हे भरतवंशी अर्जुन ! तिमी समत्व बुद्धिरुप योगमा स्थित भएर अर्थात् बसेर अज्ञान देखि उत्पन्न भएका हृदय कमलमा स्थिर भएको यस संशयलाई ज्ञानरुपी तलवारले काटेर युद्ध गर्नका निमित्त उठ खडा होउ ।

ॐ तत्सदिति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे सांख्ययोगो नाम चतुर्थोऽध्याय: ॥४॥



ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

पञ्चमोऽध्यायः

अर्जुन उवाच

संन्यासं कर्माणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रुहि सुनिश्चितम् ॥१॥

भा.टी.- त्यहाँ उप्रान्त अर्जुन विन्ति गर्नुहुन्छ कि हे कृष्ण ! तपाई कर्महरुको सन्यास र निष्काम कर्मयोगको पनि प्रशंसा गर्नुहुन्छ। यी दुई मध्यमा निश्चय गरेर एउटै कल्याणकारक श्रेष्ठ जुन छ त्यसलाई मेरा निमित्त भन्नुहोस् ।

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयागो विशिष्यते ॥२॥

यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! कर्महरुको सन्यास र निष्काम कर्मयोग यी दुबै मार्ग परमकल्याण कारक छन् । तर ति दुईमा पनि कर्मको सन्यास देखि निष्काम कर्मयोग साधना सुगम र सजिलो हुनाले श्रेष्ठ छ ।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न कांक्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

भा.टी.- यस कारण हे अर्जुन ! जो पुरुष न कसैदेखि द्वेष अर्थात वैरत्व गर्दछ , फेरि न कसैसित आकांक्षा (प्रीति) गर्दछ , त्यो निष्काम कर्मयोगी सधैं सन्यासी नै सम्झनमा योग्य हो किनभने राग द्वेष द्वन्दरहित भएका पुरुष सुखपूर्वक संसाररुपी बन्धनदेखि मुक्त हुन्छन् ।

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितःसम्यगुभयोर्विन्दते फलम् ॥४॥

भा.टी.- अनि फेरि हे अर्जुन ! माथि भनिएका सन्यास र निष्काम कर्मयोगलाई मूर्खहरु अलग अलग फल दिने भनेर भन्देछन् , यस्तो पण्डित अलग भन्दैनन् किनभने यी दुई मध्यमा एकमा पनि राम्रा प्रकारले रहेको छ भने पनि दुवै प्रकारको फलस्वरुप परमात्मामा प्राप्त हुन्छ ।

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

भा.टी.- अनि ज्ञानीहरुद्वार जुन परम धाम प्राप्त हुन्छ , फेरि निष्काम कर्मयोगीहरु पनि त्यहि प्राप्त हुन्छ । यस निमित्त , जो पुरुष ज्ञानयोग र निष्काम कर्मयोगलाई फलस्वरुप एकै देख्दछ त्यो पुरुष नै यथार्थ देख्ने हो ।

संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

भा.टी.- तर हे अर्जुन ! निष्काम कर्मयोग बिना सन्यास अर्थात मन ईन्द्रियहरु र शरीरद्वारा हुनेवाला सम्पूर्ण कर्महरु कर्तापनदेखि त्याग प्राप्त गर्नु बडो कठिन हो , फेरि भगवंत स्वरुपलाई मनन गर्नेवाला निष्काम कर्मयोगी परब्रह्म परमात्मा शीघ्र प्राप्त हुन्छ ।

योगयुक्तो विशुद्धात्माविजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

भा.टी.- तथा जसले शरीर वशमा गरेको छ यस्तो जितेन्द्रिय तथा विशुद्ध अन्तःकरणवाला अनि फेरि सम्पूर्ण प्राणीहरुको आत्मा स्वरुप परमात्मामा एकभाव भएर निष्काम कर्मयोगी कर्म गर्दागर्दै कर्ममा लिप्त हुदैनन् ।

नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्श्रृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

भा.टी.- फेरि हे अर्जुन ! तत्वलाई जान्ने भएका सांख्ययोगी त देख्दा, सुत्दा, स्पर्श गर्दा, हिड्दा, खाँदा, ग्रहण गर्दा , त्याग गर्दा आँखा खोल्दा , चिम्लिदा पनि सबै ईन्द्रियहरुले आफ्ना आफ्ना अर्थमा अर्थात कर्ममा वर्ती रहेका छन् भन्ने यस्तो सम्झेर निःसन्देह यस्तो मान्दछन् कि म त केही पनि गर्दिन ।

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

भा.टी.- परन्तु हे अर्जुन ! देहाभिमानीहरुद्वारा यो साधना हुनु अत्यन्त कठिन छ । अरु निष्काम कर्मयोग सुगम छ । किनभने जुन पुरुष सबै कर्मलाई परमात्मालाई अर्पण गरेर फेरि आसक्तिलाई त्याग गरी कर्म गर्छ त्यो पुरुष जलका कमलपत्र सरी पापदेखि लिपायमान हुँदैन, अर्थात जस्तै तलाउको जलमा डुबेर रहेको कमलको पात पानीले नभिजी ओवानै रहन्छ उस्तै प्रकार ।

कायेन मनसा बुद्धचा केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

भा.टी.- यस निमित्त निष्काम कर्मयोगी अर्थात ममत्वबुद्धिदेखि रहित केवल ईन्द्रिय मन बुद्धि र शरीरद्वारा पनि आसक्तिलाई त्यागेर अन्तःकारणलाई शुद्ध गर्न नै कर्म गर्दछन् ।

युक्तःकर्मफलं त्यक्त्वा शान्तिमाप्नोतिनैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

भा.टी.- यस निष्काम कर्मयोगी कर्महरुको फललाई परमेश्वरमा अर्पण गरेर भगवतप्राप्ति रुप शान्तिमा प्राप्त हुन्छ । सकामी पुरुष फलमा आसक्त भएर कामनाद्वारा बाँधिन्छन् । यस निमित्त निष्काम कर्मयोग नै उत्तम हो ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

भा.टी.- फेरि हे अर्जुन ! जसले अन्तःकरण वशमा गरेको छ यस्तो सांख्ययोगलाई आचरण गर्नेवाला पुरुष त निःसन्देह नगर्दै र फेरि

नगराउदै नौ द्वारवाला शरीररुपी घरमा सबै कर्महरुलाई मनले त्यागेर अर्थात इन्द्रियहरुलाई इन्द्रियका अर्थादिमा वर्तन्छन् । यस्तो मानेर आनन्दपूर्वक सच्चिदानन्दघन परमात्माको स्वरुपमा स्थित रहन्छन् अर्थात बस्दछन् ।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

भा.टी.- फेरि त्यसमा परमेश्वर पनि भूत प्राणीहरुका न कर्तापनको न कर्मका फलैको संयोगले वास्तवमा रचना गर्दछ। परन्तु परमात्माका स्वभावदेखि प्रकृति नै बर्ताव गर्दछे अर्थात गुणै गुणमा वर्ती रहेको छ ।

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

भा.टी.- सर्वव्यापी परमात्मा न कसैको पाप कर्मलाई र न कसैको शुभ कर्मलाई नै ग्रहण गर्दछन् । तर मायाद्वारा ज्ञान ढाकिएको छ । यसै कारणले गर्दा सब जीव मायामा मस्त परेर मोहित भै रहेका छन् ।

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

भा.टी.- तर जसको त्यो अन्तःकरणको अज्ञान आत्माज्ञानद्वारा नाश भै गयो भने त्यसको त्यो ज्ञान सूर्यका (किरण) जस्तो भएर त्यो सच्चिदानन्दघन

परमात्मालाई प्रकाश गर्दछ अर्थात परमात्माका स्वरुपलाई साक्षात्कार गर्दछ ।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

भा.टी.- फेरि हे अर्जुन ! जसको मन तद्रूप छ, फेरि जसको एकै भावले निरन्तर उसै सच्चिदानन्दघन परमात्मामा नै स्थित छ यस्ता तत्परायण पुरुष ज्ञानद्वारा पापदेखि रहित भएर अपुनरावृत्तिमा अर्थात परमात्माका गतिमा प्राप्त हुन्छन् ।

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

भा.टी.- यस्तै ति ज्ञानीजन विद्या र विनयले युक्त भएका ब्राह्मण , गाई , हात्ती , कुकुर र चण्डालमा पनि समभावले हेर्नेवाला नै हुन्छन् ।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः ॥१९॥

भा.टी.- यस निमित्त जसको मन समत्वभावमा स्थित छ उनले यसै जीवित अवस्थामा नै सम्पूर्ण संसार जितेर लिए, किनभने सच्चिदानन्दघन परमात्मा निर्दोष र सम छन् । यसले ति सच्चिदानन्दघन परमात्मामा नै स्थित अर्थात बसेका छन् ।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेप्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥

भा.टी.- फेरि जो पुरुष प्रियलाई अर्थात जसको मनुष्यहरु प्रिय सम्झन्छन् । तिनलाई प्राप्त भएर हर्षित हुदैनन् । अनि अप्रियलाई अर्थात जसलाई मनुष्य अप्रिय मान्दछन् , तिनलाई प्राप्त भएर दु:खित नहुने र यस्तो स्थिर बुद्धि र संशयरहित ब्रह्मवेत्ता पुरुष सच्चिदानन्दघन परब्रह्म परमात्मामा एकै भावले नित्य स्थित छन् ।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

भा.टी.- अरु बाहिरका विषयादिमा अर्थात सांसारिक भोगादिमा आसक्तिरहित अन्तःकरणवाला पुरुष अन्तःकरणमा जो भगवत ध्यानजनित आनन्द छ , त्यसलाई प्राप्त हुन्छ । अनि त्यो पुरुष सच्चिदानन्दघन परब्रह्म्म परमात्मारुपीयोगमा एकै भावले स्थित भएर अर्थात बसेर अक्षय (कहिले नाश नहुने) आनन्दको अनुभव गर्दछ ।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥

भा.टी.- अनि जो यि इन्द्रिय र विषयादिका संयोग देखि उत्पन्न हुनेवाला सबै भोग हुन् ति (यद्यपि विषयी पुरुषहरुलाई सुखरुप भास्तछन् तर पनि) निःसन्देह दुखको हेतु हुन् । फेरि आदि

अन्तवाला अर्थात् अनित्य हुन् , यस निमित्त हे अर्जुन ! बुद्धिमान विवेकी पुरुष उनमा रम्दैनन् ।

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

भा.टी.- जो मनुष्य शरीरको नाश हुनु भन्दा पहिले नै काम र क्रोध देखि उत्पन्न भएका वेगलाई सहन गर्न समर्थ छन् अर्थात काम क्रोधादिलाई जसले हमेशाका लागि जितिसकेको छ भने त्यो मनुष्य यस लोकमा नै योगी हो , फेरी सुखी पनि हो ।

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

भा.टी.-जो पुरुष निश्चय गरेर अन्तरात्मामा नै सुखवाला हो , फेरि आत्मैमा आरामवाला हो , अनि जो व्यक्ति आत्मामा नै ज्ञानवाला छ यस्तो यो सच्चिदानन्द परमात्माका साथ एकभाव भएको सांख्ययोगी शान्तब्रह्ममा प्राप्त हुन्छ ।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

भा.टी.-अनि नाश भै गएको छ सम्पूर्ण पाप जति जसका , फेरि ज्ञानपूर्ण भएर निवृत्ति भै सकेको छ संशय जसका, अरु सम्पूर्ण भूत प्राणीहरुका हितमा छ भावना जसको , एकाग्र भएको छ

भगवानको ध्यानमा चित्त छ जसको यस्ता ब्रह्मवेत्ता पुरुष शान्त परब्रह्ममा प्राप्त हुन्छन् ।

कामक्रोधवियुक्तनां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् २६॥

भा.टी.- फेरि काम कोध देखि रहित जितेका चित्तवाला परब्रह्म परमात्मालाई साक्षात्कार गरेका ज्ञानीपुरुषहरुका लागि सबैतिरबाट शान्त परब्रह्म परमात्मा नै प्राप्त छ अर्थात यस्ता स्थिर पुरुषहरु सदा मुक्त हुन्छन् । कस्तै भएपनि संसारको बन्धनमा बाँधिदैनन् ।

स्पर्शान् कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥

भा.टी.- अरु हे अर्जुन ! बाहिरका विषय भोगादिलाई चिन्तन नगरेर बाहिरै त्यागेर फेरि आँखाका दृष्टिलाई भृकुटीका बिचमा स्थिर गरेर अर्थात नाकका छिद्रमा बाहिरभित्र गर्ने भएका प्राण र अपान वायुलाई सम गरेर ।

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

भा.टी.- जितिसकेको छ इन्द्रिय मन जसका यस्तो यो मोक्ष परायण मुनि ईच्छा भय र कोधादेखि रंहित भएको छ त्यो सधैका लागि मुक्तै हो ।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

भा.टी.- अनि फेरि हे अर्जुन ! मलाई यज्ञ र तपहरुको भोग भोग्नेवाला फेरि सम्पूर्ण लोकका ईश्वरका पनि ईश्वर तथा सम्पूर्ण भूतप्राणीहरुका सुहृद् अर्थात स्वार्थरहित प्रेमी मित्र यस्तो तत्वदेखि जानेर शान्तिलाई प्राप्त गर्दछ । अनि फेरि सच्चिदानन्दघन परिपूर्ण शान्त ब्रह्मका सिवाय उसका दृष्टिमा अरु केहि पनि रहदैन , केवल वासुदेव नै वासुदेव मात्र सबैतिर रहन्छन् ।

ॐ तत्सदित्ति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे ज्ञानकर्म संन्यासयोगो नाम पञ्चमोऽध्याय: ॥५॥



ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

षष्ठोऽध्यायः

भगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
ससंन्यासी च योगी च न निरग्निर्न चाक्रीयः ॥१॥

भा.टी.- त्यहाँ उप्रान्त भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ , हे अर्जुन ! जो पुरुष कर्मका फललाई नचाहेर पनि गर्नलाई योग्य भएको कर्म गर्दछ भने. त्यहि सन्यासी र योगी हो । अरु केवल अग्निलाई मात्र त्यागने भएका सन्यासी योगी होइनन् । फेरि केवल क्रियाहरुलाई त्यागने पनि सन्यासी योगी होइनन् ।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।
नह्यसंन्यस्तसङ्कल्पो योगी भवति कश्चन ॥२॥

भा.टी.- यस निमित्त हे अर्जुन ! जसलाई सन्यास जस्तो भनिन्छ उसैलाई तिमी योगी भन्ने जान , किनभने सङ्कल्पादिलाई नत्यागने वाला कोही कस्तै पुरुष पनि योगी हुन सक्दैन ।

आरुरुक्षोर्मुनेर्योगं कर्मकारणमुच्यते ।
योगारुढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

भा.टी.-अनि समत्वबुद्धिरुप योगमा आरुढ हुनाको इच्छा गर्नेवाला मननशील पुरुषका निमित्त योगका प्राप्तिमा निष्कामभावले कर्म गर्नु नै हेतु भनिएको छ । अरु फेरि योगारुढ भइसकेपछि त्यो योगारुढ पुरुषका लागि सर्व सङ्कल्पादिको अभाव नै कल्याणका हेतु भनिएको हो ।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।
सर्वसङ्कल्पसंन्यासी योगारुढस्तदोच्यते ॥४॥

भा.टी.-फेरि जसकालमा न त यिनीहरुका भोगादिमा आसक्तै हुन्छ, फेरि न कर्महरुमा नै आसक्त हुन्छन् । त्यस कालमा सर्वसङ्कल्पहरुको त्यागी पुरुष नै योगारुढ भनेर भनिन्छन् ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

भा.टी.- अरु यो योगारुढता कल्याण हेतु भनिएको छ । यस निमित्त मनुष्यको यो कर्तव्य हो कि आफैंद्वारा आफ्नो संसाररुपी समुद्रदेखि उद्धार गर्नु र आफ्ना आत्मालाई अधोगतिमा नलानु , किनभने यो जीवात्मा आफैं आफ्नो मित्र हो र फेरी आफैं आफ्नो शत्रु पनि हो । अर्थात कोही दोस्रो शत्रु वा मित्र छैन ।

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे बर्तेतात्मैव शत्रुवत् ॥६॥

भा.टी.- त्यस जीवात्माको त त्यो आफ्नै आत्मा नै मित्र हो , कारण जस जीवात्माद्धारा मन र इन्द्रियहरु सहितको शरीर जतेको

छ, अरु फेरि जसकाद्वारा मन र इन्द्रियहरु सहितको शरीर जितेको छैन त्यसको त्यो आफैं आफ शत्रुका सदृश तरह शत्रुमा बर्तन्छ ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

भा.टी.- फेरि हे अर्जुन ! जाडो गर्मी र सुखदुःखादिहरुमा अनि फेरि मान र अपमानमा जसका अन्तःकरणका वृतिहरु राम्रा प्रकारसँग शान्त छन् अर्थात विकारदेखि रहित भएका छन् भने यस्ता स्वाधीन आत्मावाला पुरुषका (ज्ञानमा) सच्चिदानन्दघन परमात्मा सम्यक् (राम्रा) प्रकारले स्थित भएका छन् अर्थात तिनका ज्ञानमा परमात्माका सिवाय अरु केही पनि छैन ।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

भा.टी.-अनि ज्ञान विज्ञानदेखि तृप्त छ अन्तःकरण जसको, तथा विकारदेखि रहित छ स्थिति जसको अरु राम्रा प्रकारसँग जितिएका छन् सम्पूर्ण इन्द्रियहरु जसको , फेरि समान छ माटो पत्थर अर्थात ढुंगो माटो सुवर्णहरु पनि जसको त्यो योगीयुक्त अर्थात भगवतप्राप्त भईसकेको हो भन्ने यस्तो भनिन्छ ।

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

भा.टी.- अरु जो पुरुष सुहृद् मित्र , वैरी , उदासिन ,मध्यस्थ द्वेषी र बन्धुगणहरुमा तथा धर्मात्माहरुमा र पापीहरुमा पनि समान भाववाला छ त्यो अत्यन्त श्रेष्ठ असल हो ।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

भा.टी.-यस निमित्त यो उचित हो कि जसको मन इन्द्रियहरु सहितको शरीर जितिएको छ यस्तो वसनारहित र संग्रहरहित योगी एक्लै नै एकान्त स्थानमा स्थित भएर अर्थात बसेर निरन्तर आफूलाई परमेश्वरको ध्यानमा लगाओस् ।

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥

भा.टी.- कस्तो भने शुद्ध भूमि मा कुश मृगछाला र वस्त्र छ त्यसका उपरमा जसको यस्ता आफ्ना आसनलाई न अति उच्चो न अति होचो यस्तो स्थिर र समान आसन स्थापना गरेर ।

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

भा.टी.- अनि त्यस आसनमा बसेर मनलाई एकाग्र गरि चित्त र इन्द्रियहरुका कियालाई वशमा गरेर अन्तःकरण शुद्धिका लागि योगको अभ्यास गर्नु ।

समंकायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
संप्रेक्ष्य नासिकाग्रंस्वं दिशश्चानवलोकयन् ॥१३॥

भा.टी.- त्यसको विधि यस्तो प्रकारको छ कि काय शिर र ग्रीवालाई सीधा र अचल धारण गरी दृढ भएर आफ्ना नाकका अग भागमा हेरेर अरु दिशालाई नहेरिकन ।

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयस्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

भा.टी.- ब्रह्मचर्यका व्रतमा रहीकन भयदेखि रहित र अत्यन्त राम्रा प्रकारले शान्त अन्तःकरणवाला अति सावधान भएर मनलाई वशमा गरी मैमा लागेको चित्तवाला र अनि मैमा परायण भएर स्थित हुनु अर्थात बस्नु ।

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमांमत्संस्थामधिगच्छति ॥१५॥

भा.टी.- यस प्रकार आफूलाई निरन्तर परमेश्वरका स्वरुपमा लगाउने स्वाधीन मनवाला योगीजन मेरैमा स्थितरुप परमानन्द पराकाष्टावाला शान्तिमा प्राप्त हुन्छ ।

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

भा.टी.- हे अर्जुन ! यो योग कस्तो छ भने न त अत्यन्त धेरै खानेलाई सिद्ध हुन्छ , न त बिल्कुलै नखानेलाई सिद्ध हुन्छ, फेरि

न अत्यन्त सुत्नेलाई नै सिद्ध हुन्छ , न फेरि अति जागा रहनेलाई सिद्ध हुन्छ अर्थात यी नियम विरुद्ध गर्नेलाई योगको सिद्धि कहिल्यै पनि हुँदैन ।

युक्तहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

भा.टी.- दुःखादिको नाश गर्ने योग यथायोग्य आहार र विहार गर्ने तथा कर्मादिमा पनि यथायोग्य चेष्टा गर्ने र यथायोग्य शयनादि क्रिया गर्नेलाई नै सिद्ध हुन्छ ।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

भा.टी.- यस प्रकार योगको अभ्यासले अत्यन्त वशमा गरिएको चित्त जुन कालमा परमात्मा नै राम्रा प्रकारले स्थित हुन्छ , त्यस कालमा सम्पूर्ण कामनादेखि स्पृहारहित भएको पुरुष योगयुक्त यस्तै भनिन्छ ।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

भा.टी.- जस्ता प्रकारले वायु रहित स्थानमा राखेको दीयो चलायमान हुदैन त्यस्तै उपमा अनुसार परमात्माका ध्यानमा लागेको योगीले जितिएको चित्त भनिएको छ ।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

भा.टी.- अनि हे अर्जुन ! जुन अवस्थामा योगका अभ्यासले निरुद्ध भएको चित्त उपराम हुन्छ , फेरि जुन अवस्थामा परमेश्वरका ध्यानदेखि शुद्ध भएका बुद्धिद्वारा परमात्मालाई साक्षात्कार गरेर सच्चिदानन्दघन परमात्मानै सन्तुष्ट हुन्छन् ।

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः॥२१॥

भा.टी.- इन्द्रियहरुदेखि अतीत केवल शुद्ध भएका शूक्ष्म बुद्धिद्वारा ग्रहण गर्न योग्य जो अनन्त आनन्द छ, त्यसको जुन अवस्थामा अनुभव गर्दछ, फेरि जुन अवस्थामा स्थित भएको यो योगीलाई भागवत स्वरुपदेखि चलायमान हुँदैनन् ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

भा.टी.- फेरि परमेश्वर प्राप्तिरुप जुन लाभमा प्राप्त भएर त्यस देखि ठूलो दोस्रो केहि पनि लाभ मानिदैन, अरु भगवतप्राप्तिरुप जुन अवस्थामा स्थित भएका योगीलाई जस्तै बडो भारी दुःख परोस् तापनि तिनीहरु चलायमान हुँदैनन् ।

तं विद्याद्दुःखसंयोगवियोगं योगसंज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

भा.टी.- दु:खरुपी संसारका संयोग र वियोगदेखि रहित जसको नाम योग हो , त्यसलाई जान्नु पर्छ । त्यो योग नउकताएका चित्तले अर्थात् तत्पर भएका चित्तले निश्चय गर्नु कर्तव्य हो ।

सङ्कल्पप्रभवान् कामांस्त्यक्त्वा सर्वानशेषत: ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्तत: ॥२४॥

भा.टी.- यस निमित्त मनुष्यको यो कर्तव्य हो कि सङ्कल्पदेखि उत्पन्न हुनेवाला सम्पूर्ण कामनाहरुका नि:शेषतादेखि अर्थात वासनामा र आसक्ति सहितलाई त्यागेर मनद्वारा इन्द्रियहरुका समूदायलाई सबैतिरबाट राम्रा प्रकारले वशमा गरेर ।

शनै: शनैरुपरमेद्बुद्धया धृतिगृहीतया ।
आत्मसंस्थं मन: कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

भा.टी.- कमपूर्वक अभ्यासले उपरामतामा प्राप्त हुनु , फेरि धैर्ययुक्त बुद्धिद्वारा मनलाई परमात्मामा स्थिर गरेर परमात्माका सिवाय अरु केहि पनि चिन्तन नगर्नु ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

भा.टी.- तर जसको मन वशमा भएको छैन , तिनको यो कर्तव्य हो कि यो स्थिर नरहनेवाला र चञ्चल मन जुन कारणले सांसारिक पदार्थमा विचर्दछ ,अर्थात डुल्दछ त्यस देखि रोकेर

बारम्बार परमात्माकै तर्फमा लागेर निरोध गर्नु अर्थात स्थिर गराउनू ।

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

भा.टी.- किनभने जसको मन राम्रा तरह सँग शान्त छ , फेरि जो पापदेखि रहित छ , अरु जसको रजोगुण शान्त भईगएको छ , यस्तो सच्चिदानन्दघन परब्रह्मका साथ एकै भाव भएको योगीलाई अत्यन्त उत्तम आनन्द प्राप्त हुन्छ ।

यञ्जन्नेवं सदाऽत्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

भा.टी.- अनि त्यो पापरहित योगी यस्ता प्रकारले निरन्तर आत्मालाई परमात्मामा लगाएर सुखपूर्वक परब्रह्म परमात्मा प्राप्तिरुपी अनन्त आनन्दको अनुभव गर्दछ ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

भा.टी.- सर्वव्यापी अनन्त चेतनामा एकैभावले स्थितरुप योगद्वारा युक्त भएको आत्मावाला र सबैमा समभावले हेर्ने भएको योगी आत्मालाई सम्पूर्ण भूतादिमा बरफ अर्थात हिउँमा पानीको सदृश व्यापक देख्दछ । अरु सम्पूर्ण भूतादिलाई आत्मैमा देख्दछ । अर्थात जस्तै स्वप्नबाट जागेको पुरुष स्वप्नको संसारलाई आफ्ना

अन्तर्गत संकल्पको आधार देख्दछन् । उस्तै त्यो पुरुष सम्पूर्ण भूतहरुलाई आफ्ना सर्वव्यापी अनन्त चेतन आत्माका अन्तर्गत संकल्पको आधार देख्दछ ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

भा.टी.- अरु जो पुरुष सम्पूर्ण भूतहरुमा सबैका आत्मास्वरुप म वासुदेवलाई नै व्यापक देख्दछन् , फेरि सम्पूर्ण भूतादिलाई म वासुदेवका अन्तर्गत देख्दछन् भने तिनका निमित्तमा म अदृश्य हुन्न , किनभने ति मःमा एकै भावले स्थित छन् ।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्नमानोऽपि स योगी मयि वर्तते ॥३१॥

भा.टी.- यस्ता प्रकारले जो पुरुष एकै भावमा स्थित भएर सम्पूर्ण भूतादिमा आत्मा रुपैले स्थित म सच्चिदानन्दघन वासुदेवलाई भज्दछन् , ति योगी सबै प्रकारले बर्ताव गरेर पनि मैमा ने बर्तन्छन् , किनभने तिनका अनुभवमा मेरा सिवाय अरु केहि छँदैछैन ।

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

भा.टी.- फेरि हे अर्जुन ! जो योगी आफ्ना सदृश्यताले सम्पूर्ण भूतहरुमा सम देख्दछन् र सुख वा दुःखलाई पनि सबैमा समभावले देख्दछन् भने त्यो योगी अत्यन्त परम श्रेष्ठ मानिएको छ ।

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहंनपश्यामिचञ्चलत्वात्स्थितिंस्थिराम् ॥३३॥

भा.टी.- यस्ता प्रकारले भगवान श्रीकृष्णका वचन सुनेर अर्जुन विन्ती गर्नुहुन्छ , हे मधुसूदन ! यसलाई मैले मेरा मनका चञ्चलताले अर्थात चञ्चल हुनाले धेरैकाल बेला सम्म टिक्नेवाला स्थितीलाई देख्दिन ।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

भा.टी.- किनकि हे कृष्ण ! यो मन बडो चञ्चल र बडो प्रमथन (मथन गरेर नसकिने) स्वभाववाला त बडो दृढ र अनि फेरि बलवान छ यस निमित्त त्यसलाई वशमा गर्नु म त वायुझैं अत्यन्त दुष्कर मान्दछु ।

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वेराग्येण च गृह्यते ॥३५॥

भा.टी.- यस्ता प्रकारसँग अर्जुनले सोधेपछि भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ कि हे महाबाहो ! निःसन्देह मन चञ्चल र अत्यन्त कठिनताले मात्रै वशमा हुनेवाला हो । तर हे कुन्तीपुत्र अर्जुन ! अभ्यास अर्थात स्थित गराउनका लागि बारम्बार प्रयत्न

गर्नाले र वैराग्य धारण गर्नाले वशमा हुन्छ । यसका निमित्त यो मनलाई अवश्य पनि वशमा गर्नु पर्छ ।

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः॥३६॥

भा.टी.- किनभने मनलाई वशमा नगर्नेवाला पुरुषद्वारा योग दुष्प्राप्य छ अर्थात प्राप्त हुन कठिन छ । फेरि स्वाधीन मनवाला प्रयत्नशील पुरुषद्वारा साधन गर्नाले प्राप्त हुन सहज छ भन्ने मेरो मत छ ।

<u>अर्जुन उवाच</u>

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिंकांगतिंकृष्ण गच्छति ॥३७॥

भा.टी.- यस्ता कुरा सुनेर फेरि अर्जुन विन्ति गर्नुहुन्छ हे कृष्ण ! योग देखि चलायमान भएको छ यस्तो यो मन जसको यस्ता शिथिल प्रयत्नवाला श्रद्धा युक्त पुरुष योगका सिद्धिमा अर्थात भगवान साक्षात्कारमा प्राप्त नभएर कुन गतिम प्राप्त हुन्छन् ।

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथिः ॥३८॥

भा.टी.- फेरि हे मधुसुदन ! के त्यो भगवतप्राप्तिका मार्गमा मोहित भएको आश्रयसहित पुरुष छिन्नभिन्न अर्थात फाटेका

बादल झैं दुबै तर्फदखि अर्थात भगवतप्राप्ति र सांसारिक भोगदिदेखि भ्रष्ट भएर नष्ट त हुदैन ।

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

भा.टी.- हे कृष्ण ! मेरा यस संशयलाई सम्पूर्णताले छेदन गर्न अर्थात काट्नका लागि तपाईनै योग्य हुनुहुन्छ , किनभने तपाईदेखि सिवाय दोस्रो यो मेरो संशयको छेदन गर्नेवाला मिल्न सम्भव छैन अर्थात असम्भव छ ।

भगवनुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत् कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

भा.टी.- यस्ता प्रकारसँग अर्जुनले सोधेको प्रश्न सुनेर भगावन श्रीकृष्ण आज्ञा गर्नुहुन्छ कि हे पार्थ ! त्यस पुरुषको न त यस लोकमा न परलोकमा नै नाश हुन्छ , किनकि हे प्रिय अर्जुन ! कही पनि शुभ कर्म गर्नेवाला अर्थात भगवत अर्थ कर्म गर्ने कहिले पनि दुर्गतिमा प्राप्त हुदैनन् अर्थात त्यसले नर्क आदिको भोग भोग्नु पर्दैन ।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

भा.टी.- परन्तु त्यो योग भ्रष्ट पुरुष पुण्यवानहरुका लोकको अर्थात स्वर्गादि उत्तम लोकमा प्राप्त भएर अर्थात गएर अर्थात त्यहाँ धेरै कालसम्म वास गर्छ र फेरि शुद्ध आचरण गर्नेवाला श्रेष्ठ पुरुषको घरमा जन्म ग्रहण गर्दछ ।

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

भा.टी.- वैराग्यवान पुरुष त्यो लोकमा गएर ज्ञानवान योगीहरुको कूलमा जन्म लिन्छन् , तर यस प्रकारको जो त्यो जन्म हो सो यो संसारमा निःसन्देह अत्यन्त दुर्लभ हो अर्थात यस्तो सबैले पाउँदैनन् ।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

भा.टी.- अरु ति पुरुषहरु वहाँ त्यो पहिला शरीरमा साधन गरेका बुद्धिका संयोगको अर्थात समत्व बुद्धिरुप संसारको अनायासै प्राप्त हुन्छ , हे कुरुनन्दन ! त्यसका प्रभावले फेरि राम्रा प्रकारले भगवत प्राप्तिका निमित्त प्रयत्न गर्दछ ।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

भा.टी.- फेरि त्यो विषयादिको वशमा भएर पनि उस पहिलेका अभ्यासले नै निःसन्देह भगवतप्राप्तिका तर्फमा आकर्षित गरिन्छ

अर्थात खिचिन्छ तथा समत्वबुद्धिरुप योगको जिज्ञासु पनि वेदमा भनिएका कर्महरुका फललाई उल्लङ्घन गरिदिन्छ ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्विषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

भा.टी.- अनेक जन्मको सिद्धि प्रयत्नपूर्वक अभ्यास गर्ने योगी पापदेखि रहित भएर परमपदमा प्राप्त हुन्छ ।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुनः ॥४६॥

भा.टी.- किनभने योगी तपस्वीहरु देखि श्रेष्ठ छन् , अरु शास्त्रका ज्ञानवालाहरु देखि पनि श्रेष्ठ मानिएका छन् , अनि फेरि अरु सकाम कर्म गर्नेवालाहरुदेखि पनि योगी नै श्रेष्ठ हुन् , यस निमित्त हे अर्जुन ! तिमी पनि योगी हौ ।

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

भा.टी.- फेरि हे अर्जुन ! सम्पूर्ण योगीहरुमा पनि जो श्रद्धावान् योगी मेरैमा चित्त लगाएर अन्तरआत्माले मेरैमा भज्दछन् ती योगी परम श्रेष्ठ मान्य हुन् अर्थात म तिनीहरुलाई अत्यन्त मान्दछु ।

ॐ तत्सदित्ति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे आत्मासंयमयोगो नाम षष्ठोऽध्यायः ॥६॥

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगती

सप्तमोऽध्यायः

भगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

भा.टी.- तहाँ उप्रान्त भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ कि हे पार्थ ! तीमी ममा अनन्यभावले प्रेमले आसक्त भएर फेरि अनन्य भावले ममा परायण अर्थात योगमा लागेर ममा भएका सम्पूर्ण विभूती बल ऐश्वर्यादि गुणले युक्त सबैको आत्मारुप जस्ता प्रकारले संशयरहित जान्नेछौ त्यो सुन ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेहभूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

भा.टी.- म तीम्रा निमित्तमा यस रहस्य सहित भएका तत्वज्ञानलाई सम्पूर्णताबाट भन्दछु , जसलाई जानेर यस संसारमा फेरि केहि पनि जान्न योग्य वस्तु शेष रहँदैन ।

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

भा.टी.- तर हजारौं मनुष्यमा विरला कोही मनुष्य मात्र मेरा प्राप्तिका लागि प्रयत्न गर्दछन् । अरु फेरि ती प्रयत्न गर्ने योगी मध्यमा पनि कोही कोही पुरुष मात्र (ममा परायण भएका) मेरा तत्वलाई जान्दछन् अर्थात यथार्थ मर्मले जान्दछन् ।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहंकार इतीयं मे भिन्ना प्रकृतीरष्टाधा ॥४॥

भा.टी.- अनि फेरि हे अर्जुन ! पृथ्वी, जल, अग्नि, वायु र आकाश अरु मन, बुद्धि र अहंकार पनि यसै यी आठ प्रकारले विभक्त भएका मेरा वेग्लाबेग्लै प्रकृती छन् ।

अपरेयमितस्त्वन्यां प्रकृतीं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

भा.टी.- यी आठ प्रकारका भेदवाला त अपरा हुन् अर्थात मेरा जड प्रकृती हुन् , अरु हे महाबाहो ! यस देखि दोस्रालाई मेरो जीवरुप परा अर्थात चेतन प्रकृती जान्नु , किनकि जसदेखि यो सम्पूर्ण जगत धारण गरिन्छ ।

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

भा.टी.- अरु हे अर्जुन ! तीमी यस्तो सम्झ कि सम्पूर्ण भूत यी दुबै प्रकृती देखि नै उत्पत्ति भएका हुन् , फेरि मै जगतको

उत्पत्तिरुप र प्रलयरुप हूँ अर्थात सम्पूर्ण जगतको मूलकारण नै मै हूँ।

मत्तः परतरं नान्यत् किंचिदस्ति धनंजय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

भा.टी.-यस निमित्त हे धनञ्जय ! मदेखि सिवाय किंचित् मात्र पनि अर्थात अलिकती पनि दोस्रो वस्तु छैन , यो सम्पूर्ण जगत धागाको डोरामा मणि आदिका मालाहरु उने झैं मैमा सबै उनिएको छ ।

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

भा.टी.-कसरी भने हे अर्जुन ! जलमा रस मै हूँ , फेरि चन्द्रमा र सूर्यमा प्रकाश शक्ति अर्थात प्रकाश गराउने मै हूँ , अरु सम्पूर्ण वेदहरुमा ॐकार पनि मै हूँ । आकाशमा शब्द र पुरुषहरुमा पुरुषत्व पनि मै हूँ , दोस्रो कोहि पनि छैन ।

पुण्यो गन्धःपृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

भा.टी.- फेरि पृथ्वीमा पवित्र गन्ध र अग्निमा तेज पनि मै हूँ । सम्पूर्ण भूतहरुमा जीवन मै हूँ अर्थात जसका आधारले ती बाँचेका छन् त्यो प्राण शक्ति पनि मै हूँ फेरि तपस्वीहरुको तप पनि मै हूँ ।

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

भा.टी.- त्यस्तै हे अर्जुन ! तीमी सम्पूर्ण भूतहरुको सनातन कारण पनि मलाई नै जान , म बुद्धिमानहरुको बुद्धि र तेजस्वीहरुको तेज हूँ ।

बलं वलावतां चाहं कामरागविवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

भा.टी.-अनि हे भरत श्रेष्ठ ! म बलमान्हरुको आसक्ति र कामनाहरु देखि रहित बल अर्थात सामर्थ्य हूँ । अरु सम्पूर्ण भूतहरुमा धर्मको अनुकूल अर्थात शास्त्रको अनुकूल काम पनि मै हूँ ।

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेती तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

भा.टी.- त्यस्तै अरु पनि जो सत्वगुणदेखि उत्पन्न हुने भाव छन् , अरु जो रजोगुण र तमोगुणदेखि उत्पन्न हुने भाव छन् , ती सबैलाई तीमी म देखि नै हुने हुन् भन्ने यस्तो जान । तर वास्तवमा तीनमा म छु र ती ममा छैनन् ।

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।
मोहितं नाभिजानाती मामेभ्यः परमव्ययम् ॥१३

भा.टी.- परन्तु गुणहरुका कार्यरुप अर्थात सातीवक , राजस र तामस यी तीनै प्रकारका भावहरुदेखि यो सबै संसार मोहित भईरहेका छन् । यस निमित्त यी तीनै गुणहरुदेखि पर म अविनाशीलाई कती पनि जान्दैनन् ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

भा.टी.- किनभने यो अलौकिक अर्थात अत्यन्त अद्‌भूत त्रिगुणमयी मेरी योगमाया दुस्तर छे । परन्तु जो पुरुष मलाई नै निरन्तर भजन गर्दछ त्यो यस दुरुस्त अर्थात कसैले पनि जितेर जिती नसकिने भएको मायालाई उल्लङ्घन गरेर जान्छन् । अर्थात संसाररुपी महासागरदेखि तरेर पनि जान्छन् ।

न मां दुष्कृतीनो मूढाः प्रपद्यन्ते नराधमाः ।
मययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥

भा.टी.- यस्तो सुगम उपाय छ तापनि मायाद्वारा हरिएको ज्ञानवाला र आसुरी धारण गरेका फेरि मनुष्यहरुमा नीच र दूषित कर्म मूढ मेरो भजन गर्दैनन् ।

चतुर्विधा भजन्ते मां जनाः सुकृतीनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥

भा.टी.-भरतवंशीहरुमा श्रेष्ठ हे अर्जुन ! उत्तम कर्म गर्ने अर्थार्थी, आर्त, जिज्ञासु र ज्ञानी अर्थात निष्कामी यस्ता चार प्रकारका भक्तजन मेरा भजन गर्दछन् ।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिविशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

भा.टी.- तीनमा पनि नित्यप्रती ममा एकै भावले स्थिर भएर (बसेर) अनन्य प्रेम भक्तिवाला ज्ञानीभक्त अत्यन्त उत्तम हुन् , किनभने (मलाई तत्वदेखि जान्ने भएका) ज्ञानीजनको म अत्यन्त प्रिय छु , फेरि ती ज्ञानी मेरा अत्यन्तै प्रिय छन् ।

उदाराः सर्व एवैते ज्ञानी त्वत्मैव मे मतम् ।
आस्थितः सहियुक्तात्मामामेवानुत्तमां गतीम् ॥१८॥

भा.टी.- यद्यपी यी सबै नै उदार छन् अर्थात श्रद्धा सहित मेरा भजनका निमित्तमा॰ समय लगाउने हुनाले उत्तम हुन् । परन्तु ती मध्ये ज्ञानी त साक्षात् मेरै स्वरुप हुन् भन्ने यस्तो मेरो मत छ , किनभने ती स्थिरबुद्धियुक्त ज्ञानीभक्त अती उत्तम गती स्वरुप मैमा अती असल प्रकारले छन् ।

बहूनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते ।
वासुदेवः सर्वमिती स महात्मा सुदुर्लभः ॥१९॥

भा.टी.- धेरै जन्मका अन्तमा तत्वज्ञान प्राप्त भएका ज्ञानीजन वासुदेव नै हुन् भनेर मलाई भज्दछन् , यस्ता महात्मा अत्यन्त दुर्लभ हुन्छन् ।

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

भा.टी.- जो विषयासक्त पुरुष छन् ती त आफ्नै स्वभावले प्रेरित गरिएर त्यस भोगहरुको कामनाद्वारा ज्ञानले भ्रष्टभएका त्यस नियमलाई धारण गरेर अन्य अन्य देवताहरुको भजन गर्दछन् अर्थात पूज्दछन् ।

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छती ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

भा.टी.- जो जो सकामी भक्त जुन जुन देवताका स्वरुपलाई श्रद्धाले पूज्ने इन्छा गर्दछन् , त्यस त्यस भक्तको म उसै देवताका प्रती उसको श्रद्धा स्थिर गरिदिन्छु ।

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान् मयैव विहितान् हि तान्
॥२२॥

भा.टी.- अनि ती पुरुष त्यस श्रद्धाले युक्त भएर ती देवताहरुको पूजन गर्ने चेष्टा गर्दछन् , अरु फेरि ती देवतादेखि मद्वारा नै विधान गरेको त्यो इच्छित भोगादिको निःसन्देह प्राप्ति हुन्छ ।

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

भा.टी.-तर ती अल्पबुद्धिहरुको त्यो फल नाशवान छ, देवताहरुको पूजन गर्ने देवताहरुमा प्राप्त हुन्छन् । अरु फेरि मेरा

भक्त चाहे जस्ता प्रकारले भजुन आत्मा ती ममा नै प्राप्त हुन्छन् ।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

भा.टी.- यस्तो हुँदा पनि सबै मनुष्य मेरो भजन गर्दैनन् यसको कारण यो हो कि बुद्धिहीन पुरुष मेरो अनुत्तम अर्थात जसदेखि उत्तम अरु केहि पनि छैन , यस्ता अविनाशी परम भावना अर्थात अजन्मा अविनाशी भएर पनि आफ्ना भावले प्रकट हुन्छ, यस्तालाई तत्वदेखि नजानी मन इन्द्रियहरुदेखि पर म सच्चिदानन्दघन परमात्मालाई मनुष्य झै जन्मेर व्यक्ति भावमा प्राप्त भएको मान्दछन् ।

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाती लोको मामजमव्ययम् ॥२५॥

भा.टी.-अनि आफ्नी योगमायादेखि छिपेको म सबैका प्रत्यक्ष अर्थात सामुन्ने हुन्न । यस निमित्त यी अज्ञानी मनुष्यहरु म जन्म देखि रहित अविनाशि परमात्मालाई तत्वदेखि विचार गरेर जान्दैनन् अर्थात मलाई जन्मने र मर्ने सम्झन्छन् ।

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

भा.टी.-हे अर्जुन ! पहिले व्यतीत भएका अरु वर्तमानमा स्थित र अगाडि हुने सबै भूतहरु म राम्रा प्रकारले जान्दछु , परन्तु मलाई कोहि पनि श्रद्धा भक्ति रहित पुरुष जान्दैनन् ।

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ॥२७॥

भा.टी.- किनभने हे भरतवंशी अर्जुन ! संसारमा इच्छा र द्वेषदेखि उत्पन्न भएका सुख दुःखादि द्वन्दरुपी मोहले सम्पूर्ण प्राणीहरु अत्यन्तै अज्ञानतामा प्राप्त भईरहेका छन् ।

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

भा.टी.- परन्तु निष्काम भावले श्रेष्ठ कर्महरुको आचरण गर्ने जुन पुरुषहरु र पाप नष्ट भएर गएको छ ती रागद्वेषादि द्वन्दरुपी मोहबाट मुक्त भएका फेरि अरु दृढ निश्चयवाला पुरुष मलाई सर्व प्रकारले भज्दछन् ।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥

भा.टी.- अरु जो मेरा शरणमा आएर जन्म र मरण देखि छुट्नका लागि प्रयत्न गर्दैछन् ,ती पुरुष त्यस ब्रह्म अनि सम्पूर्ण अध्यात्म र सम्पूर्ण कर्मलाई जान्दछन् ।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तिचेतसः ॥३०॥

भा.टी.- जो पुरुष अधिभूत र अधिदैवले सहित तथा अधियज्ञका सहित सबैको आत्मरुपी मलाई जान्दछन् , ती मुक्त चित्तवाला पुरुष अन्तकालमा (मरणका बेलामा) पनि मलाई नै जान्दछन् अथात मैमा प्राप्त हुन्छन् ।

ॐ तत्सदिति श्रीमदभागवद्गतीसूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे ज्ञानविज्ञानयोगो नाम सप्तमोऽध्यायः ॥७॥

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगती

अष्टमोऽध्यायः

अर्जुन उवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूत. च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

भा.टी.- यस्ता प्रकारका भगवानका वचन सुनेर पनि नसम्झी अर्जुन विन्ति गर्दछन् कि हे पुरुषोत्तम ! जसको हजुरले वर्णन गर्नुभयो त्यो ब्रह्म के हो ? फेरि अध्यात्म के हो ? कर्म के हो ? अधिभूत कसलाई भनिएको हो ? अनि फेरि आधिदैव नामले कसलाई भनिएको हो ?

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

भा.टी.- हे मधुसुदन ! यो अधियज्ञ भनेको के हो ? अरु त्यो यस शरीरमा कसरी बसेको छ ? अनि फेरि युक्त चित्तवाला पुरुषहरुद्वारा अन्त समयमा हजुर कुन प्रकार बाट जानिनुहुन्छ ?

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकारो विसर्गः कर्मसंज्ञितः ॥३॥

भा.टी.- यस्ता प्रकारले अर्जुनले प्रश्न गरेको सुनी भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ ! हे अर्जुन ! परम अक्षर जसको कहिले नाश हुँदैन यस्ता सच्चिदानन्दघन परमात्मा ब्रह्म हुन, अरु आफ्नो स्वरुप अर्थात जीवात्मा अध्यात्म नामले भनिन्छ , फेरि भूतहरुका भावलाई उत्पन्न गर्ने शास्त्रविहित यज्ञ, दान र होम आदिका निमित्त जो द्रव्यादिहरुको त्याग छ ,त्यो कर्मको नामले भनिएको छ ।

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहेभृतां वर ॥४॥

भा.टी.- उत्पती विनाश धर्मवाला पदार्थ अधिभूत हो , हिरण्यमय पुरुष आधिदैव हो । अरु फेरि देहधारी मध्यमा श्रेष्ठ भएका अर्जुन ! यसै शरीरमा म वासुदेव नै विष्णुका रुपले अधियज्ञ भएर बिराजमान भएको छु ।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाती स मद्भावं यती नास्त्यत्र संशयः ॥५॥

भा.टी.- फेरि जो पुरुष अन्तकालमा मर्नेबेला मलाई नै स्मरण गर्दा गर्दै यो शरीरलाई त्यागदछ , त्यो साक्षात् मेरै रुपमा प्राप्त हुन्छ , यसमा कती पनि सन्देह छैन ।

यं यं वाऽपि स्परन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैती कौन्तेय सदा तद्भावभावितः ॥६॥

भा.टी.- कारण यस्तो छ कि हे कुन्तीपुत्र अर्जुन ! जो मनुष्य अन्तकालमा जुन जुन भावको चिन्तन गर्दै शरीरलाई त्यागदछ , त्यस त्यसमा नै प्राप्त हुन्छ , तर सदा उसै भावको चिन्तना गर्दै , किनभने सदासर्वदा जुन भाव को चिन्तन गर्दछ , अन्तकालमा पनि प्रायः उसै वस्तुको स्मरण हुन्छ । यसै कारणले पहिलेदेखि मेरो भजन गरे अन्तकालमा मेरै सम्झना रहन्छ , अरु वस्तुमा जाँदैन र त्यो मैमा प्राप्त हुन्छ ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

भा.टी.- यस निमित्त हे अर्जुन ! तीमी सबै समयमा निरन्तर मेरो स्मरण गर , फेरि युद्ध पनि गर । यस्ता प्रकार मेरामा अर्पण गरिसकेका मन बुद्धिले युक्त भएर निःसन्देह मैमा नै प्राप्त हुन्छन् ।

अभ्यसयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याती पार्थानुचिन्तयन् ॥८॥

भा.टी.-फेरि हे पार्थ ! यो नियम छ कि परमेश्वरका ध्यानमा अभ्यासरुप योगले युक्त अरु तर्फ नजाने चित्तले निरन्तर चिन्तन गर्दै पुरुष परम प्रकाशरुप दिव्यपुरुषमा अर्थात परमेश्वरमा नै प्राप्त हुन्छ ।

कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरुपमादित्यवर्ण तमसः
परस्तात्॥९॥

भा.टी.- यस कारणले जो पुरुष सर्वज्ञ अनादि, सबका नियन्ता सानु भन्दा पनि अती शूक्ष्म , सबैलाई धारण पोषण गर्ने , अचिन्त्य (चिन्तन गरेर नसकिने) स्वरुप , सूर्यका सदृश नित्य चेतन प्रकाशरुप अविद्यादेखि पनि अती पर शुद्ध सच्चिदानन्दघन परमात्मालाई स्मरण गर्दछ ।

प्रायाणकाले मनसाऽचलेन
भक्तया युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैती दिव्यम् ॥१०॥

भा.टी.- त्यो भक्तियुक्त पुरुष अन्तकालमा पनि योगबलले भृकुटीका मध्यमा प्राणलाई राम्रा प्रकारले स्थापना गरेर फेरि निश्चल मनले स्मरण गर्दै उस दिव्यस्वरुप परम पुरुष परमात्मामानै प्राप्त हुन्छ ।

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वतीरागाः ।
यदिच्छन्तो ब्रह्मचर्य चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

भा.टी.-फेरि हे अर्जुन ! वेदलाई जान्ने विद्वान जुन सच्चिदानन्दघनस्वरुप परमपदलाई ॐकार नामले भन्छन् , फेरि

आसक्तिरहित प्रयत्नशील महात्माजन जसमा प्रवेश गर्दछन् , अनि जुन परमपदलाई चाहने ब्रह्मचर्यको आचरण गर्दछन् , त्यस परमपदलाई तीम्रा लागि म संक्षेपले भन्छु ।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

भा.टी.- हे अर्जुन ! सबै इन्द्रियका द्वारलाई रोकेर अर्थात इन्द्रियहरुलाई विषयदेखि हटाएर फेरि मनलाई हृदयमा स्थिर गरेर आफ्नो प्राणलाई मष्तकमा रोकेर , योगधारणामा स्थित भएको ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाती त्यजन् देहं स याती परमां गतीम् ॥१३॥

भा.टी.- जो पुरुष ॐ यस एक अक्षररुप ब्रह्मको उच्चारण गर्दै (फेरि त्यसमा अर्थ स्वरुप) मेरो चिन्तन गर्दै शरीरलाई त्यागदछ भने त्यो पुरुष परम गतीमा प्राप्त हुन्छ ।

अनन्यचेताः सततं यो मां स्मरती नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥

भा.टी.- हे पार्थ ! जो पुरुष ममा अनन्य चित्तले स्थित भएर निरन्तर मेरो स्मरण गर्दछ, त्यस निरन्तर मैमा युक्त भएका योगीका निमित्त म सुलभ छु , अर्थात सहजै प्राप्त हुन्छु ।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

भा.टी.- अरु ती परम सिद्धिमा प्राप्त भएका महात्मा जुन मैमा प्राप्त भएर दुःखको स्थान रुपी क्षणभङ्गुर पुनर्जन्ममा प्राप्त हुँदैनन् , अर्थात तीनीहरुको पुनर्जन्म हुँदैन ।

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तीनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

भा.टी.- किनभने हे अर्जुन ! ब्रह्मलोकदेखि लिएर सबैलोक पुनरावर्ती स्वभाववाला छन् , तर हे कुन्तीपुत्र ! ममा प्राप्त भएर फेरि यसको पुनरावृत्ति अर्थात पुर्नजन्म हँदै्न किनभने म कामातती हूँ , अरु यी सबै ब्रह्मादिहरुका लोक कालका अवधिवाला हुनाले अनित्य छन् ।

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणे विदुः ।
रात्रि युगसहस्त्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

भा.टी.- हे अर्जुन ! ब्रह्माको जो एक दिन छ त्यसमा हजार चौकडी (सत्य , त्रेता, द्वापर ,कलि यी चार युगको एक चौकडी हुन्छ) युगतक अवधिवाला र रात्रीको पनि हजार चौकडी युगतक अवधिवाला जो पुरुष तत्वदेखि जान्दछन् ती योगीजन कालको तत्व जान्ने हुन् ।

अव्यक्ताद्व्यक्तय: सर्वा : प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

भा.टी.- यस निमित्त ती यो पनि जान्दछन् कि सम्पूर्ण दृश्यमात्र भूतगण ब्रह्मका दिनको प्रवेशकालमा अव्यक्तदेखि अर्थात ब्रह्माको शूक्ष्म शरीरबाट उत्पन्न हुन्छन् । फेरि ब्रह्मका रात्रीका प्रवेशकालमा त्यस अव्यक्त नामक ब्रह्माका शूक्ष्म शरीर मै गएर लय हुन्छन् ।

भूतग्राम: स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवश: पार्थ प्रभवत्यहरागमे ॥१९॥

भा.टी.- त्यही यो भूत समूदायमा उत्पन्न भैकन , प्रकृतिका वशमा भएर रात्रीका प्रवेशकालमा लय हुन्छ, अनि दिनको प्रवेशकालसा फेरि उत्पन्न हुन्छ , हे अर्जुन ! यस प्रकार ब्रह्माको एक सय बर्ष पूर्ण भएपछि आफ्नो लोक सहित ब्रह्मा पनि शान्त हुन्छन् ।

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातन: ।
य: स सर्वेषु भूतेयु नश्यत्सु न विनश्यती ॥२०॥

भा.टी.- तर त्यो अव्यक्त देखि पनि अति पर दोस्रा अर्थात विलक्षण जो सनातन अव्यक्त भाव छ । त्यो सच्चिदानन्दघन पूर्णब्रह्म परमात्मा सबै भूतहरु नष्ट भए पनि नंष्ट हुँदैन ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतीम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

भा.टी.- अरु जो त्यो अव्यक्त , अक्षर यस्तो भनिएको छ , त्यसै अक्षर नामक अव्यक्त भावलाई परम गति भनिन्छन्, अनि जुन सनातन अव्यक्त भावमा प्राप्त भएर मनुष्य फेरि पछि आउँदैनन् , त्यो मेरो परमधाम हो ।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

भा.टी.- अरु हे पार्थ ! जुन परमात्माका अन्तर्गत सबै भूत छन् , फेरि जस सच्चिदानन्दघन परमात्मादेखि यो सबै जगत परिपूर्ण छ , त्यो सनातन अव्यक्त परम पुरुष अनन्य भक्तिले प्राप्त हुन योग्य छन् ।

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

भा.टी.- अनि फेरि हे अर्जुन ! जुन कालमा शरीर त्याग गरेर गएका योगीजन फेरि पछि नआउनेवाला गतिमा र फेरि पछि आउनेवाला गतिमा पनि प्राप्त हुन्छन् । त्यस काललाई अर्थात मार्गलाई भन्छु ।

अग्निर्ज्योतीरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

भा.टी.- ती दुई प्रकारका बाटोदेखि जुन मार्गमा ज्योतिर्मय अग्नि अभिमानी देवता छन् , अरु दिनका अभिमानी देवता छन् , शूक्लपक्षका अभिमानी देवता छन् , फेरि उत्तरायणका छ महिनाका अभिमानी देवता छन्, त्यस मार्गमा मरेर गएका ब्रह्मवेत्ता योगीजन (उपरोक्त देवताहरुद्वार क्रमैले लगिएका) ब्रह्ममा प्राप्त छन् ।

धुमोरात्रिस्तथाकृष्णःषण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसंज्योतीर्योगी प्राप्य निवर्तते ॥२५॥

भा.टी.- अनि जुन मार्गमा धूमाभिमानी देवता छन् , अरु रात्री अभिमानी देवता छन् , दक्षिणायनका छ महिनाका अभिमानी देवता छन् , त्यस मार्गमा सकाम कर्मयोगीजन (उपरोक्त देवताद्वारा कमैले लिएर गएका) चन्द्रमाका ज्योतीमा प्राप्त भएर स्वर्गलोकका आफ्नो शुभाशुभ कर्महरुको फल भोगेर फेरि पछि आउँछन् ।

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

भा.टी.- किनभने जगतको यो दुई प्रकारको शुक्ल र कृष्ण अर्थात देवयान र पितृयान मार्ग सनातन मानेको छ , यिनमा एकद्वारा गएका पछि आउनेवाला परमगतीमा प्राप्त हुन्छन् , फेरि दोस्राद्वारा गएका पछि आउछन् , अर्थात जन्म मृत्युमा प्राप्त हुन्छन् ।

नैते सृती पार्थ जानन् योगी मुह्यती कश्चन ।
तस्मात् सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

भा.टी.- हे पार्थ ! (यस्ता प्रकारले) यी दुवै मार्गहरुमा तत्व सहितले जानेर कोही पनि योगीजन मोहित हुँदैनन् । यसकारण हे अर्जुन ! तिमी सबै कालमा समत्व बुद्धिरुपी योगले युक्त हौ, अर्थात निरन्तर मेरा प्राप्तिका लागि साधन गर्नेवाला हौ ।

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येती तत्सर्वमिदं विदित्वा
योगी परं स्तानमुपैती चाद्यम् ॥२८॥

भा.टी.- किनभने योगी पुरुष यस रहस्यलाई तत्वले जानेर , वेदादि पढ्न र फेरि यज्ञ, तप तथा दानादि गर्नमा जो पूण्यफल भनिएको छ , त्यो सबैको निःसन्देह उल्लङ्घन गरेर जान्छ । फेरि सनातन परमपदमा प्राप्त हुन्छ ।

ॐ तत्सदित्ति श्रीमदभागवद्गतीसूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे ज्ञानविज्ञानयोगो नाम अष्टमोऽध्यायः ॥८॥

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

नवौं अध्यायः

भगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

भा.टी.-त्यहाँ उप्रान्त श्रीकृष्ण आज्ञा गर्नुहुन्छ , हे अर्जुन ! तिमी दोषदृष्टीरहित भक्तका लागि यस परमगोपनीय ज्ञानलाई रहस्य सहित भन्छु कि जसलाई जानेर तिमी यो दुःखरुपी भावसागर देखि मुक्त हुनेछौ ।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

भा.टी.- यो ज्ञान सबै विद्याहरुको राजा तथा सबै गोपनीयको पनि राजा र अति पवित्र उत्तम प्रत्यक्ष फलवाला एवं धर्मसुक्त हो, साधन गर्नलाई बडो सुगम र अविनाशी हो ।

अश्रद्धानाः पुरुषा धर्मस्यास्य परंतप ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

भा.टी.- अनि हे परंतप ! यो तत्वज्ञानरुपी धर्ममा श्रद्धारहित पुरुष ममा प्राप्त नभएर मृत्युरुपी संसारको चक्रमा भ्रमण गर्दछन् ।

मया ततमिदं सर्व जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्यवस्थितः ॥४॥

भा.टी.- अरु हे अर्जुन ! म सच्चिदानन्दघन परमात्मादेखि यो सबै जगत (पानी देखि हिऊँ जसरी पूर्ण हुनेछ) उस्तै परिपूर्ण छ । अरु सबै भूतहरु मेरै अन्तर्गत संकल्पका आधारमा स्थित छन् (यस निमित्त) वास्तवमा म तिनमा स्थित छैन ।

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

भा.टी.- अरु ति सबै भूत ममा स्थित छैनन् , परन्तु मेरी योगमायाको प्रभाव हेर , सम्पूर्ण भूतहरुलाई धारण, पोषण गर्ने र भूतहरुको उत्पत्ति गर्ने पनि मेरा आत्मा वास्तवमा भूतहरुमा स्थित छैन अर्थात बसेको छैन ।

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

भा.टी.- किनकि जस्तै (आकाशबाट उत्पन्न भएको) सर्वत्र विचर्ने महान वायु सधै आकाशमा स्थित छ , उस्तै मेरा संकल्पद्वारा उत्पत्ति हुनाले सम्पूर्ण भूत ममा स्थित छन् भन्ने यस्तो जान ।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

भा.टी.- हे अर्जुन ! कल्पका अन्तमा सबै भूत मेरो प्रकृतिमा प्राप्त हुन्छन्, अर्थात प्रकृतिमा लय हुन्छन् । फेरि कल्पका आदिमा तिनको म फेरि रचना गर्छु ।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

भा.टी.- कसरी भने आफ्नो त्रिगुणमयी मायालाई अंगिकार गरेर स्वभावले परतन्त्र भएका यी सम्पूर्ण भूत समुदायलाई बारम्बार (तिनका कर्म अनुसार) रचना गर्छु ।

न च मां तानि कर्माणि निबध्नवन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

भा.टी.- हे अर्जुन ! ति कर्ममा आसक्तिरहित र उदासिनका (समभाव) सदृश स्थित भएका म परमात्मालाई ति कर्मले कहिले पनि बाँध्दैनन् ।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

भा.टी.- अनि हे अर्जुन ! मेरो अध्यक्षतामा यि मेरी माया चराचर सहित सर्वजगतको रचना गर्दछिन् । फेरि यस (माथि भनिएका) हेतुले नै यो संसार आवागमनरुपी चकमा घुम्दछ ।

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

भा.टी.- यस्तो हुनाले पनि सम्पूर्ण भूतहरुमा महान ईश्वररुप मेरा परम भावलाई नजान्ने मूर्खहरु मनुष्यको शरीर धारण गर्ने म परमात्मालाई तुच्छ सम्झन्छ । अर्थात् आफ्नी योगमायाले संसारको उद्धार गर्नका लागि मनुष्यहरुमा विचरेको साधारण मनुष्यहरु ठान्दछन् ।

मोघाशा मोघमकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

भा.टी.- जो कि व्यर्थ आशा , व्यर्थ कर्म र व्यर्थ ज्ञानवाला अज्ञानी जुन राक्षसहरु र असुरहरुका जस्तो मोहित गर्ने स्वभावलाई नै धारण गरेका छन् ।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्मनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

भा.टी.- तर हे कुन्तीपुत्र ! दैवी प्रकृतिमा आश्रित भएका जो महात्माजन छन् , ति त मलाई सबै भूतादिका सनातन कारण र नाशरहित अक्षर स्वरुप जानेर अनन्य मनले युक्त भई निरन्तर मेरो भजन गर्दछन् ।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

भा.टी.- फेरि ति दृढ चित्तवाला भक्तजन निरन्तर मेरा नाम र गुणहरुको कीर्तन गरेर (मेरा प्राप्तिका निमित्त) प्रयत्न गर्दै फेरि मलाई बारम्बार प्रणाम गरी सदा मेरो ध्यानमा युक्त भएर अनन्यभक्तिले मेरो उपासना गर्दछन् ।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

भा.टी.- तिनमा कोही त म विराट् स्वरुप परमात्मालाई ज्ञानद्वारा पूजन गरे एकत्व भावले अर्थात जे पनि छ सबै वासुदेवै मात्र हुन् , यस भावले उपासना गर्दछन् । फेरि दोस्रा पृथक् भावले अर्थात स्वामी सेवकका भावले र कोही कोही अनेक प्रकारले अपासना गर्दछन् ।

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

भा.टी.- किनभने कर्तु अर्थात श्रौतकर्म मै हूँ ,यज्ञ अर्थात पञ्च महायज्ञादिक स्मार्त कर्म मै हूँ , स्वधा अर्थात पितृहरुका निमित्त दिइने अन्न मै हूँ , औषधि अर्थात सबै वनस्पति पनि मै हूँ , फेरि मन्त्र मै हूँ, घिउ मै हूँ , अग्नि मै हूँ , अरु हवनरुपी किया पनि मै हुँ।

पितामहस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ॥१७॥

भा.टी.- अनि फेरि हे अर्जुन ! मै यो सम्पूर्ण जगतको धाता अर्थात धारण गर्ने र सम्पूर्ण कर्महरुको फल दिने अनि पिता माता र पितामह हूँ । अरु जान्नलाई योग्य पवित्र ॐकार र अरु ऋग्वेद , सामवेद र यजुर्वेद मै हूँ ।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणां सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

भा.टी.- हे अर्जुन ! प्राप्त हुन योग्य र भरण पोषण गर्ने , सबैका स्वामी , शुभाशुभ देख्ने , सबैका वासस्थान र शरण लिन योग्य एवं प्रति उपकार नचाहेर हित गर्ने, अरु उत्पति प्रलयरुप सबैको आधार निधान र अरु अविनाशी कारण पनि मै हूँ ।

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

भा.टी.- फेरि मै सूर्य रुप भएर तप्तछु , अरु बर्षा (पानी) लाई आकर्षण गर्दछु , फेरि बर्षाउँछु , अरु हे अर्जुन ! मै अमृत र सत्य एवं सत् र असत् पनि सबै मै हूँ ।

त्रैविद्या मां सोमपाः पूतपापा
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोकमश्नन्ति
दिव्यान्दिवि देवभोगन् ॥२०॥

भा.टी.- तर जो तीनै वेदहरुले विधान गरिएका सकाम कर्म गर्ने र सोमरसलाई पिउने एवं पापदेखि पवित्र भएका पुरुष मलाई

यज्ञद्वारा पूजेर स्वर्ग प्राप्तिको चाहना गर्दछन् , ती पुरुष आफ्ना पूण्य फल रुप ईन्द्रलोकमा प्राप्त भएर स्वर्गमा दिव्य देवताहरुको भोग भोग्दछन् ।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्ममनुप्रपन्ना
गतागतं कामकामा लभन्ते ॥२१॥

भा.टी.- अरु ति विशाल स्वर्गलोकको भोग गरेर पूण्य क्षीण भएपछि मृत्युलोकमा प्राप्त हुन्छन् । यसै प्रकार स्वर्गका साधनरुपी तीन वेदहरुमा भनिएका सकाम कर्मका शरण भएर भोगादिका कामनावाला पुरुष बारम्बार जान आउनमा प्राप्त हुन्छ । अर्थात पूण्यको प्रभावले स्वर्गलोकमा जान्छन् । अनि पूण्यको क्षीण भए पछि मृत्युलोकमा आउँछन् ।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

भा.टी.- फेरि जो अनन्य भावले मैमा स्थित भएका भक्तजनहरु मै परमेश्वरलाई निरन्तर चिन्तन गरेर निष्काम भावले भजन गर्दछन् भने ति नित्य एकै भावले मैमा स्थित पुरुषहरुको योग क्षेम म स्वयं प्राप्त गरिदिन्छु ।

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

भा.टी.- हे अर्जुन ! यद्यपि श्रद्धाले युक्त भएका जो सकामी भक्त दोस्रा देवताको पूजन गर्दछन् ति पनि , मेरै पूजन गर्दछन् (तर तिनको त्यो पूजन) अविधि पूर्वक मेरै हो , अर्थात अज्ञान युक्त पूजन गर्दछन् ।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥

भा.टी.- किनभने सम्पूर्ण यज्ञहरुको भोक्ता र स्वामी मै हूँ , तर ति म अधियज्ञ स्वरुप परमेश्वरलाई तत्व देखि जान्दैनन् , यसैले गिर्दछन् अर्थात पुर्नजन्ममा प्राप्त हुन्छन् ।

यान्ति देवव्रता देवान् पितृन्यन्ति पितृव्रताः ।
भूतानियान्तिभूतेज्यायान्तिमद्याजिनोऽपि माम् ।२५॥

भा.टी.- कारण यो नियम छ कि देवताहरुलाई पूजन गर्नेवाला देवताहरुमा प्राप्त हुन्छन् , पितृहरुलाई पूजनेवाला पितृमै गएर मिल्छन् , भूतहरुलाई पूजनेवाला भूतमै गएर मिल्दछन् , अरु मेरा भक्तहरु मैमा मिल्दछन् । यस निमित्त मेरा भक्तहरुको पुनर्जन्म हुँदैन ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

भा.टी.- हे अजुन ! मेरो पूजन गर्नमा यो सुगमता पनि छ कि पत्र , पुष्प , फल , जल आदि जो कोही पनि भक्त मेरा लागि प्रेमले अर्पण गर्दछ , त्यो शुद्ध बुद्धि निष्काम प्रेमी भक्तिले प्रेम पूर्वक

अर्पण गरेका ति पत्र पुष्पादिक म सगुण स्वरुपले प्रकट भएर अत्यन्त प्रेम पूर्वक ग्रहण गर्दछु , अर्थात खान्छु ।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

भा.टी.- यस निमित्त हे कुन्तीपुत्र ! तिमी जो कर्म गर्छौ, जो कुछ खान्छौ , जो कुछ हवन गर्छौ , जो कुछ दान दिन्छौ , जो कुछ स्वधर्माचरणरुप तपस्या गर्दछौ , त्यो सबै ममा अर्पण गर ।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

भा.टी.- यस्ता प्रकारले कर्महरुलाई ममा अर्पण गर्नुरुपी सन्यासयोगले युक्त भएका मनवाला तिमी शुभाशुभ फलरुपी कर्मबन्धन देखि मुक्त हुनेछौ , फेरि तिनदेखि मुक्त भएर मैमा प्राप्त होला ।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम्
॥२९॥

भा.टी.- यद्यपि म सबै भूतहरुमा समभावले व्यापक छु , न कोही मेरा अप्रिय छ , न कोहि प्रियै छ , तर जो भक्त मेरो प्रेमले भजन गर्छ , त्यो ममा र म उसमा प्रत्यक्ष प्रकट भएर सदा सर्वदा सामुन्ने रहन्छु ।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

भा.टी.- फेरि अरु पनि मेरा भक्तिको प्रभाव सुन , यदि कोहि अतिशय दुराचारीले पनि अनन्य भावले मेरा भक्त भएर निरन्तर मेरा भजन गर्दछ भने त्यो साधुनै मान्न योग्य हुन्छन् किनभने त्यो यथार्थ निश्चयवाला हो, अर्थात त्यसले राम्रा प्रकारसँग निश्चय गऱ्यो कि परमेश्वरको भजन समान अरुकेहि पनि छैन ।

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

भा.टी.- यस निमित्त त्यो शिघ्रै धर्मात्मा भै जान्छ । हे अर्जुन ! तिमी निश्चयपूर्वक सत्य जान कि मेरो भक्त नष्ट हुँदैन ।

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शुद्रास्तेऽपि यान्ति परां गतिम्
॥३२॥

भा.टी.- किनकि हे अर्जून ! स्त्री , वैश्य र शुद्रादिक तथा पापयोनीवाला पनि जो कोही हुन् मेरा शरणमा परेर परम गतिमा नै प्राप्त हुन्छन् ।

किं पुनब्रा्हृमणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं भजस्व माम् ॥३३॥

भा.टी.- फेरि भन्नै के रहयो र पूण्यशील ब्राह्मणहरु र फेरि राजर्षि भक्तजन परम गतिमा प्राप्त हुन्छन् । यस निमित्त तिमी सुखरहित र क्षणभङ्गुर यस मानव शरीरमा प्राप्त भएर निरन्तर मेरै भजन गर , अर्थात यो मनुष्य शरीर बडो दुर्लभ हो , तर नाशवान र सुखरहित छ , यस निमित्त कालको भरोसा न गरेर अर्थात अज्ञानले सुखरुप भासनेवाला विषय भोगमा नफसेर निरन्तर मेरै भजन गर ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

भा.टी.- केवल म सच्चिदानन्दघन वासुदेव परमात्मामै अनन्य प्रेमले नित्य निरन्तर अचल हौ , अनि म परमेश्वरको नै श्रद्धा प्रेम सहित निष्कामभावले नाम , गुण र प्रभावका श्रवण , कीर्तन , मनन , पठन , पाठनद्वारा निरन्तर भजन गर्ने हौ । फेरि मेरा (शंख , चक , गधा ,पद्य र किरीट कुण्डल आदि भुषणादिहरुले युक्त पिताम्बर वनमाला र कौस्तुभ मणिधारी विष्णुलाई) मन वाणी र शरीरद्वारा सर्वस्व अर्पण गरेर अतिशय श्रद्धा भक्ति प्रेमले पूजन गर्ने हौ , अनि सर्वशक्तिमान् विभूति , बल , ऐश्वर्य , मधुर्य , गम्भीरता, उदारता , वात्सल्य र सुहृदता आदि गुणहरुले सम्पन्न सबैको अश्रयरुपी वासुदेवलाई विनयभाव पूर्वक भक्तिसहित साष्टाङ्ग दण्डवत प्रणाम गर , यस प्रकार मेरा शरण भएका तिमीले आत्मालाई एकै भाव गरेर मैमा हुनेछौ ।

ॐ तत्सदिति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे राजविद्याराजगुह्ययोगो नाम नवमोऽध्यायः ॥९॥

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

दशमोऽध्यायः

भगवनुवाच

भूय एव महाबाहो श्रृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

भा.टी.- भगवान श्रीकृष्ण आज्ञा गर्नु हुन्छ ,हे महाबाहो ! फेरि पनि मेरो परम रहस्य र प्रभाव युक्त वचन सुन , जसमा कि मेरो तिमी अतिशय प्रेम राख्नका लागि हितका इच्छाले भन्छु ।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वश ॥२॥

भा.टी.- हे अर्जुन ! मेरा उत्पत्तिको अर्थात विभूति सहितका लीलाले प्रकट भएको न त देवताहरु जान्दछन् फेरि न महर्षिहरुनै जान्दछन् । किनभने म सबै प्रकारबाट र देवताहरको र महर्षिहरुको पनि आदि कारण हूँ ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असंमूढःस मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

भा.टी.- अनि मलाई जो अजन्मा अर्थात् वास्तवमा जन्मदेखि रहित र अनादि तथा लोकादिका महान् ईश्वर भन्ने तत्वज्ञानदेखि जान्दछन् , त्यो मनुष्यहरुमा ज्ञानवान पुरुष सम्पूर्ण पापहरुदेखि मुक्त भै जान्छ ।

बुद्धिर्ज्ञानमसंमोह क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥

भा.टी.- हे अर्जुन ! निश्चय गर्नको शक्ति अनि तत्वज्ञान र अमूढता क्षमा सत्य फेरि इन्द्रियहरुलाई वशमा गर्नु , अनि मनको निग्रह तथा सुख दुःख उत्पत्ति र अनि प्रलय एवं भय र अभय आदिहरु पनि ।

अहिंसा समता तुष्टिस्तपो दानं यशोयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

भा.टी.- अनि अहिंसा, समता, सन्तोष, तप, दान, कीर्ति र अपकीर्ति यस्तै यो प्राणीहरुमा नाना प्रकारका भावहरु म देखिनै हुन्छन् ।

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाःप्रज्ञाः ॥६॥

भा.टी.- अरु फेरि हे अर्जुन ! सात जना महर्षि जन र अरु चार तिनको पनि पूर्वमा हुनेवाला सनकादि तथा स्वयं भूव आदि चौध मनु यति यी मेरा भाववाला मेरा संकल्पदेखि उत्पन्न भएका हुन , जसमा कि जसका संसारमा यी प्रजाहरु छन् ,

येतां विभूतिं योगं त मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

भा.टी.- अरु जो पुरुष यो मेरा परमैश्वर्य रुप विभूतिलाई योग शक्ति र तत्वदेखि जान्दछन् । त्यो पुरुष निश्चल ध्यान योग द्वारा ममा एकै भावले स्थित हुन्छ , यसमा कति पनि संशय छैन ।

अहं सर्वस्य प्रभवो मत्तः सर्व प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

भा.टी.- म वासुदेव नै सम्पूर्ण जगतको उत्पतिको कारण हूँ , अरु म देखि सबै जगत् चेष्टा गर्दछन् । यस प्रकार तत्व सहितले सम्झेर श्रद्धा र भक्तिले युक्त भै बुद्धिमान् भक्तजन म परमेश्वरलाई नै निरन्तर भजन गर्दछन् ।

मच्चित्ता मद्‌गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

भा.टी.- अरु ती निरन्तर ममा मन लगाउने र ममा नै प्राण सहित अर्पण गर्ने भक्तजन सदा नै मेरा भक्तिका चर्चाद्वारा आपसमा मेरा प्रभावलाई बुझाउदै तथा मेरा गुण प्रभावको कथन गर्दा नै सन्तुष्ट हुन्छन् । फेरि म वासुदेवमा नै निरन्तर रमण गर्दछन् ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

भा.टी.- ति निरन्तर ममा ध्यान लगाउने र प्रीतिपूर्वक भजन गर्ने भक्तहरुलाई मै त्यो तत्वज्ञानरुपी योग दिन्छु , जसले ति मैमा प्राप्त हुन्छन् अर्थात मिल्दछन् ।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

भा.टी.- हे अर्जुन ! तिनका उपर अनुग्रह गर्नका लागि नै म स्वयं तिनका अन्तःकरणमा एकै भावले स्थित भएर अज्ञानले उत्पन्न भएका अन्धकारलाई प्रकाशमय तत्वज्ञानरुप दीपकद्वारा नष्ट गरिदिन्छु ।

<u>अर्जुनवाच</u>

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥
आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलोव्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

भा.टी.- यस्ता प्रकारका भगवानका वचन सुनेर अर्जुनजी विन्ती गर्नु हुन्छ कि हे भगवान ! तपाई परब्रह्म र परमधाम एवं परम पवित्र हुनुहुन्छ , किन भने तपाईलाई सब ऋषिजन सनातन दिव्य पुरुष र अनि देवताका पनि आदिदेव अजन्मा सर्वव्यपी भन्छन् , उस्तै नै फेरि देवऋषि नारद तथा असित र देवल ऋषि अनि महर्षि व्यास र स्वयं तपाई पनि मेरा सामुन्ने यो बात भन्नु हुन्छ ।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

भा.टी.- हे केशव ! जो कुछ पनि मेरा प्रति तपाई भन्नु हुन्छ यो सम्पूर्णलाई म सत्य मान्दछु । हे भगवान ! हजुरका लिलामय स्वरुपलाई न दानव जान्दछन् न देवतहरु नै जान्दछन् ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भुतभावन भुतेश देवदेव जगत्पते ॥१५॥

भा.टी.- हे भूतहरुलाई उत्पन्न गर्ने ! हे भूतहरुका ईश्वर ! हे देवताका पनि देव ! हे जगतका स्वमी ! हे पुरुषोत्तम ! तपाई स्वयं नै आफैं जान्नु हुन्छ ।

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

भा.टी.- यस निमित्त हे भगवान ! तपाई नै ति आफ्ना दिव्य विभूतिहरुलाई सम्पूर्णताले भन्नलाई योग्य हुनुहुन्छ, कि जुन विभूतिहरुद्वारा यी सम्पूर्ण लोका लोकलाई व्याप्त गरेर स्थित हुनुहुन्छ ।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

भा.टी.- हे योगेश्वर ! म कुन प्रकारले निरन्तर चिन्तन गरेर हजुरलाई जानौं , अरु फेरि हे भगवान ! तपाई कुन कुन भावमा मद्वारा चिन्तन गर्न योग्य हुनुहुन्छ अर्थात हजुरलाई मैले कुन कुन भाव , वस्तुमा सम्झने ।

विस्तरेणात्मने योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्तिमेऽमृतम् ॥१८॥

भा.टी.- अनि हे जनार्दन ! आफ्नी योगशक्तिलाई र परमैश्वर्य विभूतिलाई फेरि पनि विस्तार पूर्वकले मेरा सामुन्ने भन्नु होस् । किनभने तपाईका अमृतरुपी वचन सुनेर पनि मेरो तृप्ति हुँदैन अर्थात सुन्नाको उत्कण्ठा अझै पनि बनिरहेको छ ।

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरुश्रेण्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर श्रीकृष्ण भगवान आज्ञा गर्नु हुन्छ , हे कुरुश्रेष्ठ ! अब म तिम्रा लागि आफ्ना दिव्य विभूतिहरुलाई प्रधानताले भन्छु , किनभने मेरो विस्तारको अन्त छैन ।

अहमात्मा गुडाकेश सर्वभुताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

भा.टी.- हे अर्जुन ! म सबै भूतहरुका हृदयमा स्थित सबैको आत्मा हूँ तथा सम्पूर्ण भूतहरुको आदि , मध्य र अन्त पनि मै हूँ ।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

भा.टी.- हे अर्जुन ! म अदितिका बाह्र पुत्रमा विष्णु अर्थात बामन अवतार र ज्योतिहरुमा किरणवाला सूर्य हूँ ।अनि फेरि म उन्नाचास वायुहरुमा मरीचि नाम गरेको वायु हूँ, नक्षत्रहरुमा नक्षत्रहरुको अधिपति चन्द्रमा पनि मै हूँ ।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

भा.टी.- अनि फेरि म वेदहरुमा साम वेद हूँ , देवताहरुमा इन्द्र हूँ , अरु इन्द्रियहरुमा मन हूँ , भूतप्राणीहरुका मध्यमा चेतना अर्थात ज्ञानशक्ति हूँ ।

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
बसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥

भा.टी.- फेरि म एकादश रुद्रहरुमा शंकर हूँ । अरु यक्ष र रक्षसहरुमा धनको स्वमी कुबेर हूँ , फेरि म अष्ट बसुहरुमा अग्नि हूँ , शिखरवाला पर्वतहरुमा म स्वर्णमय पर्वत हूँ ।

पुरोधसां च मुख्य मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

भा.टी.- पुरोहितहरुमा मुख्य अर्थात देवताहरुको पुरोहित बृहस्पति भनेर मलाई जान । फेरि हे पार्थ ! म सेनापतिहरु मध्यमा स्कन्द (स्वमी कार्तिक) र जलाशयहरुमा म समुद्र पनि मै हूँ ।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

भा.टी.- अनि हे अर्जुन ! म महर्षिहरुमा भृगु र वचनहरुमा एक अक्षर अर्थात ॐकार मै हूँ , सबै प्रकारका यज्ञहरुमा जपयज्ञ र स्थिर भएका स्थावर मध्यमा हिमालय पर्वत पनि मै हूँ ।

अशवत्थ सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गनधर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनि ॥२६॥

भा.टी.- सबै वृक्षहरुमा पीपलको वृक्ष र देवर्षिहरुमा नारद मुनि मै हूँ, गन्धर्वहरुमा चित्ररथ नाम गरेको गन्धर्व र सिद्धहरुमा कपिल मुनि भनेको मै हूँ ।

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

भा.टी.- अरु फेरि हे अर्जुन ! तिमी यो पनि जान कि घोडाहरुमा अमृत देखि उत्पन्न हुने उच्चैःश्रवा नाम गरेको र हात्तीहरुमा

ऐरावत नाम गरेको हात्ती तथा मनुष्यहरुमा राजा भन्ने पनि मलाई नै जान ।

आयुधानामहं बज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

भा.टी.- हे अर्जुन ! मलाई शास्त्रहरुका मध्मा बज्र र गाईहरु मध्यमा कामधेनु नाम गरेको गाई जान , अरु (शास्त्रक्तरीतिले) सन्तान उत्पत्तिको हेतु कामदेव पनि मै हूँ । सर्पहरुमा सर्पराज वासुकी पनि मलाईनै जान ।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

भा.टी.- म नागहरुमा अनन्त (शेषनाग) र जलचरहरुमा (तिनको अधिपति) वरुण हूँ , अरु पितृहरुमा आर्यमा नाम गरेको र शासक अर्थात शासनगर्ने मा यमराज भन्ने पनि मलाई नै जान ।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

भा.टी.- अनि फेरी हे अर्जुन ! म दैत्यहरुमा प्रह्लाद र गन्ति गर्नेवालाहरुमा समय पनि मै हूँ तथा पशुहरुमा मृगराज (सिंह) र पंक्षिहरुका मध्यमा गरुड भन्ने पनि मलाई नै जान अर्थात मै हूँ।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्त्रोतसामस्मि जाह्नवी ॥३१॥

भा.टी.- फेरि म पवित्र गर्नेहरुमा वायु र शस्त्रधारीहरुमा राम हूँ, तथा मच्छाहरुका मध्यमा मगरमच्छ भन्ने पनि मै हूँ, अरु नदीहरुमा भागीरथी गङ्गा पनि मै हुँ ।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

भा.टी.-हे अर्जुन ! सृष्टिको आदि, अन्त र मध्य पनि मै हूँ, तथा म विद्याहरुका मध्यमा अध्यात्मविद्या अर्थात ब्रह्मविद्या र परस्परमा विवाद गर्नेहरुका मध्यमा तत्व निर्णयहरुका लागि गरिने वादविवाद पनि मै हूँ ।

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

भा.टी.- अनि फेरि म अक्षरहरुमा अकार र समासहरुमा द्वन्द नाम गरेको समास हूँ । तथा अक्षयकाल अर्थात कालको पनि काल महाकाल र विराट स्वरुप अर्थात सबैलाई धारण पोषण गर्ने पनि मै हूँ ।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

भा.टी.- हे अर्जुन ! म सबैलाई नाश गर्ने मृत्यु र अगाडि हुनेहरुका उत्पत्तिको कारण हूँ अनि श्रीहरुमा कीर्ति श्री वाक् स्मृति मेधा धृति र क्षमा पनि मै हूँ ।

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

भा.टी.- तथा म गायन गर्न योग्य श्रुतिहरुमा बृहत्साम र छन्दहरुका मध्यमा गायत्री छन्द हूँ । फेरि महिनाहरुमा मार्गशिर्ष नाम गरेको महिना र ऋतुहरुमा बीचमा बसन्त ऋतु पनि मलाई नै जान अर्थात मै हुँ ।

द्यूतं छलयतामस्मि तेजस्तेजस्तेस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

भा.टी.- हे अर्जुन ! म छल गर्नेमा जुवा र प्रभावशाली पुरुषहरुमा प्रभाव पनि मै हूँ तथा म जेता अर्थात जीत्नेवालाहरुको विजय हूँ , अरु निश्चय गर्नेवालाहरुको निश्चय एवं सात्विकीय पुरुषहरुको सात्विक भाव पनि मैं हूँ ।

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

भा.टी.- अरु फेरि वृष्णिवंशीहरुमा वासुदेव अर्थात स्वयं म तिम्रो साथी र पाण्डवहरुमा धनञ्जय अर्थात तिमी हूँ, मुनिहरुमा वेदव्यास र कविहरुमा शुकाचार्या कवि पनि स्वयं मैं हूँ ।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

भा.टी.- अरु दमन गर्नेहरुको दण्ड अर्थात दमन गर्ने शक्ति पनि मैं हूँ, जित्ने इच्छा गर्नेहरुको नीति हूँ, अरु गोपनीय भावहरुमा मौन (नबोल्नु)पनि मैं हूँ तथा ज्ञानवानहरुको तत्वज्ञान पनि मै हूँ।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

भा.टी.- हे अर्जुन ! जो सबै भूतहरुमा उत्पत्तिको कारण छ त्यो पनि सबै मैं हूँ, किनभने यस्तो त्यो चर अचर (कोही पनि) भूत छैन कि जो म देखि रहित होस् यस निमित्त सबै मेरै स्वरुप हुन् ।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥
भा.टी.- हे परमतप ! मेरा दिव्य विभूतिहरुको अन्त छैन । यो त मैले आफ्ना विभूतिहरुको विस्तार तिम्रा निमित्त एक देशले अर्थात संक्षेपले भनिदिए ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥

भा.टी.- यस निमित्त हे अर्जुन ! जो जो पनि विभूति युक्त अर्थात ऐश्वर्य युक्त एवं कान्तियुक्त र शक्तियुक्त वस्तु छन् तिनलाई तिमी मेरै तेजका अशं देखि उत्पन्न भएका जान ।

अथवा वहुनैते न किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

भा.टी.- हे अर्जुन ! यसलाई धेरै जान्नाले तिम्रो के प्रायोजन सिद्ध हुन्छ, र म यो सम्पूर्ण जगतलाई आफ्नी योगमायाका एकै अंश मात्रले धारण गरेर स्थित भएको छु , यस निमित्त मलाई नै तत्वदेखि जान्नु असल छ ।

ॐ तत्सदित्ति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे विभूतियोगो नाम दशमोऽध्याय: ॥१०॥



ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

एकादशोऽध्याय

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

भा.टी.- यस्ता प्रकारका वचन सुनेर अर्जुन बिन्ति गर्दछन कि हे भगवान ! मेरा उपरमा अनुग्रह गर्नका निमित्त अत्यन्त परम गोपनीय अध्यात्म विषयका बचन अर्थात् उपदेश हजुरद्वारा जो कहियो त्यसले मेरो यो अज्ञान नष्ट भयो ।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तारशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यपि चाव्ययम् ॥२॥

भा.टी.- किनभने हे कमलनेत्र ! मैले भूतहरुको उत्पत्ति र प्रलयको कथा हजुरदेखि विस्तार पूर्वक सुनिसकेको छु । फेरि हजुरको अविनाशी प्रभाव पनि सबै सुनिसकें ।

एवमेतद्यथात्थ त्वमात्मानं परमेशवरं ।
द्रष्टुमिच्छामि ते रुपमैश्वरं पुरुषोत्तम ॥३

भा.टी.- हे परमेश्वर ! हजुर आफुलाई जस्तो बताउनुहुन्छ , त्यो सबै ठिक यस्तै नै हो पुरुषोत्तम ! हजुरको ज्ञान, ऐश्वर्य, शक्ति,

बल, वीर्य र तेज युक्त रुपलाई म प्रत्यक्ष देख्न चाहन्छु अर्थात् ईच्छा गर्दछु ।

मान्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

भा.टी.- यस निमित्त हे प्रभो ! मैले त्यो हजुरको रुप देख्नको निमित्त शक्य छ , यस्तो यदि मान्नु हुन्छ भने त हे योगेश्वर ! हजुरले मेरा उपर करुणा गरेर आफ्ना अविनाशी स्वरुपको मलाई दर्शन गराउनुहोस् ।

भगवानुवाच

पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

भा.टी.- यस्ता प्रकारका अर्जुनले प्रार्थना गरेको सुनेर श्रीकृष्ण भगवान् आज्ञा गर्नहुन्छ कि हे पार्थ ! मेरा सैकडों तथा हजारौं नाना प्रकारका र नाना वर्णका आकृतिवाला अलौकिक रुपहरुलाई हेर ।

पश्यदित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

भा.टी.- अरु हे भरतवंशी अर्जुन ! ममा आदित्यहरु अर्थात् अदितिका द्वादश पुत्रहरुलाई र आठ वसुहरुलाई अनि दुबै अश्विनीकुमारहरु र उनान्चास मरुद्गणहरु अर्थात् वायुहरुलाई

हेर , फेरि अरु पनि धेरै नै पहिले नदेखेका आश्चर्यजनक रुपहरुलाई पनि हेर ।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्नुमिच्छसि ॥७॥

भा.टी.- अरु हे अर्जुन ! अब यस मेरा शरीरमा एकै ठाऊँमा स्थित भएको चराचर सहित सम्पूर्ण जगत हेर । अरु पनि देख्नको ईच्छा गर्छौ सो पनि हेर सम्पूर्ण हेर ।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

भा.टी.- तर मलाई मेरा विराटरुपलाई यो आफ्ना प्राकृत नेत्रहरुद्वारा निःसन्देह हेर्न समर्थ हुनेछैनौं । यस निमित्त म तिम्रा लागि दिव्य अर्थात् अलौकिक चक्षु (नेत्र) दिन्छु यसैले तिमी मेरो प्रभाव र योगशक्तिलाई हेर ।

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रुपमैश्वरम् ॥९॥

भा.टी.- तहाँ उप्रान्त महाराज धृतराष्ट्रका सामुन्ने सञ्जय भन्दछन्, राजन ! महायोगेश्वर सम्पूर्ण पापहरुलाई नाश गर्ने भगवान्‌ले यस्ता प्रकारले भनेर तहाँ उप्रान्त अर्जुनका निमित्तमा परम ऐश्वर्य युक्त दिव्य स्वरुपलाई देखाइ दिए ।

अनेकवक्त्रनयनमनेकाद्भूतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

भा.टी.-अरु त्यस अनेक प्रकारका मुख र नेत्रहरुले युक्त फेरि अनेक प्रकारका अदभूत दर्शनवाला एवं अनेक प्रकारका धैरै नै दिव्य विभूषणहरुले युक्त र अरु फेरि अनेक प्रकारका धेरै नै दिव्य शस्त्र अस्त्रादि हातमा उठाएर लिएका ।

दव्यमाल्यम्वरधरं दिव्यगन्धानुलेपनम् ॥
सवोश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

भा.टी.- तहाँ उप्रान्त दिव्य माला र वस्त्रहरु धारण गरेका अरु दिव्य गन्ध (चन्दन) को लेपन गरेका एवं सबै प्रकारका आश्चर्यादिले युक्त भएका सिमारहित विराटस्वरुप परमदेव परहेश्वरलाई अर्जुनले देखे ।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

भा.टी.- फेरि हे राजन् ! आकाशमा हजारौं सूर्यको एकै साथ उदय हुँदा जो प्रकाश हुन्छ, त्यो पनि त्यस विश्वरुप परमात्माका सद्दश कदाचितै मात्र होला अर्थात् त्यस्तो प्रकाश केहिको पनि हुनेछैन ।

तत्रैकस्थ जगतकृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

भा.टी.- यस्ता आश्चर्यमय रुपलाई देखि पाण्डुपुत्र अर्जुनले त्यस समयमा अनेक प्रकारले विभक्त भएको अर्थात् पृथक पृथक भएका सम्पूर्ण जगत्लाई त्यसै देवताहरुका पनि देवता भएका श्रीकृष्ण भगवानका शरीरमा एकै ठाउँमा स्थित भएका अर्थात बसेको देखे ।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

भा.टी.- तदनन्तर त्यस आश्चर्यले युक्त भएर हर्षित रोम भएका अर्जुनले विश्वरुप परमात्माको श्रद्धा भक्तिले युक्त भएर विन्ति गर्न लागे ।

अर्जुनउवाच

पश्यामि देवांस्तव देव देहे
सर्वास्तथा भूतविशेषसंघान् ।
ब्रह्माणमीशं कमलासनस्थमृषींश्च
सर्वानुरगांश्च दिव्यान् ॥१५॥

भा.टी.- हे देव ! हजुरका शरीरमा सम्पूर्ण देवताहरुलाई र अनि फेरि अनेक प्रकारका भूतहरुका समुदायहरुलाई अनि कमलका आसनमा विराजमान भएका ब्रह्माजीलाई तथा कैलाश पर्वतमा बसेका महादेवलाई र सम्पूर्ण ॠषिहरुलाई अनि दिव्य सर्पहरुलाई पनि देख्दैछु ।

अनेकाबाहूदरवक्त्रनेत्रं पश्यामि
त्वां सर्वतोऽनन्तरुपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरुप ।१६॥

भा.टी.- हे सम्पूर्ण विश्वका स्वामी ! हजुरलाई अनेक प्रकारका हात, पेट, मुख र नेत्रहरुले युक्त तथा सबै तर्फबाट देख्छु फेरि न मध्य र न आदि नै देख्तछु अर्थात् हजुरको आदि, अन्त्य र मध्य केहि पनि देख्दिन ।

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

भा.टी.- हे विष्णो ! हजुरलाई म मुकुट, गदा, र चकले युक्त तथा सर्व प्रकारबाट प्रकाशमान तेजको पुञ्ज, प्रज्वलित अग्नि, र सूर्यका सद्दश ज्योतियुक्त , हेर्नमा अत्यन्त गहन र अप्रमेय स्वरुप सबैतिरबाट देख्तछु ।

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातास्त्वं पूरुषो मतो मे ॥१८॥

भा.टी.- यस निमित्त हे भगवान् ! तपाइँ नै जान्नलाई योग्य भएका परम अक्षर हुनुहुन्छ , अर्थात् परब्रह्म परमात्मा हुनुहुन्छ , फेरि तपाइँनै यस जगतका परम आश्रय हुनुहुन्छ तथा हजुर नै आदि धर्मको रक्षक हुनुहुन्छ फेरि हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ भन्ने यस्तो मेरो मत छ अर्थात म यस्तो निश्चय गर्दछु ।

अनादिमध्यान्तमनन्तवीर्यमनन्तबाहुं
शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

भा.टी.- हे परमेश्वर ! म हजुरलाई आदि अन्त्य र मध्यदेखि रहित फेरि अनन्त सामर्थ्यले युक्त अरु अनन्त हातहरु भएको अनि चन्द्र सूर्यरुपी नेत्रहरुले शोभित भएको र प्रज्वलित अग्निरुपी मुख भएको तथा आफ्ना तेजले यस जगतलाई तपायमान गरेको देख्दछु ।

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रुपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

भा.टी.- हे महात्मा ! यो स्वर्ग र पृथ्वीको बिचको सम्पूर्ण आकाश र अनि सबै दिशाहरु एकै हजुरबाट नै परिपूर्ण छ, तथा हजुरका

यस अलौकिक र भयंकर रुपलाई देखेर तीनै लोक अत्यन्त व्यथित भै रहेको छ ।

अमी हि त्वां सुरसंघा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसंघाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

भा.टी.- अरु हे गोविन्द ! यी सबै देवताहरुका समूह तपाईमा नै प्रवेश गर्दैछन् अरु धेरै भयभीत भएर हात जोडी हजुरका नाम र गुणको उच्चारण गर्दछन् , फेरि महर्षि र सिद्धहरुको समूदाय कल्याण होस् भन्ने यस्तो कहेर अत्यन्त उत्तमोत्तम स्तोत्रहरुद्वारा हजुरको स्तुति गर्दछन् ।

रुद्रादित्य वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसंघा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

भा.टी.- हे परमेश्वर ! जो एकादशरुद्र र द्वादश आदित्य अर्थात् बाह्र सूर्य तथा आठ वसु र साध्यगण विश्वदेव तथा अश्विनीकुमार अरु मरुद्गण र पितृहरुका समूदाय तथा गन्धर्व, यक्ष, राक्षस र सिद्धगणहरुको समूदाय छन् ति सबै जना विस्मित भएर हजुरलाई हेर्दैछन् ।

रुपं महत्ते बहुवक्त्रनेत्रं
महावाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

भा.टी.- अरु फेरि हे महाबाहो ! हजुरका धेरै मुख र नेत्रहरु भएका अनि धेरै हात जंघा र पाउ भएको अरु धेरै पेट भएको तथा धेरै नै विकराल दुई दाह्रा भएको महान रुपलाई देखेर सबै आकुल व्याकुल भैरहेका छन् , त्यस्तै म पनि अत्यन्त व्याकुल भै रहेको छु ।

नभः स्पृशं दीप्तमनेकवर्ण
व्यात्तानन दीप्तविशालनेत्रम ॥
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं विष्णो ॥२४॥

भा.टी.- किनभने हे विष्णो ! आकाशलाई स्पर्श गर्ने देदीप्यमान अनेक रुपहरुले युक्त, फैलाएर मुख र अनि प्रकाशमान विशाल नेत्रहरुले युक्त भएका हजुरलाई देखेर भयभीत अन्तःकरण भएकोमा धीरज र शान्तिमा प्राप्त हुन सक्दिन ।

दंष्ट्रकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥

भा.टी.- हे भगवान ! हजुरका विकराल दाह्रा र प्रलयकालका अग्निका समान प्रज्वलित मुखहरुलाई देखेर दिशाहरु पनि जान्दिन अनि सुखमा पनि प्राप्त भएको छैन । यस निमित्त हे देवेश ! हे जगन्निवास ! हजुर प्रसन्न हुनुहोस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसंघैः ।
भष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

भा.टी.- अरु पनि म देख्दैछु कि ति सबै धृतराष्ट्रका पुत्र, राजाहरुका समूदाय सहित हजुरमा नै प्रवेश गर्दैछन् अरु भीष्मपितामह, द्रोणाचार्य तथा त्यो कर्ण र हाम्रा पक्षमा पनि प्रधान योद्धाहरु सहित सबका सब ।

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चुर्णितैरुक्त्माङ्गैः ॥२७॥

भा.टी.- वेग युक्त भएका हजुरका विकराल दाह्रायुक्त भयानक मुखमा प्रवेश गर्दैछन् । फेरि धेरै धुलो भएका शिरका सहित हजुरका दाँतहरुका वीचमा परेका अर्थात् दाह्राले थिचिएका देखिन्छन् ।

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

भा.टी.- हे विश्वमुर्ते ! जस्तै नदीहरुका धेरै जलका प्रवाह समुद्रकै सम्मुख दौडन्छन् अर्थात् समुद्रमै गएर प्रवेश गर्दछन् , उस्तै ति शूरवीर मनष्यहरुका समूदाय पनि हजुरका प्रज्वलित भएका मुखहरुमा प्रवेश गर्दैछन् ।

यथा प्रदीप्तं ज्वलनं पतंगाः
विशन्ति चाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोकास्तवापि
वक्त्राणि समृद्धवेगाः ॥२९।

भा.टी.- अथवा जस्तै पतंग(भुसुनाहरु) मोहका बसमा भएर नष्ट हुनका लागि प्रज्ज्वलित अग्नि (बत्ति) मा अत्यन्त बेगले प्रवेश गर्दछन् उस्तै नै यी सबैलोक पनि आफ्ना आशका लागि हजुरका मुखमा अत्यन्त वेगले प्रवेश गर्दैछन् ।

लेलिह्यसे ग्रसमानः
समन्ताल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णे ॥३०॥

भा.टी.- फेरि हजुर ति सम्पूर्ण लोकहरुलाई प्रज्ज्वलित मुखहरुद्वारा ग्रास गरेर सबै तर्फबाट चाटिरहनुभएको छ । हे विष्णो ! हजुर उग्र प्रकाशले सम्पूर्ण जगतलाई तेजद्वारा परिपूर्ण गरेर तपायमान गर्नुहुन्छ ।

आख्याहि मे को भवानुग्ररुपो
नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

भा.टी.- हे भगवान् ! कृपा गरेर मेरा प्रति भन्नुहोस कि हजुर उग्ररुप वाला हुनुहुन्छ , हे देवतामा श्रेष्ठ ! हजुरलाई नमस्कार छ , प्रसन्न हुनुहोस , अदित्यस्वरुप हजुरलाई म तत्वदेखि जान्न चाहन्छु अर्थात् हजुरलाई तत्व सहित म जान्नको ईच्छा गर्दछु किनभने हजुरको प्रकृतिलाई म जान्न सक्दिन ।

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका विन्ति सुनेर भगवान आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! म लोकहरुलाई नाश गर्न बढेको महाकाल हुँ , यस समयमा यो लोक नष्टगर्नका लागि प्रवृत्त भएको छु, यस

निमित्त जो प्रतिपक्षीहरुका सेनामा स्थित भएका योद्धाहरु छन् ति सबैविना पनि रहँदैनन् अर्थात् तिमीले युद्ध नगरे पनि यी सबैको नाश हुनेछ।

तस्मात्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रुन् भुङ्क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहितः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

भा.टी.- यस निमित्त तिमी उठ , खडा हौं , यश प्राप्त गर, शत्रुहरुलाई जितेर धनधान्यले सम्पन्न भएका राज्यको भोग गर । यी सबै शुरवीर पहिल्यै मद्वारा मारिएका छन् । हे सव्यसाचिन ! तिमी त केवल निमित्त मात्रै हौ ।

द्रोणं च भीष्मं च जयद्रथं च
कर्ण तथान्यानपि योधवीरान् ॥
मया हतांस्त्वं जहि मा व्यथिष्ठा युध्यस्व
जेतासि रणे सपत्नान् ॥३४॥

भा.टी.- फेरि यी द्रोणाचार्य र भीष्मपितामह तथा जयद्रथ , कर्ण र अरु अरु पनि धेरै मद्वारा मारिएका शूरवीर योद्धाहरुलाई तिमी मार , भय नगर, निःसन्देह तिमी युद्धमा बैरीहरुलाइृ जित्नेछौ यस निमित्त, युद्ध गर ।

सञ्जय उवाच:

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

भा.टी.- तहाँ उप्रान्त संजय भन्दछन् कि हे राजन् ! केशव भगवानका यस्ता वचन सुनेर मुकुटधारी अर्जुन हात जोडेर काम्दै नमस्कार गरेर फेरि पनि भयभीत भएर प्रणाम गरि भगवान श्रीकृष्णका सामुन्ने गद्गद् वाणीले बोले ।

अर्जुन उवाच:

स्थाने हृषिकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च ।
राक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसंघाः ॥३६॥

भा.टी.- हे अन्तर्यामी ! यो योग्य नै हो कि जो हजुरका नाम र प्रभावका कीर्तनले जगत अत्ति हर्षित हुन्छन् अरु अनुरागमा पनि प्राप्त हुन्छन् । फेरि भयभीत भएका राक्षसहरु पनि दिशाहरुमा भाग्दछन् अरु सबै सिद्धगणहरुका समूदाय नमस्कार गर्दछन् , अर्थात् स्तुति भक्ति आदि गर्दछन् ।

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।

अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

भा.टी.- हे महात्मन् ! ब्रह्माका पनि आदिकर्ता सबैभन्दा ठूला हजुरका लागि ति कसरी नमस्कार गर्दैनन्, किनभने हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! जो सत् असत् र तिनीहरुदेखि पर अक्षर अर्थात् सच्चिदानन्दघन ब्रह्म छ त्यो हजुरनै हुनुहुन्छ ।

त्वमादिदेवः पुरुषः पुराणस्त्वमस्य
विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरुप ॥३८॥

भा.टी.- हे प्रभो ! हजुर आदिदेव र सनातन पुरुष हुनुहुन्छ , हजुरै यस जगतको परम आश्रय र जान्नेवाला फेरि जान्नयोग्य अरु परमधाम हुनुहुन्छ , हे अनन्तरुप ! हजुरैदेखि यो सम्पुर्ण जगत व्याप्त छ अर्थात परिपूर्ण छ ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

भा.टी.- हे हरि ! हजुर वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा तथा प्रजाका स्वामी ब्रह्मा र ब्रह्माका पनि पिता हुनुहुन्छ । यस निमित्त हजुरलाई हजारौं बार नमस्कार छ, हजुरलाई फेरि पनि बारम्बार नमस्कारै नमस्कार छ ।

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

भा.टी.- हे अनन्त सामर्थ्यवाला ! हजुरलाई अगाडि र पछाडिदेखि पनि नमस्कार छ, हे सर्वात्मन् ! हजुरलाई सबैतिरबाट नमस्कार छ किनभने अनन्त पराक्रमशाली तपाईंले सबै संसारलाई व्याप्त गरेको छ यस निमित्त हजुरै सर्वस्वरुप हनुहुन्छ ।

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ॥४१॥

भा.टी.- हे परमेश्वर ! सखा (साथी) यस्तो मानेर तपाईका यस प्रभावलाई नजानी मद्वारा प्रेमले अथवा प्रमादपनाले (पागलपनले) पनि हे कृष्ण ! हे यादव ! हे सखे ! यस्ता प्रकारले जो हठपूर्वक भनियो ।

यच्चावहासार्थमसत्कृताऽसि
विहारशय्यासनभोजनेषु ।

एकाऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

भा.टी.- हे अच्युत जो तपाई हँसीका निमित्त विहार (खेलवाड) शैया(विस्तरा) आसन र भोजनादिहरुमा एक्लै अथवा ति सखा (साथी) हरुका सामुन्ने पनि अपमानित गरिनुहुन्छ त्यो सम्पूर्ण अपराध अप्रमेय रुष अर्थात् अचिन्त्य प्रभाववाला हजुरसँग म क्षमा याचना गर्दछु अर्थात् क्षमा माग्दछु ।

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुताऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

भा.टी.- हे विश्वेश्वर ! हजुरनै यो चराचर जगतका र गुरुका पनि बडा गुरु एवं अत्यन्त पुजनीय हुनुहुन्छ । हे अतिशय प्रभावशाली ! तीनै लोकमा हजुरका समान दोस्रो काही पनि छैन, फेरि यसदेखि बढ्ता कसरी हुन सक्छ ।

तस्मातत्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीडचम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

भा.टी.- त्यसकारण हे प्रभो ! म यो शरीरलाई राम्रा प्रकारले हजुरका चरणमा राखेर अनि प्रणाम गरेर स्तुति गर्न योग्य

हजुरलाई प्रसन्न गर्नका निमित्त प्रथाना गर्दछु, हे देव ! जस्तै पिता पुत्रलाई र सखा जस्तै साथीलाई अनि जस्तै पति प्रिय स्त्रीका अपराधलाई क्षमा गर्ने हुन्छन् , उस्तै हजुर पनि मेरा अपराधलाई सहन गर्नको निमित्त योग्य हुनुहुन्छ ।

अदृष्टपूर्व हृषिताऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देव रुपं
प्रसीद देवेश जगन्निवास ॥४५॥

भा.टी.- हे विश्वमुर्ते ! मैले पहिले नदेखेको आश्चर्यमय हजुरको यस रुपलाइृ देखेर हर्षित भैरहेको छु । अरु मेरो हृदय भय (डर) ले अत्यन्त व्याकुल पनि भै रहेको छ । यस निमित्त हे देव ! हजुरले यो आफ्नो चतुर्भुजी रुपलाई नै मेरा निमित्त देखाईदिनुहोस, हे देवेश ! हे जगन्निवास ! प्रसन्न हुनुहोस् ।

किरीटिनं गदिनं चक्रहस्तमिच्छामि
त्वां द्रष्टुमहं तथैव ।
तेनैव रुपेण चतुर्भुजेन
सहस्रबाहो भव विश्वमुर्ते ॥४६॥

भा.टी.- अनि फेरि हे विष्णो ! म उस्तैनै हजुरको मुकुट धारण गरेको तथा गदा र चक्र हातमा लिएको रुप हेर्नाको इच्छा गर्दछु । यस निमित्त हे विश्वरुप ! हे सहस्रबाहो ! हजुर उसै चतुर्भुजरुपले युक्त हुनुहोस् ।

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं
रुपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

भा.टी.- यस्ता प्रकार अर्जुनका प्रश्न सुनेर श्रीकृष्ण भगवान आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! प्रसन्नतापूर्वक मैले आफ्ना योगशक्तिका प्रभावले यो मेरो परम तेजोमय सबैको आदि र सीमारहित विराट् स्वरुप तिमीलाई देखाईदिएँ जो कि तिम्रा सिवाय दोस्रालाई पहिले देखाएको थिईन ।

न वेदयाज्ञाध्ययनैर्न दानैर्न
च कियाभिर्न तपोभिरुग्रैः ।
एवंरुपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

भा.टी.- हे कुरुवीर अर्जुन ! मनुष्यलोकमा यस्ता प्रकारले विश्वरुपवाला मलाई न वेद र यज्ञादिका अध्ययनले तथा न त दान गर्नाले न कियाहरुले फेरि न उग्र अर्थात अत्यन्त कठिन तपस्याले नै तिम्रा सिवाय दोस्राले देखिन शक्य छु अर्थात् यो मेरो विराटस्वरुप तिम्रा सिवाय अरुलाई देखाउन सक्दिन अर्थात देखाउँदिन ।

मा ते व्यथा मा त विमूढभावो
दृष्ट्वा रुप घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
